## प्रकाशनबारे जानकारी :

१. 'प्रहरी' २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६३ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोभै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिनेछ । यसको साथै यस पत्रिकामा कथा, कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४.रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख-जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट :www.nepalpolice.gov.np. nepol.cdमा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

\- प्रहरी द्वैमासिक


**सम्पर्क**

प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं

फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : २१३

ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com

वेबसाइट : www.nepalpolice.gov.np



ISSN 0266-1616


# प्रहरी PRAHARI


द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ

वर्ष ६४, अङ्क ३ भदौ-असोज २०७९








**चाडपर्व सुरक्षामा संलग्न नेपाल प्रहरी ।**

सुरक्षाको पहिलो घेरामा जिम्मेवारी ठानी,
निलो बर्दी लगाई तैनाथ हुन्छौं हामी ।
-नेपाल प्रहरी ।

म.अ.द.न. ६४/१५८

# प्रहरी

**द्वैमासिक प्रकाशन** वर्ष : ६४ अङ्क : ३ २०७९ भदौ-असोज

**प्रमुख सल्लाहकार**
प्र.ना.म.नि टेक प्रसाद राई

**सल्लाहकार**
प्र.उ.सविन प्रधान

**प्रधान सम्पादक**
प्र.ना.उ.चन्चला श्रेष्ठ

**सम्पादक**
प्र.नि.प्रशान्त श्रेष्ठ
प्र.व.ना.नि.सरस्वती बुढाथोकी

**कम्प्युटर**
प्र.नि. कल्पना अधिकारी
प्र.ना.नि. संगीता कार्की

**आवरण**
अनुराग

**प्रकाशक**
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।

सम्पादकीय . .

## प्रहरी दिवसको शुभकामना

असोज मसान्तको आगमनसँगै देशभरका सम्पूर्ण प्रहरी कार्यालयहरू र प्रहरी कर्मचारीहरूमा प्रहरी दिवसको रौनकले उत्साह छाएको छ । प्रहरी दिवसका दिन वर्षभरि गरिएका कामको मूल्याङ्कन तथा समीक्षा गरी आगामी वर्ष तय गरिने नयाँ कामको थालनी गरिने, विगतको अनुभवले संगठनलाई थप सशक्त भई राज्य तथा नागरिकको हितमा समर्पित हुन बाटो देखाउने र सदस्यहरूमा नयाँ उर्जा थप्ने भएकोले प्रहरी दिवस निकै महत्वपूर्ण मानिन्छ । नेपाल प्रहरीले वि.सं. २०५२ सालबाट प्रहरी दिवस मनाउने सिर्जनात्मक परम्पराको थालनी गरेको थियो । नेपाल प्रहरीले विधिवत वैधानिकता प्राप्त गरेको वि.सं. २०१२ साल असोज मसान्तको दिनमा प्रहरी दिवस मनाउने परम्पराको थालनी गरिए पश्चात विविध कार्यक्रमको आयोजना गरी प्रत्येक वर्ष मनाउदै आइरहेको छ । यसको निरन्तरतासँगै यस वर्ष नेपाल प्रहरीले ६७औं प्रहरी दिवस मनाउदैछ ।

तत्कालीन प्रहरी महानिरीक्षक मोतीलाल बोहरा इन्टरपोलको महासभामा सहभागी हुँदाको बखत विभिन्न देशका प्रहरी प्रमुखहरूले आ-आफ्नो देशमा प्रहरी दिवस मनाएको, प्रहरी स्मारक निर्माण गरी श्रद्धाञ्जली समारोहको आयोजना गर्ने गरेको जानकारी प्राप्त भएपछि नेपाल फर्किएर उहाँकै पहलमा गृह मन्त्रालयबाट प्रहरी दिवस मनाउन स्वीकृति

प्राप्त भएको देखिन्छ । प्रहरीको कर्तव्यपरायणताको गाथा र वीरताको इतिहासलाई जीवन्त राख्न र भावी पुस्ताको लागि एउटा प्रेरणाको स्रोतको रूपमा स्थापित गर्नका लागि अमर प्रहरीहरूको सम्मानमा प्रहरी स्मारकको निर्माण गरिएको, प्रत्येक वर्ष प्रहरी दिवसका दिन अमर प्रहरीहरूप्रति श्रद्धाञ्जली अर्पण गर्ने गरेको र विविध कार्यक्रमकासाथ प्रहरी दिवस मनाउदै आएको इतिहास छ । समयसापेक्ष विविध कार्यक्रमहरूले प्रहरी दिवसको गरिमालाई उँचो बनाएका छन् ।

मुलुक समृद्धि र समुन्नतिको रेखा कोर्दै अगाडि बढिरहेको छ । आपसी एकता र सहिष्णुता कायम राख्न तल्लीन छ । राष्ट्र निर्माणको यस महत्वपूर्ण क्षणमा नेपाल प्रहरी आफ्नो तर्फबाट हरेक परिवर्तनलाई आत्मासात गर्दै सामाजिक रूपान्तरण र दिगो शान्ति कायम राख्न सदैव तत्पर रहेको छ । समाजमा कुनै पनि प्रकारका गैरकानुनी क्रियाकलाप एवं अवाञ्छित गतिविधि नियन्त्रण र निस्तेज गरी कानूनी राज्यको प्रवर्द्धन, मानवअधिकारको संरक्षण, दण्डहिनताको अन्त्य गर्न नेपाल प्रहरी सदैव प्रतिबद्ध छ । पूर्वाधार विकास, संरचना निर्माण, साधनस्रोतको व्यवस्थापन र तिनको उचित प्रयोग, सूचना प्रविधि र अपराध अनुसन्धानको क्षमता अभिवृद्धिमा नेपाल प्रहरी दृढ संकल्पित छ । लागूऔषध, मानव बेचबिखन, विद्युतीय कसूर, अवैध हातहतियार ओसारपसार र तस्करीजस्ता अपराध नियन्त्रणको साथै अकल्पनीय रूपले संगठित, अन्तर्देशिय सञ्जाल विस्तार भएका अपराधजस्ता चुनौतीको सामना गर्न प्रहरी संगठन अत्यन्त सुझबुझ र उत्साहकासाथ काम गर्दै आएको छ । नेपाल प्रहरीले राष्ट्र र नागरिकको सेवामा उठान गरेका विषयवस्तु आफ्ना उद्देश्यलाई सही दिशामा अग्रसर गराउन उपयोगी छन् । अतएवः हरेक चुनौतीको सामना गर्न, राज्यले सुम्पिएको दायित्व पूरा गर्न, राष्ट्र र आम नागरिकको हितमा काम गरी अधिकतम सकारात्मक परिणाम ल्याउन एवं प्रहरी र नागरिक बिचको सम्बन्ध अझै उँचो बनाउन प्रहरी दिवसले थप प्रेरणा प्रदान गर्नेछ ।

प्रहरी संगठन र प्रहरी कर्मचारीहरूले थप प्रेरणा पाउने यस पावन अवसरबाट राष्ट्र र आम नागरिकसमेतले लाभ पाउने वातावरणको सिर्जना हुनुपर्दछ । ६७ औं प्रहरी दिवस २०७९ तथा महान चाड विजयादशमी, दीपावली, छठ र नेपाल संवतको पावन अवसरमा प्रबुद्ध लेखकवर्ग, शुभचिन्तकलगायत सम्पूर्ण नागरिकमा प्रहरी द्वैमासिक प्रकाशनको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछौं !

# विषयक्रम

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ अभियोजन सुधारका क्षेत्रहरू | ✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी | १ |
| ♦ सुशासन | ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी | ७ |
| ♦ अनुसन्धान अधिकारीले धरौट वा....... | ✍ प्र उ मोहन कुमार थापा | १६ |
| ♦ आत्महत्या न्यूनीकरणका उपायहरू | ✍ प्र ना.उ भोजराज पाण्डेय | ५८ |
| ♦ चाडपर्वमा बढ्ने अपराध न्यूनीकरणमा... | ✍ प्र नि जनार्दन घिमिरे | ७९ |
| ♦ लिभिङ टुगेदर परिचय नकारात्मक....... | ✍ प्र व ना नि सरस्वती बुढाथोकी | ८७ |
| ♦ सामाजिक सञ्जालमार्फत महिला हिंसा | ✍ ई कुमार अभिनव | ९३ |
| ♦ सवारी दुर्घटनाका कारण र न्यूनीकरण... | ✍ प्र स नि अम्बिका के.सी | १०८ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ कर्तव्य कर्म (यज्ञ) | ✍ पूर्व प्र ना म नि इ महेशसिंह कठायत | १३ |
| ♦ सिस्ने हिमालको छाया | ✍ युवराज नयाँघरे | २८ |
| ♦ नेपालको आर्थिक विकासमा उद्यमशीलता | ✍ गम्भीर बहादुर हाडा | ३५ |
| ♦ स्वप्नवाटिका | ✍ छायादत्त न्यौपाने 'बगर' | ४४ |
| ♦ ज्येष्ठ नागरिकहरूको मनोदशा | ✍ अच्युतप्रसाद पौडेल 'चिन्तन' | ४७ |
| ♦ सोच | ✍ राम कुमार पण्डित क्षेत्री | ५२ |
| ♦ कवि सिद्धिचरण श्रेष्ठ | ✍ गङ्गा कर्माचार्य पौडेल | ५४ |
| ♦ कर्तव्यबोध | ✍ बाबुराम न्यौपाने 'उत्स' | ६४ |
| ♦ वैदेशिक रोजगारीका चुनौती | ✍ सुदर्शन अधिकारी | ६६ |
| ♦ लाइन | ✍ बिन्दु अधिकारी ढकाल | ७० |
| ♦ अधिकार र जिम्मेवारी हुन्छन् बराबरी | ✍ राजेशमान के.सी | ७५ |
| ♦ कान्छीको खुसी | ✍ देवकी के.सी | ७८ |
| ♦ म नारी | ✍ सुषमा आचार्य | ८२ |
| ♦ मुद्दाको नशा | ✍ प्रा डा गार्गी शर्मा | ९१ |
| ♦ अर्धनग्न | ✍ ममता मृदुल | ९२ |

| | | |
|---|---|---|
| ♦ घनिष्ठ साथी | ✍ ज्ञान बहादुर खड्का | ९७ |
| ♦ समाजसेवामा परोपकारको अतुलनीय..... | ✍ त्रिचन्द्र प्रतिक्षा | १०० |
| ♦ उजाडिएको जिन्दगी | ✍ मनिष अर्याल | १०५ |

## गीत / कविता/ गजल

| | | |
|---|---|---|
| ♦ गीत | ✍ दिपकराज विश्वकर्मा | ६ |
| ♦ ऊ एक कर्मनिष्ठ प्रहरी | ✍ प्र ज प्रेना भुषाल | १२ |
| ♦ दशैं | ✍ उर्मिला पन्त पाण्डेय | १५ |
| ♦ मलाई त लाग्छ राम्रो | ✍ घनबहादुर थापा | २७ |
| ♦ मुक्तक | ✍ मात्रिका घिमिरे | ४३ |
| ♦ लोक शक्तिको सङ्कल्प | ✍ डा बमबहादुर थापा 'जिताली' | ४६ |
| ♦ अन्तर ध्वनि | ✍ राधा खतिवडा पोखरेल | ५३ |
| ♦ मुक्तक | ✍ लीलाराज दाहाल | ५७ |
| ♦ प्यारो दशैं | ✍ इन्द्रकुमार श्रेष्ठ | ६३ |
| ♦ गीत | ✍ यशु श्रेष्ठ | ६५ |
| ♦ मुक्तक | ✍ एच के घिताल | ६९ |
| ♦ सिपाही | ✍ प्र ना नि घनश्याम नेपाल | ७४ |
| ♦ वसन्त ऋतु | ✍ मुक्तिनाथ पोखरेल | ९६ |
| ♦ गजल | ✍ अर्जुनबाबु तिवारी | ९९ |
| ♦ विदेशीको मन | ✍ रविना भुजेल | १०४ |
| ♦ गीत | ✍ सरस्वती श्रेष्ठ 'सरु' | १०७ |

## स्थायी स्तम्भ

| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी | सङ्कलन : प्र ना नि संगिता कार्की | १११ |
| ♦ रसबस | सङ्कलन : प्र स नि शरणजंग भण्डारी | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | सङ्कलन : प्र स नि जनक आचार्य | ११२ |

प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# अभियोजन सुधारका क्षेत्रहरू



✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी°

## १. विषय प्रवेशः

स्वच्छ र प्रभावकारी अभियोजन राज्यमा कानूनको शासन कायम गर्ने र अपराध पीडित, साक्षी तथा आम नागरिकलाई न्याय प्रदान गर्न आधार मानिन्छ । अभियोजनकर्ताको प्रयास अभियोजनलाई स्वच्छ र प्रभावकारी बनाउने दिशामा नै केन्द्रित हुनुपर्दछ । फौजदारी कानूनले कसूर मानेको कार्य भएको वा हुन लागेकोमा सो कसूरको अनुसन्धान गरी संलग्न व्यक्तिउपर सबुद प्रमाणका आधारमा अभियोजन गरी कानून अनुसार दण्ड सजाय दिलाउनु तथा कसूरबाट पीडितलाई क्षतिपूर्ति र न्याय दिलाउनु फौजदारी अभियोजनको मुख्य उद्देश्य हो । यो कार्य राज्यको जिम्मेवारी भित्र पर्दछ । फौजदारी कसूरको अनुसन्धान र अभियोजन गर्ने जनशक्ति र साधन राज्यसँग हुने र समग्रमा नागरिकको जिउ, ज्यान र सम्पत्तिको संरक्षण र सुरक्षाको दायित्व राज्यको हुने भएकोले फौजदारी कसूरको अनुसन्धान र अभियोजनको कार्य सरकारले आफ्ना संस्था मार्फत गर्ने व्यवस्था भएको हो । नेपालमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ ले सरकार वादी हुने फौजदारी कसूर सम्बन्धी मुद्दामा राज्यका तर्फबाट तहकिकात गरी अदालतमा मुद्दा दायर गर्ने कानूनी व्यवस्था गरेअनुसार प्रहरी र सरकारी वकिलबाट संयुक्त रूपमा अनुसन्धान गरी अभियोगपत्र दायर गर्ने र सरकारी वकिलले त्यस्ता मुद्दामा बहस पैरवी र प्रतिरक्षा गर्ने व्यवस्था शुरू भएको हो । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ हुदै अभियोजनसम्बन्धी व्यवस्था मूलतः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले नियमित गरेको छ ।

## २. सरकार वादी मुद्दाको अभियोजन र सरकारी वकिल

महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम सम्बन्धित सरकारी वकिलले फौजदारी मुद्दामा अभियोजन

°सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

गर्ने वा नगर्ने अधिकारी हो । अभियोजनको अधिकार प्रयोगमा सम्बन्धित सरकारी वकिल स्वायत्त र स्वतन्त्र रहन्छ । यसैगरी फौजदारी कसूरको अभियोजनका लागि आवश्यक पर्ने अनुसन्धान र प्रमाण संकलनको कार्यमा अनुसन्धानकर्तालाई निर्देशन दिने, अपराध पीडित र साक्षीसँग समन्वय गर्ने कार्य पनि सरकारी वकिलको महत्वपूर्ण जिम्मेवारी भित्र रहेको छ । अभियोजनको आधारस्तम्भ भनेको नै अनुसन्धानबाट संकलित प्रमाण हो । अनुसन्धानबाट संकलित प्रमाणका आधारमा नै सरकारी वकिल अभियोजन गर्ने वा नगर्ने निर्णयमा पुग्दछ ।

कसूरको अनुसन्धानबाट संकलित सबुद प्रमाणका आधारमा सम्बन्धित व्यक्तिउपर निजले गरेको कसूरमा प्रचलित कानून बमोजिम सजाय र पीडितले पाउने क्षतिपूर्तिको दावी लिई मुद्दा चलाउने कार्य फौजदारी अभियोजन हो । फौजदारी कानूनले निषेध गरेको कसूरजन्य कार्यमा संलग्न व्यक्तिलाई कानूनको दायरामा ल्याई आपराधिक दायित्व बहन गराउनु अभियोजनको उद्देश्य हो । नेपालको फौजदारी न्याय प्रणालीले प्रमाणको पर्याप्ततालाई अभियोजनको आधार मानेको छ भने सानातिना कसूरमा प्रमाण भए पनि व्यावहारिक अवस्था वा सार्वजनिक हितका आधारमा अभियोजन नगर्न सक्ने व्यवस्था समेत गरेको छ । यसबाट कुनै पनि मुद्दा स्वतः अभियोजनको विषय बन्ने नभई सबुद प्रमाणको पर्याप्तताका आधारमा अभियोजन हुने सिद्धान्तलाई आत्मसात् गर्न खोजेको पाइन्छ । अभियोजनको आधारमा नै अदालतले न्यायिक कारबाहीका माध्यमबाट आरोपित व्यक्तिले कसूर गरे नगरेको ठहर गर्दछ । तसर्थ अभियोजन गरिएका मुद्दामा अदालतले गर्ने फैसलाबाट नै अभियोजनको सफलता र असफलतालाई मापन गर्न सकिन्छ । साथै अभियोजनको सफलता अनुसन्धानबाट संकलित प्रमाण नै हो भन्ने कुरामा विवाद छैन ।

**३. अनुसन्धान र अभियोजन सम्बन्धमा सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण**

सर्वोच्च अदालतले सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनका सम्बन्धमा विभिन्न मुद्दामा गरेको व्याख्याका आधारमा अभियोजनको अवस्थालाई अध्ययन गर्न सकिन्छ । अपराधको अनुसन्धान, प्रमाण संकलन, अभियोजन पुष्टि गर्न आवश्यक पर्ने प्रमाणको पर्याप्तता, वैज्ञानिक प्रमाण जस्ता विषयमा राखेको न्यायिक दृष्टिकोणले अभियोजनको अवस्था र यसमा गर्नुपर्ने सुधारका क्षेत्र पहिचान गर्न सकिन्छ ।

**१. सन्दीप नेपाली वि. नेपाल सरकार, (नेकाप २०७५, अंक १२, नि.नं. १०१४८)**

- पीडितको सुरूवालमा मानव वीर्य देखिएकोमा परीक्षण गरी प्रतिवादीको हो होइन यकिन गर्नुपर्ने,
- करणी सम्बन्धी कसूरमा मानव वीर्य फेला परेकोमा सो वीर्य प्रतिवादीको हो होइन भन्ने कुरा अभियोजनले अनुसन्धान गर्नुपर्ने,

**२. नेपाल सरकार वि. मनकुमारी नेपाली समेत, मुद्दा कर्तव्य ज्यान, ने.का.प. २०६८, अंक १२, नि.न. ८७२६**

- व्यक्ति विशेषको अप्रमाणित कथनलाई सर्वोत्तम प्रमाण मानेर अनुसन्धान कार्यलाई त्यत्तिकै सीमित राख्ने हो भने सत्य कहिल्यै उद्घाटित हुन सक्दैन ।
- वैज्ञानिक परीक्षणले स्थापित गरेको तथ्य भन्दा बाहिर गएर मौखिक कथनका भरमा अभियोजन गरी दोषी किटान गर्न नसकिने ।
- साविती बयानले स्वतन्त्र प्रमाणको मालाकार कडीबाट समर्थित नभएसम्म प्रमाणिक महत्व राख्दैन भन्ने Prosecution ले बुझ्न जरूरी हुने ।
- लाश फेला नपरेको अवस्थामा कहिले, कसले, के कसरी हत्या गरेको हो भन्ने वादी पक्षले प्रमाणका आधारमा प्रष्ट गर्नुपर्ने ।

**३. नेपाल सरकार वि. मगरे खाँ समेत ने.का.प. २०६६ अंक १० नि.न. ८२४३**

- फौजदारी मुद्दामा दोषी प्रमाणित गर्ने भार वादी पक्षमा निहित रहेको र वादी पक्षले corpus delecti प्रमाणित गर्नुपर्दछ ।
- फौजदारी मुद्दामा ठोस र शंका रहित प्रमाण पेश गर्नुपर्ने । Confessional statement oriented prosecution लाई सुधार गरी evidence supported prosecution गर्नुपर्ने ।

**४. नेपाल सरकार वि. सागर भट्ट समेत (२०७१-CR-०६५९) फैसला मितिः २०७६।८।२**

- जबरजस्ती करणीको वारदातमा पीडितको भनाइ र बकपत्र महत्वपूर्ण प्रमाण हुने,
- पीडितको कपडामा मानव वीर्य भेटिएको र प्रतिवादीहरूले करणी गरेको भनी पीडितले भनेकोमा अभियोजन पक्षबाट सम्बन्धित अभियुक्तको नमुना लिई तुलना हुन नसकेको,
- अनुसन्धान र अभियोजनले जबरजस्ती करणी मुद्दाको अपराधमा पीडितले भोगेको क्षति स्थापित गर्नुपर्ने,
- नैतिक पतनको दावी नलिएकोले अदालतले बोल्नु नपर्ने,

**५. नेपाल सरकार वि.उमेश गुरूङ ने.का.प.२०६८, अंक ११ नि.न ८७१७**

- बिना आधार प्रहरी कर्मचारीको प्रतिवेदनको आधारमा कसैउपर अभियोग लगाउँदैमा अभियोजन पक्षको कर्तव्य पूरा भएको नमानिने,
- एउटै नाम भएका धेरै व्यक्ति हुन सक्ने भएकोले कसूरमा संलग्न भएको व्यक्ति पहिचान नगरी नाम मिलेकै आधारमा अभियोग लगाउँदैमा अभियोजन पक्षको कर्तव्य पूरा भएको मान्न नमिल्ने,
- शंका, अनुमान, मनोगत विश्वासको आधारमा वारदात स्थापित नहुने, स्वतन्त्र प्रमाणले स्थापित गरेमा मात्र सजाय गर्न सकिने,

**६. ने.का.प. २०७६, अंक २, नि.न. १०१९७**

- फौजदारी कसूरमा अभियोग दावी प्रमाणित गर्दा प्रति व्यक्ति प्रति प्रमाणबाट पुष्टि हुनुपर्ने । अपहरण जस्तो गम्भीर कसूरमा प्रतिवादीको अभियोग शंका रहित तवरबाट पुष्टि गर्नुपर्ने, अन्यथा शंकाको सुविधा अभियुक्तले पाउने ।

**७. तेज बहादुर थारू वि. नेपाल सरकार ने.का.प. २०७४ अंक १ नि.न.९७४६**

- अभियोगपत्रमा क्षतिपूर्तिको दावी लिनुपर्ने कानूनी कर्तव्य सरकारी वकिलको हुने,
- प्रतिवादीको सम्पत्ति एवं आयश्रोत वादी नेपाल सरकारले देखाउनुपर्ने,

**८. ए कुमारी समेतको जाहेरीले नेपाल सरकार वि साबुद्दिन मियाँ नेकाप २०७२ अंक ५ नि न ९३९९**

- प्रतिवादी साबुद्दिन मियाँले पीडितहरू वर्ष ११ की "बी" कुमारीलाई मिति २०६५।५।१२ गते, वर्ष १२ की "डी" कुमारीलाई मिति २०६५।५।१३ गते वर्ष १५ की "ई" कुमारीलाई २०६५।५।११ गते, वर्ष १३ की "ए" कुमारीलाई २०६५।४।१० गते र वर्ष १४ की "सी" कुमारीलाई मिति २०६५।५।१३ गतेको मितिमा जबरजस्ती करणी गरेको भन्ने अभियोग मागदावी लिई एउटै अभियोगपत्र दायर भएकोमा वारदात फरक-फरक मितिमा भई फरक-फरक नाबालिका पीडितउपर जबरजस्ती करणी भएको भनी स्वयम् अभियोजन गर्ने निकायले अभियोग दावीमा माग गरेको देखिँदा अलग अलग रूपमा अभियोजन गरी मुद्दा दायर गर्नुपर्नेमा सो नगरी एउटै वारदात जस्तो रूपमा बुझी अभियोगपत्र दायर भएको देखिएको त्रुटिपूर्ण हुने,

**४. अभियोजन सुधारका लागि गर्नुपर्ने कार्यहरूः**

अभियोजन गरिएका मुद्दामा कसूर कायमको अवस्था ६८ प्रतिशतको हाराहारीमा रहेको देखिन्छ । यो प्रभावकारी होइन । यसले निश्चय पनि सुधारको आवश्यकता देखाउँछ । कसूर कायमको अवस्था र अभियोजन गर्ने निर्णय बीच देखिएको असन्तुलन, अभियोजनको असफलताको अवस्था, अनुसन्धानलाई निर्देशन गर्ने विषयमा देखिएको कमजोरी, न्यायिक मार्ग निर्देशनमा उल्लेख गरिएका विषयहरू, आधारमा अभियोजनको अवस्थामा सुधार गर्न आवश्यक देखिन्छ । यसका लागि निम्न कार्य गर्न सकिन्छ ।

- कसूरको अनुसन्धानलाई प्रभावकारी बनाउने कुरामा अभियोजनकर्ताको ध्यान जानुपर्ने देखिन्छ । खास गरी अनुसन्धानलाई प्रभावकारी र प्रमाणमुखी बनाउन अनुसन्धानकर्तालाई निर्देशन दिने, अनुसन्धानकर्ता, अपराध पीडित, विशेषज्ञ, साक्षी, अनुसन्धानकर्तासँग समन्वय र सहकार्य गर्ने, समन्वय विस्तारका लागि समन्वय सन्यन्त्रलाई क्रियाशील बनाउने कुरामा जोड दिने ।
- अभियोजनको अधिकारको निष्पक्ष र स्वतन्त्र प्रयोग गर्ने परिपाटीको विकास गर्ने,
- अभियोजनको निर्णयमा आधार र कारण सहित संकलित सबुद प्रमाणको अवस्थाको उल्लेख गरी निर्णय गर्ने कुरामा ध्यान दिने,
- प्रमाणको पर्याप्ततामा अभियोजन गर्ने, जथाभावी अभियोजन गर्ने कुरामा सतर्कता अपनाउने, अभियोजनको निर्णयमा जवाफदेही बनाउने,
- मुलुकी अपराध संहिता कानूनले गरेका अभियोजनसँग सम्बन्धित व्यवस्थाहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कुरामा जोड दिने । यस अन्तर्गत सजायमा छुट दिने व्यवस्था, अनुसन्धानका क्रममा धरौटीमा छाड्न सक्ने कुरा, भ्रमपूर्ण तथा काल्पनिक प्रकृतिका जाहेरी तामेलीमा राख्ने, हिरासतमा राख्ने आधार र कारणको उल्लेख गर्ने कुरा, अनुसन्धानमा निर्देशन दिने कुरा, समन्वय विस्तार गर्ने, अपराध पीडितलाई अनुसन्धान तथा अभियोजनको अवस्थाको बारेमा सूचना दिने कुरा, सानातिना मुद्दा नचलाउने आदि विषयहरू महत्वपूर्ण रहेका छन् ।
- अनुसन्धानकर्ता र अभियोजनकर्ता बीच समूहको रूपमा कार्य गर्ने संस्कृतिको विकास गरी व्यावसायिक समन्वय र सहयोगी संस्थाको रूपमा स्थापित गर्ने,
- पीडित र साक्षीको संरक्षण, सूचना सम्प्रेषण, हेलो साक्षी कार्यक्रमको

प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

- समन्वय समितिहरूलाई क्रियाशील बनाउने कुरामा जिम्मेवारी लिने,
- नयाँ संहिताहरूको अपेक्षा अनुरूपको कार्य सम्पादनमा क्रियाशील हुने,
- महान्यायाधिवक्ताको कार्यालयबाट अभियोजन सम्बन्धमा जारी गरिएका निर्देशन, दिग्दर्शन, निर्देशिका तथा परिपत्रहरूको अध्ययन गर्ने र कार्यान्वयन गर्ने,
- तालुक कार्यालयबाट अभियोजन कार्यको अनुगमन गर्ने र अनुगमनबाट देखिएको नतिजालाई सुधारमा रूपान्तरण गर्ने,
- कानूनमा देखिएका दोहोरोपना र कमीको कानूनी रूपमा सम्बोधन गर्ने,
- विद्यमान प्रवृत्ति र मानसिकतामा परिवर्तन गरी कार्यसम्पादनमा सुधार गर्ने,
- अभियोजनकर्ताको व्यावसायिकता विकास र विशिष्टीकरण गर्ने,
- फौजदारी न्याय प्रणालीलाई भरोसायोग्य र विश्वसनीय बनाउने । ♦♦

## गीत



**दिपकराज विश्वकर्मा**

साँझ साँझ धेरै याद आउँछ किन हो ?
खुसी दिन हो कि आँसु दिन हो ?
हो रिमै हो... हो
खुसी दिन हो कि आँसु दिन हो ?

आजसम्म को ही थेन, यति माया लाउनी
हर घडि तिम्रै सुर्ता, सारै सताउनी
धोका दिन हो कि, माया दिन हो ?
हो रिमै हो... हो
धोका दिन हो कि, माया दिन हो ?
साँझ साँझ धेरै याद आउँछ किन हो ?
खुसी दिन हो कि आँसु दिन हो ?
हो रिमै हो...

कति दिन छुट्टिएर म यसरी जिउँ ?
लाग्छ यो जिन्दगानी तिमीलाई नै दिउँ ।।
जीवन दिन हो कि, जीवन लिन हो ?
हो रिमै हो... हो
जीवन दिन हो कि, जीवन लिन हो ?
साँझ साँझ धेरै याद आउछ किन हो ?
खुसी दिन हो कि आँसु दिन हो ?
हो रिमै हो...

# सुशासन



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी °

## १. पृष्ठभूमि

राज्यले नागरिकको हक, हित, सुविधा र आवश्यकतालाई उच्च प्राथमिकता दिई सेवा प्रभाव गरिनुपर्ने राज्य सञ्चालनको आधुनिक मान्यता मानिन्छ । सरकारले स्रोत साधन नागरिकको सुविधा र आवश्यकतामा अधिकतम र प्रभावकारी परिचालन गर्नु पर्दछ । राज्य शासक होइन, जनताको सेवक हो । राज्य नागरिकको हित, स्वार्थ र कल्याणमा केन्द्रित रहनु पर्दछ । राज्यले अधिकतम रूपमा आफ्ना नागरिकलाई सेवा सुविधा दिनका लागि आफ्नो उपस्थिति र सक्रियता बढाउनु पर्दछ । आजका नागरिकहरू दक्ष, स्वच्छ र प्रभावकारी सेवा प्रवाहको चाहना राख्दछन् । यसले प्रशासन र जनतालाई सेवा प्रदायक र सेवाग्राहीको रूपमा उभ्याएको छ । राज्यका प्रमुख कार्यहरूमा जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु, राज्यमा न्यायपूर्ण व्यवस्था कायम गर्नु, कानूनको शासन, मानव अधिकारको संरक्षण र सम्मान गर्नु, मौलिक स्वतन्त्रताको प्रत्याभूति गर्नु, सार्वजनिक हितको प्रवर्द्धन गर्नु सामाजिक न्याय कायम गर्नु, न्याय र नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना र विकास गर्नु, राष्ट्रिय हित र कल्याणका लागि उपलब्ध स्रोत साधनको समुचित व्यवस्थापन गर्नु आदि रहेका छन् । राज्यले सोअनुरूप नागरिकलाई सेवा सुविधा पुऱ्याउने संयन्त्रको विकास र उपलब्ध स्रोत साधनको परिचालन वृहत्तर राष्ट्रिय हितमा गर्न तथा सार्वभौम जनताप्रतिको जवाफदेहिता सुनिश्चित गर्नु आवश्यक हुन्छ ।

## २. सुशासन

लोकतान्त्रिक राज्य व्यवस्थाका आधारभूत मान्यताअन्तर्गत कानूनी शासन, उत्तरदायी सरकार, सुशासन र सरकारी काम कारबाहीमा पारदर्शिताका अतिरिक्त स्वतन्त्र र सक्षम न्याय प्रणाली, नियन्त्रण र सन्तुलनको व्यवस्थापन जस्ता विषयहरू पर्दछन् । यसका लागि

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका अतिरिक्त विभिन्न संवैधानिक अंगको व्यवस्था संविधानद्वारा नै गरिएको हुन्छ । संवैधानिक अंगको गठनका पछाडिको सैद्धान्तिक आधार जनउत्तरदायित्वका साथै लोक कल्याणकारी राज्यको भूमिकालाई व्यावहारिक रूपमा अवलम्बन गर्दै सुशासन कायम गर्नु मानिन्छ । शासन शब्दले निर्णय निर्माण र कार्यान्वयन एवं शक्ति प्रयोगको प्रक्रियालाई जनाउँछ भने सुशासनले सो प्रक्रियामा विश्वसनीयता, प्रभावकारिता एवं पारदर्शिता हुनुपर्ने कुरामा जोड दिन्छ ।

साधारण अर्थमा शासन भनेको उत्तरदायित्व बहन गर्ने र शक्ति प्रयोग गर्ने तरिका हो र यसले निर्णय निर्माणको प्रक्रिया तथा ती निर्णयहरूलाई व्यवहारमा कसरी लागू गरिन्छन् वा गरिदैंनन् भन्ने कुरालाई जनाउँछ ।[१] सुशासन सामान्य अर्थमा असल शासन हो भन्ने बुझिन्छ । सुशासन व्यापक क्षेत्र समेट्ने शब्दावली हो । सुशासन सुन्दा जति कर्णप्रिय एवं सहज देखिन्छ, सुशासन प्राप्त गर्न निकै कठिन छ ।[२] यो एक आर्दश मानक हो जसको प्राप्तिको लागि प्रजातान्त्रिक सरकार हरबखत प्रयत्नशील रहन्छ । यसले सरकारको सेवा प्रवाहको राम्रो अवस्थालाई बुझाउँदछ । सुशासनलाई जनमुखी शासन व्यवस्थाको अभिन्न अंगको रूपमा अंगीकार गर्ने गरिन्छ ।[३] राज्यको स्रोत साधनको वितरण र व्यवस्थापन न्यायपूर्ण र सर्वोत्तम हितका लागि प्रयोग हुनु सुशासन हो । सुशासनको विषय छलफल गर्ने भन्दा अनुभूत गर्ने विषय हो ।[४] राज्यको आर्थिक, राजनीतिक, प्रशासकीय अधिकार, तिनको संरचना र प्रक्रिया तथा सम्बन्धलाई व्यवस्थित र वैज्ञानिक बनाउँदै मानवीय विकासलाई दिगो बनाउने रणनीति सुशासन हो । नागरिकले राज्यबाट समान व्यवहार, समान अवसर, समान न्यायको अपेक्षा राखेका हुन्छन् । राज्य सञ्चालनका क्रियाकलापमा जनसहभागिताको व्यवस्था गर्दै तिनीहरू बीचमा समानता, निष्पक्षता कायम राखी सक्षम तथा स्वच्छ प्रशासन सञ्चालन गर्न एवं सम्पादित कार्यमा विश्वसनीयता, पारदर्शिता, प्रभावकारिता, उत्तरदायित्व र त्यसप्रति

१. http//www.unescap.org/huset/gg/governance.htm

२. नारायणबहादुर थापा, सुशासनका विविध पक्षहरू, सार्वजनिक प्रशासनका विविध आयामहरू, सम्पादक नवराज तिवारी, सोपान मासिक, २०६७, पृ. ६६८ ।

३. ऐजन, पृ. ६६८ ।

४. राजन खनाल, सार्वजनिक व्यवस्थापनका सामयिक बहस, दोस्रो संस्करण (२०७१) सोपान मासिक, पृ. ३६० ।

जवाफदेहिता कायम राख्नु सुशासनका आधारभूत शर्तहरू हुन् । सुशासन प्राप्तिका लागि सिद्धान्तमा भन्दा व्यवहारमा सक्षमता, प्रभावकारिता, समता र मितव्ययी पद्धति स्थापित हुनु पर्दछ ।[५]

Goran Hyden को Making Sense of Governance पुस्तकमा शासकीय प्रणालीका ६ वटा पक्षहरू[६] र ६ वटा सिद्धान्तहरू[७] हुने उल्लेख गरेका छन् । ती पक्ष र सिद्धान्तहरूको सही प्रयोग र व्यवस्थापन गरी राज्य प्रशासन संचालन गर्न सकेमा सुशासन (Good Governance) कायम गर्न सकिन्छ । सुशासन कायम गर्नका लागि सक्षम राज्य वा सरकार, जवाफदेहिता र उत्तरदायित्व गरी मुख्य तीन वटा तत्वहरूको आवश्यकता पर्दछ । यसबाट सरकार र सार्वजनिक संस्था सक्षम भई तिनीहरूले कार्यसम्पादन सक्षमपूर्वक गर्ने र ती कामप्रति नागरिकहरूले सरकार र संस्थालाई आफूप्रति जवाफदेही बनाउने र सरकार र सार्वजनिक संस्थाहरू नागरिकका अधिकार, चाहना र आवश्यकताहरूलाई पूरा गर्न उत्तरदायी हुने अवस्थालाई जनाउँदछ । यसै गरी संयुक्त राष्ट्र संघका अनुसार सुशासनका आठ वटा विशिष्ट गुण (Characteristics) हुने उल्लेख छ । जसमा सुशासनका आठ वटा विशेषताहरू छन् जसमा सहभागितामूलक, (participatory), सहमति उन्मुख (consensus oriented), उत्तरदायी (accountable), पारदर्शी (transparent), जवाफदेही (responsive), दक्ष र प्रभावकारी (effective and efficient), समन्यायिक र समावेशी (equitable and inclusive) तथा कानूनको शासन अनुरूप चल्ने (that follows the rule of law) पर्दछन् ।[८] जसलाई यसरी प्रस्तुत गरिएको छ ।[९]

### ३. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा


५. नारायणबहादुर थापा, सुशासनका विविध पक्षहरू, सार्वजनिक प्रशासनका विविध आयामहरू, सम्पादक नवराज तिवारी, सोपान मासिक, २०६७, पृ. ६६८ ।

६. https://www.odi.org/sites/odi.org.uk/files/odi-assets/publications-opinion-files/4092.pdf.

७. https://www.odi.org/sites/odi.org.uk/files/odi-assets/publications-opinion-files/4092.pdf.

८. http://www.unescap.org/sites/default/files/good-governance.pdf

९. https://www.unescap.org/sites/default/files/good-governance.pdf.




जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने उद्देश्य राखेको छ । ऐनमा प्रशासनिक कार्य सञ्चालनका आधार शीर्षकमा देहायको व्यवस्था गरिएको छः[१०]

मुलुकमा सुशासन कायम गर्नका लागि यस ऐन वा अन्य प्रचलित कानून बमोजिम प्रशासनिक कार्य सम्पादन गर्दा त्यस्तो कार्य सम्पादन गर्ने पदाधिकारीले संविधान तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका कुराहरूको अतिरिक्त देहायका आधारमा कार्य सम्पादन गर्नुपर्ने छ :-

**(क)** राष्ट्र र जनताको वृहत्तर हित,
**(ख)** समन्याय र समावेशीकरण,
**(ग)** कानूनको शासन,
**(घ)** मानवअधिकारको प्रत्याभूति,
**(ङ)** पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता,
**(च)** आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन,
**(छ)** प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता,
**(ज)** प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वसाधारणको पहुँच,
**(झ)** विकेन्द्रीकरण तथा अधिकार निक्षेपण,
**(ञ)** जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग ।

यसैगरी सो ऐनमा नेपाल सरकारले अख्तियार गर्ने नीतिहरूमा

१०. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ७ ।

देहायको व्यवस्था गरिएको छः[११]

(१) संविधान तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका नीति एवं समय समयमा अख्तियार गरिएका नीतिका अतिरिक्त मुलुकको प्रशासनिक कार्य सम्पादन गर्दा नेपाल सरकारले देहायका नीति अख्तियार गर्नेछ :-

**(क)** आर्थिक उदारीकरण,

**(ख)** गरीबी निवारण,

**(ग)** सामाजिक न्याय,

**(घ)** प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दिगो तथा कुशल व्यवस्थापन,

**(ङ)** महिला सशक्तिकरण तथा लैङ्गिक न्यायको विकास,

**(च)** वातावरणीय संरक्षण,

**(छ)** जनजाति, दलित तथा आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्गको उत्थान,

**(ज)** दुर्गम क्षेत्रको विकास तथा सन्तुलित क्षेत्रीय विकास ।

**(२)** उपदफा (१) बमोजिम अख्तियार गरेका नीतिलाई कार्यान्वयन गर्न नेपाल सरकारले समय समयमा आवश्यक कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गर्नेछ ।

**४. सुशासनका आयामहरू**[१२]

कुनै पनि मुलुकमा सुशासन प्रत्याभूत हुनका लागि यसमा निम्न लिखित ४ वटा आयामहरूमा निम्न बमोजिमको अवस्था रहनु पर्दछः-

**क) राजनीतिक आयामः-** राजनीतिक आयाम अन्तर्गत जनताको सहभागिता रहनु पर्ने, जनप्रतिनिधिमूलक शासन व्यवस्था स्थापित हुनपर्ने, बहुलवाद र विकेन्द्रीकरण प्रत्याभूत हुनपर्ने, स्वतन्त्र सञ्चार र कानूनी राज्यको परिपालना हुनुपर्ने तथा लोकतान्त्रिक मूल्य र मान्यताको पालना गर्नुपर्ने जस्ता विषयहरू पर्दछन् ।

**ख) प्रशासनिक आयामः-** यस अन्तर्गत राज्यका विभिन्न निकायहरूमा कार्यरत कर्मचारीहरूले निष्पक्षता र तटस्थता कायम गर्नुपर्ने, प्रशासनिक संयन्त्रमा प्रभावकारिता र दक्षता रहनु पर्ने, सेवा प्रवाह छिटो, छरितो, सहज, सरल र मितव्ययी रूपमा गर्नुपर्ने तथा सदाचार व्यवस्थापन गर्नुपर्ने जस्ता पक्षहरू समेटिन्छन् ।

**ग) व्यवस्थापकीय आयामः-** सुशासनको व्यवस्थापकीय आयाम भित्र सेवा प्रवाहमा चुस्तता, सशक्त र प्रभावकारी नागरिक समाज, परिणाममुखी कार्य सम्पादन, मानव संशाधनको समुचित विकास र नयाँ प्रविधिको प्रयोग जस्ता पक्षहरू पर्दछन् ।

११. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ७ ।

१२. प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन, २०७०, प्रशासन सुधार सुझाव समिति, सिंहदरबार, नेपाल, पृ. २५३ ।

**घ) नैतिक आयामः–** यसभित्र सरकार, निजी क्षेत्र र नागरिक समाज समेत सबै पक्षको असल आचरण, भ्रष्टाचार विहीन अवस्था, अनुशासन र नैतिक मूल्य मान्यताको पालना, सेवाग्राही सन्तुष्टिको उच्च स्थिति, स्वच्छता, पारदर्शिता र जिम्मेवारी बोध जस्ता विषयहरू समेटिने गर्दछन् । ♦♦

कविता

## ऊ एक कर्मनिष्ठ प्रहरी



✍ **प्र.ज. प्रेना भुषाल**

हो ऊ एक प्रहरी हो, हर प्रहर खटिरहन्छ,
फरक नछुट्याऊ तिमी, तिम्रा सन्तान र उसमा,
तिम्रो अप्ठ्यारोमा तिम्रै सुरक्षा गर्न धाइरहन्छ,
नमिच अनि नथिच भिडमा उसलाई,
तिम्रै संरक्षक बनी सामिप्यमा रहन चाहन्छ ।।

हो ऊ एक प्रहरी हो, हर प्रहर खटिरहन्छ,
अपमान नदेऊ उसलाई, मात्र सम्मान चाहन्छ,
गाली नदेऊ उसलाई, मात्र माया चाहन्छ,
ताली नदेऊ उसलाई, मात्र विश्वास चाहन्छ,
रिश्वत नदेऊ उसलाई, मात्र श्रेय चाहन्छ ।।

हो ऊ एक प्रहरी हो, चौबिसै घण्टा खटिरहन्छ,
यता नि ऊ, जता नि ऊ, यत्रतत्र सर्वत्र छाइरहन्छ,
कंकाल भिडबाट अश्लील गाली नदेउ उसलाई,
देशकै माटो साँच्न, अनी देशकै गौरब राख्न चाहन्छ,
केही लिनु अनि दिनु छैन उसलाई, कर्तव्यशील बन्न चाहन्छ,

हो ऊ एक प्रहरी हो, चौबीसै घण्टा उभिरहन्छ,
अनुहार थाकेको छैन उसको, स्थिर राख्दछ मनलाई,
एकतर्फ स्मरण गर्छ ऊ, कर्तव्यशिल कनिष्टहरूलाई,
अर्कोतर्फ विस्मरण गर्छ ऊ, छोडेर आएका आफन्तहरूलाई,
एक मुठी हातमा माटो लिई उच्चारण गर्छ ऊ,
देशकै लागि बाँच्न सकुँ, देशकै लागि मर्न सकुँ ।।

# कर्तव्य कर्म (यज्ञ)



पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

यज्ञ गर्दाको समय अग्निमा आहुति दिइन्छ । आहुति दिइने वस्तुहरूको रूप आहुति दिनु अगाडि अलग अलग हुन्छन् । परन्तु अग्निमा आहुति दिएपछि, वस्तुहरू अग्निरूप हुन पुग्दछन् । यसै प्रकार परमात्मा प्राप्तिको लागि जुन साधनहरूको यज्ञरूपबाट वर्णन गरिएको छ । उनीहरूको आहुति दिनुको तात्पर्य यही हो कि, आहुति दिइने वस्तुहरूको अलग सत्ता रहँदैन, सबै स्वाहा भइहाल्दछ । जब सम्म उनीहरूको अलग सत्ता बनिरहेको हुन्छ, तबसम्म वास्तवमा उनीहरूको आहुति भएकै थिएन अर्थात यज्ञको अनुष्ठान भएकै हुँदैन । गीतको ४-१६ श्लोकमा भगवान श्री कृष्णले कर्मलाई तत्वको रूपमा अर्थात कर्ममा अकर्मको वर्णन गर्नु भएको छ । कर्ममा तत्वलाई बुझ्नु भनेको "कर्म गर्दा पनि, कर्मसँग नबाँधिनु" । यसरी कर्मसँग नबाँधिनुको लागि प्रयोग गरिने साधन हो । "यज्ञ" अर्थात कर्तव्य कर्म । हामीलाई जानकारी भएकै कुरा हो, अग्निमा जुनसुकै वस्तुलाई हाल्दा, त्यो वस्तु स्वाहा भइहाल्दछ । यस्तै प्रकारले लोकहितका लागि गरिने सबै कर्महरू स्वाहा अर्थात कर्तव्य कर्म(यज्ञ)मा परिणत भइहाल्दछन् । त्यसले गीता ४-२३ श्लोकमा भनिएको छ ।

**"यज्ञायाचरतः कर्म समग्र प्रविलीयते"**

निष्काम भावपूर्वक केवल संसारको हितको लागि (लोक हितार्थ) गरिएका साधारण भन्दा साधारण कर्महरू पनि परमात्मालाई प्राप्ति गर्ने हुन्छन् । तर सकाम भावपूर्वक गरिएका ठूला भन्दा ठूला कर्महरूबाट पनि परमात्माको प्राप्ति हुँदैन । किनकी उत्पति-विनाशशील पदार्थहरूको कामना नै बाँध्नेवाला अर्थात बन्धनकारी हुन्छन् । पदार्थ र क्रियारूप संसारसँग आफ्नो सम्बन्ध मान्नाको कारण नै मनुष्यमात्रमा पदार्थलाई पाउने र कर्मलाई गर्ने राग रहन्छ । किनकी हरेक मानिसमा आफूलाई अर्थात मलाई केही न केही मिल्दै रहोस् र म केही न केही गर्दै रहेछु भन्ने इच्छा रहिरहन्छ । यसैलाई "पाउने कामना

तथा गर्ने वेग" भनिन्छ ।

वास्तवमा मानिसमा जुन पाउने कामना हुन्छ, त्यो खासमा आफ्नो अंशी परमात्मालाई नै पाउने भुख (इच्छा) हो । तर दुरभाग्यवश मानिस परमात्माबाट विमुख र सांसारिसँग सम्मुख हुनाको कारण, यस भुख (चाहना) सांसारिक पदार्थहरूबाट मेटाउन चाहन्छु तर अफसोच सांसारिक पदार्थहरू विनाशी छन् र जीवहरू अविनाशी छन् । अविनाशीको भुख (चाहना) विनाशी पदार्थहरूबाट मेटाउन कसरी सकिन्छ ? यो एक आफैमा जटिल प्रश्न हो तर जबसम्म जीव संसारको सम्मुखतामा रहन्छ, तबसम्म उसमा (जीवमा) पाउने कामना भइरहन्छ अर्थात बनिरहन्छ । त्यसै गरी जबसम्म जीवमा पाउने कामना भइरहन्छ, तबसम्म उसमा गर्ने वेग बनिरहन्छ । यसप्रकार हामीले यो बुझ्नसक्नु पर्दछ कि "जबसम्म जीवमा पाउने कामना र गर्ने वेग बनिरहन्छ अर्थात पदार्थ र क्रियासँग सम्बन्ध बनिरहन्छ । यसरी पदार्थ र क्रियासँग सम्बन्ध रहिरहेसम्म जीव जन्ममरणको चक्करमा परिरहन्छ । यस जन्ममरणको चक्करबाट छुट्ने उपाय भनेको" आफ्नो लागि केही पनि पाउने कामना न राखेर केवल अर्काको हितको लागि कर्म गर्नु । यसैलाई नै यज्ञार्थ कर्म, लोकहितार्थ कर्म तथा कर्तव्य कर्म आदि नामबाट पुकारिन्छ ।

केवल अर्काको हितको लागि कर्म गर्नाले संसारबाट सम्बन्ध छुट्दछ र असंगता आउँदछ । यदि खाली भगवानको लागि कर्म गरियो भने संसारसँग सम्बन्ध छुटेर असंगता त आइहाल्दछ तर यसैसँग एउटा विलक्षण कुरा हुन्छ । त्यो हो भगवानको "प्रेम" पनि प्राप्त हुन्छ । निःस्वार्थ भावबाट केवल अर्काको हितको लागि कर्तव्य कर्म गर्नुको नाम नै "यज्ञ" हो । यज्ञबाट सबै कर्म अकर्म (कर्तव्य कर्म) भइहाल्दछन् अर्थात बाँध्नेवाला हुँदैनन् । गीताको चौथो अध्यायको २४ देखि ३० श्लोकसम्म कुल बाह्र (१२) प्रकारका यज्ञ (कर्तव्य कर्म) बताएको छ ।

१. **ब्रह्मयज्ञ–** प्रत्येक कर्ममा कर्ता, करण, क्रिया, पदार्थ आदि सबैलाई ब्रह्म रूपबाट अनुभव गर्नुलाई ब्रह्म यज्ञ भनिन्छ ।

२. **भागवदर्पणरूप यज्ञः** सम्पूर्ण क्रियाहरूलाई र पदार्थहरूलाई केवल भगवानको लागि नै मान्नु भागवदर्पण रूप यज्ञ मान्नु पर्दछ ।

३. **अभिन्नता रूप यज्ञः** असतबाट सर्वथा विमुख भएर परमात्मामा लीन हुनु , अर्थात परमात्माबाट भिन्न आफ्नो स्वतन्त्र सत्ता नराख्न ।

४. **संयमरूप यज्ञः** एकान्तकालमा आफ्नो इन्द्रियहरूलाई विषयहरूमा प्रवृत्त हुन नदिनु ।

५. **विषय हवन रूप यज्ञः** व्यवहारकालमा इन्द्रियहरूको विषयहरूसँग संयोग

हुँदा खेरी पनि उनीहरूमा राग-द्वैष पैदा हुन नदिनु ।

६. **समाधिरूप यज्ञः** मन-बुद्धि सहित सम्पूर्ण इन्द्रियहरू र प्राणहरूको कृयाहरूलाई रोकेर ज्ञानबाट प्रकाशित समाधिमा स्थित हुनु ।

७. **द्रव्य यज्ञः** सम्पूर्ण पदार्थहरूलाई निःस्वार्थ भावबाट अर्काको सेवामा लगाउनु ।

८. **तपोयज्ञः** आफ्नो कर्तव्यको पालनामा आउने कठिनाइहरूलाइ प्रसन्नतापूर्वक सहनु ।

९. **योगयज्ञः** कार्यको सिद्ध असिद्धमा तथा फलको प्राप्ति-अप्राप्तिमा सम रहन ।

१०. **स्वाध्यायरूप ज्ञान यज्ञः** अर्काको हितको लागि सत-शास्त्रहरूको पठन पाठन, नाम जप आदि गर्नु ।

११. **प्राणयमरूप यज्ञ** : पूरक, कुम्भक र रेचकपूर्वक प्राणायम गर्नु ।

१२. **स्तम्भवृत्ति प्राणायम रूप यज्ञ** : नियमित आहार गर्दै प्राण र अपानलाई आफ्नो आफ्नो स्थान रोक्नु ।

माथि उल्लेखित सम्पूर्ण कर्तव्य कर्म (यज्ञ) हरूको तात्पर्य यो हो कि, हाम्रा सम्पूर्ण कृयाहरू यज्ञरूप नै हुनु पर्दछ । तब मात्र हाम्रो जीवन सफल हुन्छ । अर्थात हामीले आफ्नो हितको लागि नभएर सम्पूर्ण प्राणीहरूको हित एवं सेवाको लागि कार्य गर्नु पर्दछ । वास्तवमा क्रिया र पदार्थसँग हाम्रो (आत्माको) कुनै सम्बन्ध छैन् । हाम्रो सम्बन्ध परमात्मासँग मात्र छ, जो वास्तवमा क्रिया र पदार्थहरूबाट रहित छ । ◆◆

कविता

## “दसैं”



✍ **उर्मिला पन्त पाण्डेय**

दसैं हाम्रो राष्ट्रको महान पर्व हो
संस्कृति र संस्कार नै हाम्रो गर्व हो
देवी देवताले वास गरेको राम्रो
सुन्दर शान्त विशाल देश यो हाम्रो

गर्छौं स्वच्छ भावले आराधना हामी
देवी देवता सम्पूर्ण पुज्दछौं मानी
वर्षको महान पर्वमा भेटघाट
पाइन्छ मान्यजनबाट आशिर्वाद

संस्कार र संस्कृति जोगाउनु पर्छ
प्रेमिले स्नेहभाव जगाउनु पर्छ
स्नेह पानसमा भावनाको ज्योतिले
मन उजिल्याउनु छ ज्ञान प्रकाशले

सद्भावको दियोमा स्नेह बत्ती बाली
समाजमा सुख शान्ति छाउनुपर्छ
समाजमा मिलौं सम्पूर्ण परिवार
सुख शान्तिले मुस्काउँछ सारा संसार

# अनुसन्धान अधिकारीले धरौट वा जमानत, हाजिर जमानी वा तारिखमा छाड्न सक्ने सम्बन्धी कानूनी व्यवस्था



✍ प्र.उ. मोहन कुमार थापा

**विषय प्रवेशः**

पक्राउ गर्ने र थुनामा राख्ने विरूद्धको हक मानव अधिकारको आधारभूत र मौलिक अधिकार हो । जथाभावी पक्राउ गर्ने र थुनामा राख्ने अवस्था भएमा व्यक्तिगत स्वतन्त्रता लगायतका मानव अधिकारको गम्भीर उल्लङ्घन हुने भएकोले मनोमानी गिरफ्तारी र थुना विरूद्धको हकलाई महत्वपूर्ण मौलिक हकको रूपमा स्वीकार गरिएको छ । कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अन्य सबै हक अधिकार र स्वतन्त्रता भन्दा उच्च मानिन्छ । व्यक्तिको वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्नु जुनकुनै सभ्य राज्यको जिम्मेवारी हो । मानिसलाई थुनामा राख्दा उसका कतिपय व्यक्तिगत स्वतन्त्रताको अपहरण हुन पुग्दछ । त्यसैले असामान्य अवस्थामा अर्थात कानूनको उल्लङ्घनमा पनि थुनामा राख्ने लगायतका वैयक्तिक स्वतन्त्रताको अपहरण गर्दा होसियारी अपनाउनु पर्ने हुन्छ । कुनै कसूर गरे वापत मानिसलाई पक्राउ गर्ने र थुनामा राख्ने कार्यलाई अन्तिम विकल्पको रूपमा मात्र प्रयोग गर्नुपर्दछ । कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई नियन्त्रणमा राख्न हुँदैन भन्ने अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको व्यवस्था र विश्वव्यापी मान्यता रही आएको छ ।

सबै प्रकृतिका अपराधको आरोपमा आरोपितलाई थुनामा राख्दा व्यक्तिको स्वतन्त्रताको अपहरण हुन जान्छ । थुना अन्तिम विकल्प हो भन्ने मान्यता स्खलित हुन पुग्दछ । त्यसैले संगीन अपराध बाहेकमा पुर्पक्षमा उपस्थित भई सहयोग पुऱ्याउने हेतुले धरौट वा जमानत लिइने गरिन्छ । आरोपित व्यक्तिलाई थुनामा राखेर पुर्पक्ष गर्दा पछि प्रमाणबाट नठहरे थुनाको क्षतिपूर्ति हुन सक्तैन, धरौट वा जमानत त फिर्ता, फुकुवा हुन्छ । त्यसैले धरौटीयोग्य (Bailable) अपराधमा

धरौट वा जमानत पक्षको अधिकारकै रूपमा लिने गरिन्छ । धरौट वा जमानत लिइसकेपछि अन्तिम फैसलाबाट सजाय भएमा त्यसैबाट जरिवानाको असूली गर्न पनि सकिने भएकोले फैसला कार्यान्वयनको सुनिश्चितताको आधार धरौट जमानत बन्न सक्दछ ।

मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर हिरासतमा रहेका व्यक्तिलाई अनुसन्धान गर्दै जाँदा प्रहरी हिरासतमा राखिरहनु आवश्यक नदेखिएमा वा त्यसरी अनुसन्धानका लागि हिरासतको निरन्तरताको कुनै औचित्यता नभएमा अनुसन्धान अधिकारीले हिरासतमा नराखी धरौट वा जमानत लिई वा माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारेखमा राख्न सक्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा विस्तृत व्यवस्था गरिएको छ । धरौटी वा जमानतको उद्देश्यको एक पाटो भनेको अनुसन्धान वा सुनुवाइ प्रक्रियामा सम्बन्धित व्यक्तिको उपस्थितिको प्रत्याभूति र मुद्दा फैसला भए पश्चात फैसला कार्यान्वयनमा सुनिश्चितता नै हो, जसबाट अनुसन्धानको दायरामा रहेको वा मुद्दा दायर हुँदाका बखत प्रतिवादी बनाइएको व्यक्ति फरार हुने र अनुसन्धान वा मुद्दाको कारबाही प्रभावित हुने सम्भावनाको अन्त्य हुन्छ । त्यसै गरी त्यसको अर्को पाटो पनि रहेको छ, जसले त्यसरी थुनामा बस्नु पर्ने अवस्थाको व्यक्तिलाई धरौट वा जमानतको माध्यमबाट यथासम्भव थुना बाहिर राखी निजको व्यक्तिगत स्वतन्त्रता बचाउने उद्देश्य अंगिकार गरेको देखिन्छ । नेपालमा हिरासतमा राख्न नपर्ने अवस्थामा पनि अनुसन्धान अधिकारीले व्यवहारमा हिरासतको निरन्तरता दिने गरेको र अनुसन्धान अधिकारीलाई कानूनले दिएको अधिकारको अनावश्यक दुरूपयोग गर्ने गरेको देखिएको छ । धरौट वा जमानत सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा अनुसन्धान अधिकारीले व्यवहारमा धेरै चुनौती र जटिलताहरूको सामना गर्नु परेको अवस्था छ । धरौट वा जमानतमा छाड्दा विभिन्न खालका आरोप लाग्न सक्छन् तर असल नियतले अनुसन्धान अधिकारीले यस कानूनी व्यवस्थाको अभ्यास गर्दै जानु पर्दछ ।

**धरौट वा जमानतका प्रकारहरूः**

अदालतमा कुनै व्यक्तिउपर अभियोजन गरेपछि कुनै कसूरको अभियोग लागेको शंकित व्यक्तिलाई मुद्दाको पुर्पक्षका क्रममा अदालत वा मुद्दा हेर्ने निकायले थुनामा राख्ने वा धरौट वा जमानत लिने वा साधारण तारेखमा राख्ने गरी आदेश दिन सक्छ । यसलाई थुनछेकको आदेश भनिन्छ । विश्वमा धरौटयोग्य र धरौट अयोग्य

(Bailable offences and non. bailable offence) कसूरको रूपमा मुद्दाको वर्गीकरण गर्ने प्रचलन छ । जमानतको प्रचलन अमेरिकी र बेलायती कानूनमा लामो समयदेखि प्रचलनमा छ । हाल धेरै जसो देशमा जमानत इन्कार वा थुनामा राख्ने कामलाई अपवाद (Exception) को रूपमा लिइन्छ । मुद्दाका विभिन्न चरण र अवस्थामा अनुसन्धान गर्ने अधिकारी र मुद्दा हेर्ने अधिकारीले धरौट वा जमानत माग्ने अभ्यास गर्ने गरेको पाइन्छ । मुद्दाका अवस्था र चरणको आधारमा पक्राउ पूर्वको धरौट वा जमानत, पुर्पक्ष पूर्वको धरौट जमानत, पुर्पक्ष चरणको धरौट जमानत र पुर्पक्ष पश्चातको धरौट वा जमानत गरी वर्गीकरण गर्ने गरिन्छ ।

कुनै अपराधमा पक्राउ गर्ने आशंका भएमा पक्राउ गर्नु पूर्व नै अदालतबाट जारी गरिने धरौट वा जमानतको आदेशलाई पक्राउ पूर्वको धरौट वा जमानत (Anticipatory Bail) भनिन्छ । नेपालको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र अन्य प्रचलित कानूनमा यस सम्बन्धी कानूनी व्यवस्था रहेको देखिँदैन । भारतमा Code of Criminal Procedure 1973 को Section 438 मा यस सम्बन्धी व्यवस्था रहेको छ । नेपालमा कुनै अपराधमा प्रहरीले गैरकानूनी रूपमा पक्राउ गर्ने आशंका भएमा नागरिक अधिकार ऐन अनुसार निषेधाज्ञाको प्रयोग गर्ने गरेको पाइन्छ ।

कानूनले अख्तियार गरेको अदालत वा न्यायिक निकायमा अभियोगपत्र दायर हुनुपूर्व अनुसन्धान तहकिकातको क्रममा अनुसन्धान वा अभियोजन अधिकारीले आरोपितलाई जमानत वा धरौटमा छोड्न सक्छ । यसलाई पुर्पक्ष पूर्वको धरौट जमानत (pre-trial bail) भन्न सकिन्छ । नेपालको मूलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ मा यस सम्बन्धी कानूनी व्यवस्था गरेको छ । जसअनुसार अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीले सरकारी वकिलको सहमति लिई वा नलिई धरौट वा जमानत लिने वा जिम्मा जमानी वा तारेखमा छाड्न सक्छ । त्यस्तै अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राजश्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग लगायतले अनुसन्धानको क्रममा पक्राउ परेका शंकित व्यक्तिलाई धरौट जमानतमा छोड्न सक्दछन् । यसरी छोडिएका व्यक्तिलाई थप अनुसन्धानबाट अभियोजन गर्नुपर्ने देखिएमा अभियोगपत्र साथ पेश गर्ने दायित्व भने अनुसन्धानकर्ता र अभियोजनकर्तामा नै रहन्छ ।

गम्भीर प्रकारका फौजदारी अपराधमा बाहेक अन्य अपराधहरूमा

तत्काल प्राप्त प्रमाणबाट कसूरदार जस्तो देखिएमा पनि धरौट वा जमानत लिई हिरासतमा भएको व्यक्तिलाई छाड्न सकिन्छ । सरकारी वकिलले मुद्दाको अभियोगपत्र अदालतमा दर्ता गरेपश्चात थुनछेकको क्रममा अदालतले यो आदेश जारी गर्दछ । यसैलाई पुर्पक्ष चरणको धरौट जमानत (During Trial) भनिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा यस सम्बन्धी व्यवस्था छ ।

कानूनले तोकेको गम्भीर प्रकृतिका मुद्दा बाहेकका मुद्दामा तल्लो अदालतको फैसलाले जरिवाना, कैद भएकोमा जरिवाना र कानूनद्वारा निर्धारित सीमासम्मको कैद वापत धरौट जमानत दिई पुनरावेदन गर्ने व्यवस्था पुर्पक्ष पश्चातको धरौट जमानत (Post trial bail) हो । यसमा मुद्दा फैसला हुँदा प्रतिवादीलाई जरिवाना लागेको भए सो वापत सम्बन्धित अदालतमा सो जरिवाना वापत सुरक्षण स्वरूप जमानत दिने र लिइने गरिन्छ । यो व्यवस्थाको प्रयोग नेपालमा पहिलेदेखि नै हुँदै आएको देखिन्छ ।

**कानूनी प्रावधानः**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को उपदफा (१०) मा सात महिनाभन्दा बढी अवधिको गर्भवती महिला, बालबालिका र पचहत्तर वर्ष नाघेको व्यक्तिलाई कसूरको प्रकृति हेरी अनुसन्धान अधिकारीले थुनामा नराखी अनुसन्धान गर्न मनासिब देखेमा सो को कारण खुलाई पर्चा खडा गरी तारिखमा राखी अनुसन्धान गर्न सक्नेछ भन्ने व्यवस्था गरेको छ ।

त्यसै गरी संहिताको दफा १५ मा हिरासतमा रहेको व्यक्तिलाई अनुसन्धान अधिकारीले छाड्न सक्ने व्यवस्था गरेको छ । जसअनुसार अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले सरकारी वकिलको सहमति लिई वा तत्काल त्यस्तो सहमति लिन सकिने अवस्था नभएमा कारण सहितको पर्चा खडा गरी त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारिखमा राख्न सक्नेछ । यसरी धरौट वा जमानीमा छाड्दा वा तारिखमा राख्दा त्यसरी छोडिएको वा तारिखमा राखिएको व्यक्तिउपर मुद्दा चलाउने भएमा त्यस्तो अवस्थामा निज उपस्थित हुने गरी निजको कागज गराउनु पर्नेछ । हाजिर जमानी दिने व्यक्तिले हाजिर जमानीमा छोडिएको व्यक्तिलाई अनुसन्धान अधिकारी वा

सरकारी वकिल कार्यालयले तोकेको समयमा उपस्थित गराउनु पर्नेछ । तोकेको समयमा त्यस्तो मानिस उपस्थित नगराएमा हाजिर जमानी दिने व्यक्तिलाई अनुसन्धान गर्ने अधिकारीले पचास हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ । तारिखमा राखी अनुसन्धान गरेकोमा अनुसन्धान अधिकारीले त्यसको जानकारी सरकारी वकिल र माथिल्लो प्रहरी कार्यालयलाई दिनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ ।

त्यसै गरी संहिताको परिच्छेद ७ मा अदालतले थुनछेक, धरौट तथा जमानत र तारिखमा छाड्ने सम्बन्धी कानूनी व्यवस्था छ । उक्त कानूनी व्यवस्थामा विभिन्न आधार र अवस्थामा थुनामा राख्ने, धरौट वा जमानत वा तारिखमा अभियुक्तलाई अदालतले छाड्न सक्ने देखिन्छ । संहिताको दफा ६७ मा जन्मकैदको सजाय हुने कसूर, तीन वर्ष भन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची १ वा अनुसूची २ अन्तर्गतका कसूर तथा उपरोक्त यी दुवै प्रकारको उद्योग, दुरूत्साहन वा आपराधिक षड्यन्त्र गरेको वा मतियार भएको कसूरका अभियुक्तलाई तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा थुनामा राखी पूर्पक्ष गरिने कानूनी व्यवस्था छ । त्यसै गरी कानून बमोजिम कैदको सजाय हुन सक्ने अभियुक्तले अदालतमा कसूर स्वीकार गरेको र मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गर्दा थुनामा राख्न मनासिब देखिएको, एक वर्ष वा सोभन्दा बढी सजाय हुन सक्ने कसूरको अभियोग लागेको अभियुक्तको नेपालमा स्थायी बसोबास नभएको र निजलाई थुनामा नराखेको खण्डमा निज भाग्ने र पछि पक्राउ पर्ने सम्भावना नरहेकोमा, दफा ५८ को उपदफा (१) बमोजिम जारी भएको पक्राउ पूर्जी बमोजिम म्यादभित्र हाजिर नभई अभियुक्त पक्राउ भई आएको र निजले उजुरी साथ अदालतमा उपस्थित हुन नआएको कुनै सन्तोषजनक कारण देखाउन नसकेकोमा र अभियोग लाग्नुभन्दा तीन वर्षअघिको अवधिभित्र अन्य कुनै कसूरको अभियोगमा निजले कैद सजाय पाउने ठहर भएको अवस्थामा त्यस्ता अभियुक्तलाई पुर्पक्ष चरणमा थुनामा नै राखिने व्यवस्था कार्यविधि संहितामा गरिएको छ । यी बाहेक अन्य अपराध र दश वर्षभन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा बाहेक अभियुक्त बालबालिका वा शारीरिक वा मानसिक रोग लागि अशक्त भएको वा सात महिनाभन्दा बढीकी गर्भवती महिला वा पचहत्तर वर्ष माथिको वृद्ध भएमा त्यस्तो अभियुक्तलाई अदालतले धरौटी वा जमानत लिई तारिखमा छोड्न सक्ने समेत कानूनी

व्यवस्था गरेको छ ।

कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २० मा अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखी रहन आवश्यक वा उपयुक्त नदेखिएमा वा निजको विरूद्धमा तत्काल वस्तुनिष्ठ सबुत प्रमाण नभएमा वा नदेखिएमा धरौट वा जमानत लिई वा कुनै माथवर व्यक्तिको जिम्मा जमानीमा छाड्नुपर्ने भएमा सम्बन्धित अनुसन्धान अधिकारीले अनुसूची-९ बमोजिमको ढाँचामा आफ्नो राय वा निणर्य सहित मिसिल कागजात सहित सहमतिको लागि सम्बन्धित सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ । प्राप्त मिसिल अध्ययन गर्दा त्यस्तो व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखेमा हिरासतमा रहेको त्यस्तो व्यक्तिलाई हिरासतबाट छोड्न सम्बन्धित सरकारी वकिलले सहमति दिनेछ । मुद्दाको गाम्भीर्यता तथा संकलित प्रमाणलाई विचार गरी त्यसरी छाड्न उपयुक्त नदेखिएमा त्यसको कारण खुलाई सम्बन्धित सरकारी वकिलले सहमति नदिन सक्नेछ । यसरी सहमतिको लागि सम्बन्धित सरकारी वकिल कार्यालयमा तत्काल पठाउन नसकिने अवस्था भएमा अनुसन्धान अधिकारीले कारण सहितको पर्चा खडा गरी सरकारी वकिलको सहमति नलिइकन पनि त्यस्तो व्यक्तिलाई धरौट वा जमानत लिई वा कुनै माथवर व्यक्तिको जिम्मा जमानीमा छाड्न वा तारिखमा राख्न सक्नेछ । सरकारी वकिलको सहमति नलिइकन धरौट वा जमानत वा जिम्मा जमानीमा छाड्ने वा तारेखमा राख्ने गरी निणर्य भएकोमा सो निणर्यको जानकारी यथाशीघ्र सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ भन्ने व्यवस्था छ ।

त्यसैगरी नियम २१ मा धरौटी, जमानत, हाजिर जमानी वा तारेखमा छोड्दाको विस्तृत प्रक्रियाको सम्बन्धमा उल्लेख गरिएको छ । जसअनुसार अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यक्तिलाई संहिताको दफा १५ को उपदफा (१) तथा नियम २० बमोजिम अनुसन्धान अधिकारीले हिरासतमा रहेको व्यक्तिलाई धरौट वा जमानतमा छाड्दा सो सम्बन्धमा निर्णय गरी नगद वा बैंक ग्यारेन्टी लिनु पर्नेछ । नगद वा बैंक ग्यारेन्टी दिन नसक्ने भएमा सम्बन्धित मालपोत कार्यालयले मूल्याङ्कन गरे अनुसारको जेथा जमानत लिनु पर्नेछ । बैंक ग्यारेन्टी दिएकोमा त्यस्तो बैंक ग्यारेन्टी असिमित अवधिको हुनु पर्नेछ । अनुसन्धान अधिकारीले देहायको कुरा विचार गरी अनुसन्धानको क्रममा हिरासतमा रहेको व्यक्तिसँग धरौट वा जमानत वा बैंक

ग्यारेण्टीको रकम तोक्नु पर्छ भन्ने व्यवस्था गरेको छ ।

- कसूरको प्रकृति र गम्भीरता,
- अभियुक्त तथा कसूरदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति,
- अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति,
- निज पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको,
- निजले एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको,
- निजलाई हुन सक्ने सजाय र निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति,
- कसूरबाट पीडितलाई पुगेको क्षति,
- कसूरबाट सृजित परिणाम,
- कसूरमा साविती भए वा नभएको,
- असहाय वा अशक्त व्यक्ति वा गर्भवती वा स्तनपान गराउने शिशु भएकी महिला भए नभएको ।

कुनै व्यक्तिबाट धरौट, जमानत वा बैंक ग्यारेण्टी लिंदा अनुसूची-१० बमोजिमको ढाँचामा कागज गराउनु पर्नेछ । प्रतिवादीले नगद रकम दाखिल गर्न ल्याएमा सो रकम सम्बन्धित कार्यालयले धरौटी खातामा जम्मा गरी त्यसको प्रमाण मिसिल सामेल राख्नु पर्नेछ । अदालतबाट थुनछेकको क्रममा अनुसन्धान अधिकारीले लिएको धरौटी नै कायम गरेमा त्यसरी कायम गरेको रकम बाहेक बाँकी धरौटी सम्बन्धित अनुसन्धान अधिकारीले सम्बन्धित व्यक्तिलाई तत्काल फिर्ता गरिदिनु पर्नेछ । धरौट, जमानत वा बैंक ग्यारेन्टी लिई अनुसन्धानमा रहेको व्यक्ति अनुसन्धान अधिकारीले खोजेका बखत उपस्थित नभई फरार भएमा निजले राखेको त्यस्तो धरौट, जमानत वा बैंक ग्यारेन्टी बापतको रकम जफत हुनेछ । तर काबु बाहिरको परिस्थिति परी उपस्थित हुन नसकेको भनी मुद्दा दायर गर्ने हदम्याद भित्रै एकै पटक वा बढीमा दुई पटकसम्म कारण जनाई निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिब देखिएमा एकै पटक वा पटक-पटक गरी बढीमा पन्ध्र दिनसम्म उपस्थित नभए पनि निजले राखेको त्यस्तो धरौट, जमानत वा बैंक ग्यारेन्टी बापतको रकम जफत हुने छैन । नगद, बैंक ग्यारेन्टी वा जमानत नदिने व्यक्तिलाई अनुसन्धान अधिकारीले थुनामा नै राख्नेछ । थुनामा राखिएको व्यक्तिलाई यस नियम बमोजिम नगद, बैंक ग्यारेन्टी वा जमानत लिई वा कसैको जिम्मा जमानीमा छाडी अनुसन्धान अधिकारीले तारिखमा राखी वा आवश्यकता भएको बखतमा उपस्थित हुने गरी अनुसन्धान गर्न सक्नेछ । अनुसन्धान अधिकारीले जमानी दिने व्यक्तिलाई जरिवाना गरी असूल गरेको रकम नेपाल सरकारको खातामा जम्मा

गर्नु पर्नेछ भन्ने समेतको व्यवस्था गरेको छ ।

त्यसै गरी नियम २५ अनुसार कसूरसँग सम्बन्धित कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्ने मनासिव आधार नदेखिएको अवस्थामा अनुसन्धान अधिकारीले पक्राउ नगरी अनुसन्धान गर्नु पर्नेछ । कैदको सजाय नहुने कुनै कसूरको अनुसन्धान गर्नु पर्दा सोसँग सम्बन्धित व्यक्तिलाई हिरासतमा नराखी अनुसन्धान गर्नु पर्नेछ । हिरासतमा नराखी अनुसन्धान गर्नु पर्दा आवश्यकता अनुसार त्यस्तो व्यक्तिसँग धरौट, जमानत वा कुनै माथवर व्यक्तिको जिम्मा जमानीमा छाड्न सकिनेछ भन्ने कानूनी व्यवस्था रहेको छ ।

**न्यायिक दृष्टिकोणः**

थुनामा राख्न आवश्यक वा उपयुक्त नदेखिएमा वा निजको विरूद्धमा तत्काल वस्तुनिष्ठ सबुत प्रमाण नभएमा वा नदेखिएमा वा प्रमाणित आधार बेगर आरोप लाग्नासाथ थुनामा राख्न नमिल्ने भनी सर्वोच्च अदालतबाट विभिन्न मुद्दाहरूमा नजिर सिद्धान्त प्रतिपादन भएको छ । केही नजिरहरू देहाय बमोजिम रहेको छ ।

**रामप्रवेश साह समेत विरूद्ध पुनरावेदन अदालत, पाटन समेत (ने.का.प. २०७०, अंक ४, पृष्ठ ४८३)ः**

- अनुसूची १ मा उल्लिखित कुनै अपराधमा अनुसन्धानको लागि पक्राउ परेका व्यक्तिलाई थुनामै राखी तहकिकात गर्नुपर्ने अवस्था स्पष्ट उल्लेख गरेर मात्र प्रहरी कार्यालयले हिरासतमा राख्ने अनुमति माग गर्नुपर्ने र अदालतले पनि अनुमति दिन सक्ने ।
- पक्राउ परेको व्यक्तिलाई प्रहरी हिरासतमा नराख्दा अनुसन्धान तहकिकात नै अवरूद्ध हुन जाने वा अनुसन्धान तहकिकातमा प्रतिकूल प्रभाव पर्ने, पक्राउ परेको व्यक्तिले आफू विरूद्ध लाग्ने सबुद प्रमाणमा हस्तक्षेप गरी नष्ट गर्न सक्ने र निजले समाजमा पुनः अपराध गर्न सक्ने अवस्था देखिएमा थुनामै राखेर तहकिकात गर्नुपर्ने । प्रहरी हिरासतमा नराखी अनुसन्धान हुन सक्ने अवस्थामा प्रहरी हिरासतमा राख्नु औचित्यपूर्ण नदेखिने ।

**आनन्द ग्वाला वि. काठमाडौं जिल्ला अदालत (ने.का.प. २०७१, अंक ८, नि.नं. ९२२४)ः**

- थुनामा राख्ने अख्तियारी भएकै भए पनि कुनै पनि व्यक्तिलाई पुर्पक्षको लागि नै किन नहोस् थुनामा राख्दा कानून संगत आधार र कारण हुनै पर्छ । कानूनको जथाभावी

प्रयोगले न्यायलाई पराजित गर्छ भन्नेतर्फ सचेत रही न्यायकर्ताले न्यायिक विवेक पुऱ्याएर कार्य गर्नुपर्ने ।

**ताजश्री सिंह वि. ललितपुर जिल्ला प्रशासन कार्यालय (ने.का.प. २०७१, अंक १०, नि.नं.९२७२):**

- निवेदक प्रतिवादीलाई पक्राउ गर्ने र हातहतियार तथा ओखेटोपहार बरामद गर्ने कार्य सम्पन्न भएपछि पनि पटक-पटक फरक-फरक मुद्दाहरूमा एकबाट छुटी जाने देखेमा अर्को मुद्दामा अनुसन्धानको लागि भनी म्याद थप गर्दै थुनामा राखिराख्ने मानसिकता पाल्नु प्रचलित सारवान कानून, कार्यविधि कानून र त्यसका मान्य सिद्धान्तहरूको समेत प्रत्यक्ष उल्लङ्घन भएको देखिन आउने ।

**मंगल सिंह लिम्बु वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौं (ने.का.प. २०७५, अंक ९, नि.नं. १०१०४):**

- भन्सार कार्यालयले अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्ने भन्ने कानूनी व्यवस्थाको अर्थ मनासिब आधार र कानून बिना कसैलाई पनि पक्राउ गर्ने र थुनामा राखी अनुसन्धान गर्न पाउने भन्ने कदापि होइन । आरोपित व्यक्तिले कुनै प्रमाण लोप वा नास गर्नसक्ने अवस्थाको विद्यमानता भएको स्थितिमा वा कानूनले थुनामै राख्नुपर्ने व्यवस्था गरेमा मात्र थुनामा राखी अनुसन्धान तहकिकात गर्नुपर्ने हुन्छ । अन्यथा थुनामा राख्नु अन्तिम विकल्पको रूपमा प्रयोग गर्नुपर्ने ।

**सुशिला थाम्सुहाङ विरूद्ध विपक्षी : काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौं समेत (ने.का. प.२०७६, अंक ४, १०२३५) :**

- प्रतिवादीले कसूर गर्दाको अवस्था, परिस्थिति, वारदातमा निजको भूमिका र कसूरबाट निजलाई हुन गएको वा प्राप्त भएको फाइदा र पीडित वा जाहेरवालाहरूलाई पर्न गएको क्षतिका साथै प्रतिवादीको आर्थिक हैसियतलाई समेत ध्यानमा राखेर कानूनी आधारहरूसँग मेल खाने गरी अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्ने वा विवेकसम्मत ढङ्गले धरौट, जेथा जमानत वा बैंक ग्यारेण्टी माग्नुपर्ने ।

**कार्यान्वयनको अवस्थाः**

हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले सरकारी वकिलको सहमति लिई हाजिर जमानीमा छोड्ने गरेको पाइए पनि यस कानूनी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन । कोभिड १९ को संक्रमण

बढेको समयमा मिति २०७६।१२।६ मा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा बसेको बैठकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ तथा फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २१ अनुसार अपराध अनुसन्धानको क्रममा शंकित व्यक्तिलाई कसूरको गम्भीरता र संवेदनशीलता एवम् निजलाई लागेको आरोपको प्रकृति समेतलाई विचार गरी धरौटी लिने वा हाजिर जमानीमा छाड्ने वा तारिखमा राख्ने गरी तत्काल कार्यान्वियन गर्न अनुसन्धान गर्ने निकायहरू र सरकारी वकिल कार्यालयहरूलाई निर्देशन दिने निर्णय भएको थियो । यसै गरी फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २५ अनुसार अपराध अनुसन्धानको क्रममा कसूरको गम्भीरता र संवेदनशीलता एवं निजलाई लागेको आरोपको प्रकृति समेतलाई विचार गरी शंकित व्यक्तिलाई पक्राउ नगरी अनुसन्धान गर्ने व्यवस्था कार्यान्वयन गर्न अनुसन्धान गर्ने निकायहरू र सरकारी वकिल कार्यालयहरूलाई निर्देशन दिने समेतका निणर्य गरेको भए तापनि सो समयमा उल्लिखित कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन हुन सकेन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दामा धरौटी लिने वा हाजिर जमानीमा छाड्ने वा तारिखमा राख्ने सम्बन्धी कानूनी व्यवस्थाको पर्याप्त अभ्यास गरेको पाइन्छ ।

अनुसन्धान अधिकारीले हिरासतमा राख्नु नपर्ने अवस्थामा छाड्दा जथाभावी रूपमा यो व्यवस्थाको प्रयोग नहोस् भन्ने मनसायले प्रचलनमा रही आएको सरकारी वकिलको सहमति लिनुपर्ने वा तत्काल सहमति लिन नसकिने भएमा आधार र कारण सहितको पर्चा खडा गरी हिरासतमा रहेको व्यक्तिलाई छाड्ने व्यवस्थालाई निरन्तरता दिई यो व्यवस्थाको प्रयोगमा नियन्त्रण र सन्तुलनको व्यवस्थालाई कायम गरिएको छ । सरकारी वकिलको सहमति लिन नसकिने अवस्थाबारे निरपेक्ष रूपमा उल्लेख गर्नु व्यावहारिक नहुने भएको र यो तत्कालको परिस्थितिमा भर पर्ने भएकाले सो कुरा पर्चा खडा गर्दा स्पष्ट उल्लेख गर्नुपर्ने व्यवस्था गरी त्यस्तो अवस्थाबारे किटान नगरिएको हो । यसरी सरकारी वकिलको सहमति तत्काल लिन नसकिने अवस्थाका बारेमा निश्चित सिमाङ्कन गर्न नसकिने भए पनि सामान्यतः अनुसन्धान गर्ने निकाय र सरकारी वकिल कार्यालयको भौगोलिक दुरी फरक भई यातायात र आवागमनका कारणले तत्कालै सहमति लिन नसक्ने अवस्था परेमा, लामो बिदाको कारण सरकारी वकिल कार्यालय खुला नभएको अवस्था

परेमा यस्तो अवस्था सिर्जना हुन सक्छ । मूलतः सरकारी वकिलसँग सहमति नलिई अनुसन्धान अधिकारीले हिरासतबाट छाड्ने कार्य नियमको रूपमा नभई अपवादको रूपमा मात्र प्रयोग गर्नु पर्दछ ।

संहिताले अनुसन्धानको चरणमा पनि अदालतले सरह साधारण तारिख, व्यक्तिगत जमानत वा निश्चित धरौटी लिई आरोपितलाई हिरासतबाट रिहा गर्न सक्ने व्यवस्था गरेको छ । धरौट, जमानत वा बैंक जमानतको रकम तोक्दा कसूरको प्रकृति र गम्भीरता, अभियुक्त वा कसूरदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति, अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति, निजले पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको, निजले एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको, निजलाई भएको वा हुन सक्ने सजाय र निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति, कसूरबाट सिर्जित परिणाम, कसूरमा साविती भए वा नभएको, असहाय वा अशक्त व्यक्ति वा गर्भवती वा दुधे बालबालिका भएको महिला अभियुक्त रहेको अवस्था लगायतलाई विचार गरी मनासिब किसिमले तोक्नु पर्दछ । उपरोक्त शर्तहरू मध्ये एउटै मुद्दामा रहेका अभियुक्तहरूबीच फरकफरक रूपमा लागू हुने अवस्था रहन सक्छ । धरौट माग गर्दा एकै प्रकृतिका मुद्दाका अभियुक्तका हकमा पनि फरकपना आउन सक्दछ । धरौट वा जमानत वा तारिखमा छाड्दा प्रमाणको अपर्याप्तता, विश्वास गर्नुपर्ने मनासिब आधार नभएको, हिरासतमा राख्न आवश्यक र उपयुक्त नभएको अवस्था विद्यमानता हुनुपर्ने देखिन्छ । धरौट वा जमानत वा हाजिर जमानीमा छाड्नुको आधार, कारण र कानूनी व्यवस्था स्पष्ट उल्लेख गरी निर्णयपर्चा खडा गर्नु पर्दछ । थुनछेकको आदेश गर्ने क्रममा अदालतले अवलम्बन गर्ने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद -७ मा उल्लिखित अवस्था र कार्यविधिको समेत पालना गर्नु उपयुक्त हुने देखिन्छ । अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र अन्य निकायमा गरिएको अभ्यासलाई समेत अनुशरण गर्नु पर्दछ । अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यक्तिलाई अनुसन्धान अधिकारीले धरौट, जमानतमा छाड्ने कानूनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नका लागि सर्वोच्च अदालतबाट जारी भएको धरौट तथा जमानत निर्देशिका, २०७५ जस्तै निर्देशिका प्रहरीको लागि समेत जारी गर्नु पर्ने देखिन्छ ।

**निष्कर्षः**

गम्भीर प्रकृतिका फौजदारी कसूरले समाज, व्यक्तिलाई पार्ने असरलाई दृष्टिगत गरी तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिए अनुसन्धानको सिलसिलामा

थुनामा राखिन्छ । त्यस बाहेक धरौटयोग्य कसूरमा धरौट पक्षको अधिकारकै रूपमा रहने हुन्छ । तर धरौट लिंदा पनि पक्षको आर्थिक हैसियत, पारिवारिक, उमेर, शारीरिक स्थिति, पहिले कसूर गरे नगरेको, कसूरको प्रकृति र गम्भीरताको आधारमा वस्तुगत रूपमा निर्धारण गर्नुपर्ने हुन्छ । यसो गर्दा एकै प्रकृतिका मुद्दा वा एउटै प्रकृतिका अभियोगमा पनि अभियुक्त पिच्छे धरौटको अंक फरक-फरक हुन सक्दछ । धरौट जमानतको उद्देश्य व्यक्तिगत स्वतन्त्रताको रक्षा र फैसला कार्यान्वयनको सुनिश्चिततातर्फ पनि लक्षित हुनुपर्दछ । प्रहरीको अनुसन्धान अधिकारीले धरौट वा जमानतको अभ्यास गर्दा अदालत र अन्य निकायले गरेको अभ्यासलाई अध्ययन गर्नु जरूरी छ । अदालतको आदेश अनुसार नगद धरौटको सट्टा अर्कै व्यक्तिको जग्गा जमिन जेथा जमानत दिई लिई तत्पश्चात प्रतिवादी वेपत्ता हुने गरेको घटनाहरू प्रशस्तै देखिएको छ । यसै कारण फैसला कार्यान्वयन कमजोर हुन पुगेको अवस्था पनि रहेको छ । छाडिएको व्यक्तिलाई सजाय हुने गरी फैसला भएको अवस्थामा कैद जरिवाना असूल हुन नसक्ने गरी धरौट जमानत वा तारिखमा छोड्दै जाने हो भने प्रहरीको व्यवसायिकता र विश्वासमा आँच आउने भई फौजदारी न्याय प्रशासन नै कमजोर बन्न जाने सम्भावना पनि हुन सक्छ । त्यसैले धरौट वा जमानत सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा अनुसन्धान अधिकारी र सरकारी वकिल सजग हुन जरूरी छ । यसलाई व्यवस्थित र एकरूपता कायम गर्नका लागि सर्वोच्च अदालतले जारी गरेको जस्तै निर्देशिका आवश्यक पर्ने देखिन्छ । ♦♦♦

गीत

## मलाई त लाग्छ राम्रो



✍ **घनबहादुर थापा**

मलाई त लाग्छ राम्रो मेरै देशको काम
आफ्नै माथि आकाशको घमाइलो घाम

जान्नँ कतै देश छोडी खोज्दै सुखी पाटो
खोजी हिंड्छु यहीं कतै समृद्धिको बाटो
लाग्छ जहिले नेपाल यो कति प्यारो नाम
आफ्नै माथि आकाशको घमाइलो घाम

छुट्टाछुट्टै संस्कृति र भाषा भेष यहाँ
प्रकृति र सौन्दर्यको मिलन छ जहाँ
गुराँस यी फूल्ने हाम्रै रमाइलो ठाम
आफ्नै माथि आकाशको घमाइलो घाम

मलाई त लाग्छ राम्रो ....
आफ्नै माथि आकाशको ....

नियात्रा

# सिस्ने हिमालको छाया



✍ युवराज नयाँघरे

'मौरी पो भएँ म त !'

साँख दह फन्को मारेर उत्तरको पाखो उभिँदा कुरा खेले मनमा ।

चारैतिर पहेँलपुर तोरी फुलेको थियो । ठूला-ठूला फाँट । गरा माझमा टुप्लुक्क घरहरू ठडिएका थिए । पहेँलै तोरीले मन उचालियो ।

बिहानै मुसीकोटबाट साँख दहको बखान सुनेकोले यता आएथेँ म । रूकुमको साँख दह पनि नामी रहेछ । वरिपरि बस्तीले घेरिएथ्यो । बच्चा पौडाइरहेथे एक दुई हाँसले । दहका चारै कुनामा तोरीको लहलहले हम्म-हम्मे भो मन थामिन ।

मास्तिर अजङ्गको पहाड पूर्व-पश्चिम पसारिएको थियो । फेदीमा टार देखिन्थ्यो । त्यहाँ पनि तोरीबारी, बाटा र टाँडे घरहरूले आँखा लट्ठिन्थे ।

पहाडमा घना जङ्गल । जङ्गल च्यातेर ठूला-ठूला चट्टानले मुन्टो देखाएका थिए ठाउँ-ठाउँमा । तल फाँटका घरले बाक्लो उज्यालो सोसेको लाग्थ्यो । घरका पिँढीमा बस्नेको आयु कति लामो होला ?

साँख दहबाट तेर्पे बाटो भएर माथि सडकसम्म पुगुञ्जेलमा दुई वली र एक बुढाले छोडेनन् । पूर्ण, मनराम अघिपछि हुन्थे । पूर्ण थिए अर्का रौसे बुढा ।

थरले बुढा भए पनि ती ज्यानले नि बुढ्यौलीतिर उक्लेथे । तर बोली र चालामालामा औधी रौसे र ठट्यौलो लाग्थे ।

दक्षिणतिर लस्करै चुली थिए । केही टार र भुरूप्प बस्ती नि टुप्लुकिइरहेथे । हामी उत्तर ताकेर माथि सडक छेउमा पुग्दा पूर्ण बुढा मेरा छेउ परिहाले ।

'ऊ त्यो तिला गैरा !'

बुढाले तोरी फुलेको पाखो देखाए ।

'भाटा लराउने चैँ त्यो !'

बुढाका औँला फेरि उत्तरतिरै तेर्सिए ।

'यताको चैँ फिउसेली पाखा !'

पूर्णले औंल्याएतिर हेरें ।

मैले मुस्काएर वरपरका सबै थुम्का, पाखा र टारहरू हेरें । पश्चिम रूकुमका यी मलिला पखेरा, गाउँ र बस्तीमा उज्यालो छरिएर मग्न भइरहेथें म, लट्ठ परिरहेथें म, फुरूङ भइरहेथें म ।

अनि मज्जैले पूर्व हुइँकिएर हामी पुगेथ्यौं मसिना पाखा । यसै पाखाबाट अब हाम्रो असिनपसिन सुरू हुँदै थियो । यहींबाट हाम्रो ज्यानले पसिनाका शब्द घोकेर वाक्य लेख्नुपर्ने थियो । अनि लामै समय पसिनाका आपट्टे-आपट्टे अनुच्छेदमा घोत्लिनु पर्ने थियो ।

'यो मसिना पाखा !'

ओपेन्द्र कुमारी बूढाले बाटो देखाउन थालिन् ।

'खोई त बाटो ?'

मैले पहिरिरहेको भिरमुनि लुकिएर सोधें । मेरा वरिपरि अरू नि थिए । तिनका आँखामा पनि उस्तै खुल्दुली थियो, त्यस्तै खसखस थियो र यस्तै खोजी थियो- 'साँच्ची, खोई त बाटो हँ ?'

सत्तरी टेकेकी बुढी ठाडै भीर नाघेर माथि पुगिहालिन् । 'आऊ-आऊ' उनको बोली म तल बसेर सुनिरहेको छु । मेरा आँखाले नदेखेको बाटोमा गजबको भारी बोकेर गइरहेकी छन् बुढी ।

'हत्तेरिका, हाम्रो फोक्से ज्यान !'

बिस्तारै भिर चढें । अरूहरू नि हुलमा मिसिए । ओपेन्द्रले निकै पर पुगेर मेरा पाइला चलाइ हेरिरहिन् । मलाई गफमा भुलाइरहेथे उनका खसमले ।

भिरमा आफैं बाटो बनाएर हिंड्नु पर्थ्यो । पोथ्रापोथ्री कन्याककुरूक पार्दै, लहराबाट जोगिंदै म लम्किरहेको थिएँ । मसिना गिर्खे ढुङ्गा औधी कडा थिए । बालुवा जस्तो बुरबुरे भए पनि हावा, पानी र लेकको स्याँठले जब्बरिएका थिए ती बालुवाका कण समेत । अररिएका ढुङ्गाका चप्परीको खात भिरभरि थियो । भर गरेर टेक्दा हत्केलामा काँडा रोपेको लाग्थ्यो ।

'यी काँडा हुन् कि ढुङ्गा ?'

मैले अत्तालिएर सोधें ।

'हावापानीले ताछिएका ढुङ्गा ।'

मनराम बोले ।

घसेरा, दाउरा र गुवालाले चिरेका सुरिला डोब र खिरिला गोरेटाले वनमा अल्मलिन्थे आँखा । कता पो लाग्ने होला ! बाटोमा अइरी, ऐंसेलु, कुकुरडाइनो, टिम्मुर, चोथ्रा, करेली घँगारू, खर्सु, रइस, डिमुरका लहरा र बिरूवा चिनिरहेथें म ।

निकै तेर्छो हिंडेपछि माथि अलिक फराकिलो ठाउँमा थेच्चिएँ म त । मलाई गिरिबहादुर, मनराम र पूर्ण वलीले छोडेका छैनन् । ओपेन्द्रको अनुहार

त के हराइसकेको छ छायाँसम्म ।

'तेरो जोस सिद्धिएछ, केटा !'

उकालीमा दम फुलेपछि मैले गनगन गरें मनसँग ।

गोठाले पानीमा पुगेर ज्यान छोडेर थेच्चिएँ म । साह्रै लल्याक-लुलुकिएका थिए खुट्टा ।

दक्षिणतिर खोंच, टार, पखेराले झकिझकाउ देखिन्थ्यो । त्यसलाई अर्को ठूलो लमतन्ने डाँडाले छेकारो मारेर अँगालो हालेको लाग्थ्यो ।

'ऊ त्यो नौ बैनीको लेक !'

मनरामले नागबेली परेर गएको पहाड देखाए । पहाडका अनेक चुचुराहरू अग्लिने र थेप्चिने क्रममा देखिन्थे । हरियो वनले पहाडका टाकुरा लोभलाग्दा लाग्थे ।

तल बेगिएर पूर्व गएको धुलाम्मे बाटोले रोल्पा भएर बाग्लुङ निस्कने छाटकाँट छ भन्थे वली र बुढा । ती दुवै अनेक तर्क तेर्स्याएर बाटोले छुने पहाड, लेक र नदीबारे बताइरहेथे ।

जङ्गल बाक्लिँदै छ । उकालो पनि दोब्रिई-दोब्रिई सामु परिरहेको छ । पसिनै छुटायो बाटोले ।

निकै माथि पुगेपछि घाम पछाडि पऱ्यो । जङ्गलमा अग्ला-अग्ला बोटहरू भेटिए । अनौठो बास्ना नाकमा ठोक्किन्थ्यो घरीघरी ।

लुगा फुकाल्ने र खाप्ने भइरह्यो पटक-पटक । जाडो र गर्मीले ज्यानमा मुसा बिरालाको खेलै पो खेले त ।

'यो कात्तिके चुत्रो !'

मनरामले एक पसर ल्याए ।

चाखेर स्वाद लिएँ । त्यसपछि फेरि लम्क्यौं हामी । बाक्लो जङ्गलमा गोरेटो देखियो । बाटो देख्दा नि मनमा कत्ति धेरै उज्यालो ।

उत्तर-पश्चिम भएर हामी गइरहेका छौं । अघि-अघि पुग्ने कमल, सिर्जना, ओपेन्द्रले बाटो बनाउँदै गएको लाग्छ । जङ्गलमा बोली नै त पछि जानेका लागि बाटो हो । त्यसैलाई पछ्याएर हाम्रा आँखा, खुट्टा र चेतना लम्केका छन् लमक-लमक ।

तिर्खा लागेथ्यो हरहरी । त्यही चुत्रोले अरू तिर्खा मेटियो ।

बाटो दक्षिण लाग्नै लाग्दा साथीहरू भेटिए । थकाइ मारेर बस्नेहरू कोही अकास पढिरहेथे, कोही धर्तीकै जपनाले थिचिएथे ।

ओपेन्द्र र सिर्जनाले पालैपालो पानी खाए । पानी खाने तरिका नि गजबै लाग्यो ।

जङ्गलको सिमपानी खान आँट गरिनँ मैले । टोपी डुबाएर पानी झिकें । अनि टोपीले छानिएको पानीको तपतप थोपाले आँत भिजाएँ । त्यसको सिको अघिकाबाट गरेथें मैले ।

उकालो लाग्दा पूर्ण बूढाले भने-

'साउने पानी यो । अन्त सुके नि यहाँ रसाइरहन्छ ।'

फेरि तपाऱ्या र तेर्छोमा हाम्रो हुल पुग्यो । वन पातलिएर अनौठो छाया वरपर आयो । आँखाले अब के देखिएला–के देखिएला भनिरहेका थिए ।

'ओहो, यस्तो पो !'

हामी त स्वाट्टै ठूलो चौरमा पुगेछौं । वरिपरि घनघोर जङ्गल छ । माझमा ठूला-ठूला चौर । बीचमा थोरै सुकेको अनि पूर्व र पश्चिमी कुनामा बेस्सरी फुकेको चौरलाई ठूली दह भनिँदोरहेछ ।

'दहमा पानी खोइ त ?'

'तलैबाट ल्याएकी छु !'

मेरो बोली भुइँमा खस्न नपाउँदै ओपेन्द्रले प्लास्टिककै पानी बोतल थमाइन् हातमा । मैले एक थोपो पानी नरही सुकेको लमतन्ने रह हेर्दै आफ्नो हर्हराएको आँत मेटें । दह पूरै सुकेको थियो । लहरा, घाँस र पोथ्राले भरिएर तालको पानी बिलाएथ्यो सर्लक्कै ।

'द्वन्द्वका बेला यीं त तालिम गर्थे !'

बुढाले इतिहास सम्झिए ।

'सुरक्षित फेरि त्यत्तिकै । सेना-प्रहरी कसैले नदेख्ने !'

वलीले थपे ।

हुन पनि लड्दैपड्दै डेढ घण्टाको उकालीपछि हामी आइपुगेथ्यौं । ब्यारेक र थानाको सरकारी शक्ति सजिलै के आइपुग्थ्यो होला र यो ! फेरि पाइलै पिच्छे सबै अत्ताउने गोलाबारूद हाल्थे । निशानाबाट जोगिएर ठूली दह पुग्न सजिलो काँ पो थियो होला र ?

'तपाईंहरूलाई यहाँ सिगारूँ, टप्पा, मयुर नाचहरू देखाउने रे । मैले तपाईंहरूसँग त्यो लोप भएको नाच नदेखाई भो त !'

बुढाको अनुहारमा चमक थियो ।

पश्चिमबाट एउटा ठूलै हूल हामी भएतिरै आइरहेथ्यो । हामीले झोला, पन्तुरा एउटा रूखमुनि बिसायौं । आएको हुल त्यै सरसामानतिर बस्यो ।

फेरि उत्तरतिर लाग्यौं हामी ।

पूर्णबहादुर अघि लागे । बाटोमा उनले डिमुर खुवाए । जङ्गली फल डिमुर मधेसमा फल्ने जस्तै स्वादिलो थियो । मैले मागी-मागी खाएँ । घरी पनि बुढाले चखाए ।

उकाली निकै अप्ठ्यारो थियो । ढुङ्गाका पत्रे खात पानी र लेकाली हावाको प्रहारले एकदमै धारिला थिए । लहराको काँडोभन्दा ढुङ्गा चुच्चा र तिखा थिए । हत्केला पर्नासाथ कोत्रिहाल्थे ।

'हत्तेरिका, गलियो पो !'

सँगै गएका साथीहरू माथि

पुगेर हल्लीखल्ली गरिरहेथे । लट्ठीको टेकोमा अडिएर म दिक्क भइरहेथे । पासुंला गलेर गोडै अघि सरेनन् ।

रूकुमभरि तालैताल रहेछन् । ताल र टाकुराले गर्दा प्रसिद्धि कमाएको रहेछ रूकुममा । जतातत्तै ताल र टाकुरा देख्न पाइन्थ्यो ।

'मैले जानेका तालको नाम भन्छु है त !' सिर्जनाले भट्याउन थालिन्- 'स्यार्पु ताल, ठूलो गुप्ता दह, कमल दह, गुप्ती दह, सुन दह, तोड्क्या ताल, साँख ठूली दह, पुपाल ताल, तिलाचन ताल, दहनेटा, साँख दह, बिर्गुम खानी, जुम्ली पोखरी दह ।'

उकालीमा म साह्रै थाकेँ ।

मेरा छेउमा थिए पूर्ण वली । त्यसपछि अरू तालका नाम थपे वलीले- 'रोलखोला दह, नम्छैंगो ताल, सितलपोखरी, पोखरी लेक, काँडा दह, मार्वी ताल, मिँ हिमताल, सानो गुप्ता दह, मुसीउ हिमताल, पार्वी हिमताल, खागर हिमताल, पाटन हिमताल, बुकी हिमताल ।'

पश्चिमी पाखो भएर हामी उकालो उक्लिरहेका थियौं । एउटा ढुङ्गेनी चुली सकिएपछि चुचुरोमा पुगिएला भन्ने लागेथ्यो । तर फेरि अर्को त्यस्तै चुली ठडियो । मैले नहतारिई आफूलाई हिँडाइरहें ।

अनौठा ढुङ्गाका रास । ती रासमा गुजुल्टिएका काँडे पोथ्रा, लहरा र हरिया झ्याम्टे बिरूवाले धेरै पटक अत्याएर पछारे मलाई । साँच्चै हिउँले ताछेर बेस्सरी पाकेका ढुङ्गे परिकार लाग्थे । अर्थात भतेर । गुजुज्ज उम्लिँदा पानी फोका जमेजस्ता ढुङ्गा पाक्दा त्यसमा फोका सरक्क जमेका देखिन्थे जतातत्तै ।

स्वाँ स्वाँ... ! स्वाँ स्वाँ... !!

कति धेरै भयो-भयो ।

खुट्टा पनि पो बाउँडिए । पाँसुला पनि थल्लिए । हावाले बेला-बेला फुइँकी मार्दै थियो ।

म पूर्वतिरको फेर समातेर उकालीतिर लम्कें । माथि पुगेर साथीहरू कराइरहेथे, रमाइरहेथे, चम्किरहेथे ।

बिस्तारै मास्तिर लागें । हावा पनि बढ्दै गयो । उसको वेगलाई साथी नमानी करै थिएन । ओठ, हात चिसा न चिसा भइरहेथे ।

थपक्क माथि चुलीमा पुगेपछि मेरो बोली हरायो । बोल्नै सकिनँ मैले । मेरा ओठबाट शब्द हराए ।
म हेरेको हेरेकै भएँ । म निःशब्द रहें । एकदमै जडवत्, मौन र ठिङ्ग म ।

चुपचाप भएँ म । शान्त भएँ म । स्तब्ध भएँ म ।

अकल्पनीय संसारमा म पुगेको थिएँ ।

मेरा अघिल्तिर एउटा अग्लो न अग्लो हिमाल मुस्कुराइरहेथ्यो । विचित्रको हिउँचुली गजधुम्म थियो । अग्लिरहेको थियो अद्‌भूत हिमाल ।

वरिपरि अनेक चुली थिए । तर त्यो अग्लो चुलीको आधा भाग सेतै हिउँ बोकेर अनि आधा भाग पहेंला-काला चट्टानले सिँगारिएर बसेको देखिन्थ्यो ।

कुनै ठूलो ज्वालामुखी त्यो हिमालको थाप्लाबाट उक्लिएको थियो कि जस्तो देखिन्थ्यो । अथवा कचौराको दहीको बीचमा हत्केलाले अर्ध चन्द्राकार शैलीले स्वाट्ट छिनाले जस्तो रूप देखिन्थ्यो सिस्ने हिमालको ।

द्वन्द्वकालभरि मैले खुबै सुनें- सिस्ने हिमालको नाम । युद्ध, लडाइँ, मारकाट, लास, हमला, कोलाहलका बीचमा सिस्नेको नाम पटक-पटक आइरहन्थ्यो । मेरा लागि त्यो बेला सिस्ने हिमालको नाउँ अप्रिय र कहालीलाग्दो उकुसमुकुससँग जोडियो । मेरा लागि त्यो बेला सिस्नेको परिचय पीडा, आँसु र वेदनाको खात भएर बसेको थियो ।

ओहो कति मोहक, कति सौम्य, कति भद्र !

यो विराट् हिमाल हिजो किन डाकियो । हिजो किन यसको सेतोलाई आलो रातोमा बदलियो ?

मैले बाघ खोरबाट पारिको सिस्ने हिमाल हेरिरहँदा मनभरि अनेक कुरा फत्काएँ । मनभरि गुजुमुजु विचार उम्लिए ।

सिस्ने हिमालको पुरानो नाम रहेछ- मुर्कटे हिमाल ।

'किन यस्तो नाम ?'

मैले आवेगमा सोधेँ ।

'यो र अलिक परको हिमाल बीच मामा-भान्जाको नाता छ । मामाभन्दा यो भान्जाको टाउको अग्लो भएकोले यसको 'मुर' काटियो । अनि यसलाई मुर्काटे हिमाल नि भन्छन् ।'

पूर्ण बुढाले फलाके ।

उनले पारि हिमाल मुनिका गाउँहरू चिनाए । पुमागार, चिर्दी पाटन, बुगी पाटन, त्रिवेणीसम्म देखाए । बुमा, भाटीको लेकसम्म उनका आँखा पुगेर चिनाए ।

सिस्ने हिमाल अविचल, अटल र अविश्रान्त देखिन्थ्यो । त्यस वरिपरिका थुम्कामा बादलको लहरले कुदाकुद गरिरहेथ्यो । सेता गुच्छामा अरू स-साना चुलीले लुकामारी खेलिरहेथे ।

'बाली छँदा धेरै हिउँ देखिन्छ । हाम्रो खेतमा बाली नहुने हो भने

मुर्कटिमा हिउँ थोरै देखिन्छ ।'

बुढा बोलिरहेथे ।

हावा बेस्सरी हुइँकियो । हावाको फुइँकीले लडाउला जत्तिकै गऱ्यो । चिसो स्याँठले आँखाभरि आँसु नै उमाऱ्यो । ओठ पटपटी फुटुँला झैं भयो ।

सिस्ने हिमाल हेरिरहेका मेरा आँखामा जाडो, भोक र थकाइ आएन । लुकेर हृदयको कुनामा बसिरहे ।

५ मंसिर २०७५ ।

'अब झरौं !'

बुढालाई मैले हतारो देखाएं । उनी अरू हिमालका कथा, सौन्दर्य र आकारबारे बखान गर्ने रहरमै थिए । तर मेरो अत्यासले उनी ओर्लिन बाध्य भए ओराली ।

अघि गएभन्दा निकै परको तर्पायाँ भएर हामी तल ठूली दह आयौं । त्यहाँ नाच, खानपान र सत्कार भइरहेको थियो ।

वरिपरि फन्को लाएर गजबको गीत र नाच हेरेर हामी बाटो लाग्यौं । अघि देखिएको दह नाघेर उत्तरतिरको किनारमा पुग्दा बुढा देखाइरहेथे– देउताले बनाएको घर ।

'देउताले बनाएको घर भएकैले यो नडुबेको !'

घरका केही ढुङ्गा, गारा थिए । कुनै ओडार आकारका घर पुरातात्विक हिसाबले मूल्यवानै थिए । तर त्यसलाई हेर्ने, निहालेर पर्गेल्ने चासो पो कसलाई । कुनै समयमा त्यसकै कुइनेटो राखेर निशाना ताकेकै हुँदा हुन् । अब त्यै कुन्दा चलाउने समूह देश हाँकिरहेकै छँदा-तिनले यस्ता नडुबेका घरको इतिहास खोतले जाती नै हुन्थ्यो ।

चौरभरि घोडा र भेंडाका बथान थिए ।

अघि टप्पामा गाएथे बुढाले-

'राजैको दरबारमा नबोल्ने लाटो<br>
माया पठाइ देऊ साई रिडीको बाटो<br>
टोपी भो मैलो, पगरी देऊ राजा ।'

जङ्गलैजङ्गलको ओराली नाघेर तल साँख पुग्दासम्म मलाई सबैले छोडिसकेथे । मनराम, पूर्ण र ओपेन्द्रको छायासँग डोर्रिएर म ओरालो झरिरहें एकोहोरो ।

भोक, थकाइ र तिर्खाले गीत भने गाएका गाएकै थिएँ । मैले तिनको लयमा स्वर थपेर सघाउनु परेको थियो ।

साँख पुग्दा झमक्क साँझ परेको थियो । खलंगा निकै पर थियो । शरीरसँग मन हुनसम्म रिसाएको थियो । मेरा आँखाले खुशी भएर भने-'नरिसाऊ है, मैले मह ल्याएको छु नि ।'

सिस्ने, ठूली दह र साँखको मह चाख्नुस् है ! ♦♦♦

# नेपालको आर्थिक विकासमा उद्यमशीलताको महत्वः समस्या तथा सुझावहरू



✍ गम्भीर बहादुर हाडा

उद्यमशीलता यस्तो प्रकृया एवं श्रेस्ता हो । जसको माध्यमबाट व्यक्तिगत पहिचान, अवसरहरू वितरित संशाधनहरू र मूल्यको सिर्जना गर्न सकिन्छ । त्यस्तो खालको मूल्यको सिर्जना समस्याको पहिचान मार्फत परिवर्तनको लागि गरिएको हुन्छ । जहाँ उद्यमीले समस्याहरू तथा अवसरहरू देख्ने गर्दछ र त्यसलाई पहिचान गरी उसले समस्याको प्रभावकारी समाधान खोज्ने गर्दछ । उद्यमीले बजार क्षेत्रमा देख्ने अवसरहरू र ती अवसरलाई प्राप्त गर्न सक्ने श्रेयता र त्यही श्रेयता उचित समयमा उचित ठाउँमा गर्न सक्ने कौशलताबाट उसको उद्यमशीलता झल्कन्छ । ती समस्याहरूको समाधान गर्दै मूल्य सिर्जना गर्ने काम नै उद्यमशीलता हो । अर्को शब्दमा उद्यमीले गर्ने वा व्यवसायीले गर्ने हरेक काम र उसले चाल्ने कदम नै उद्यमशीलता हो । जुन सधैं उसको सिर्जनशीलता, अनुसन्धान र आर्थिक रूपान्तरणको लागि एवं वित्तीय सुधारको लागि एउटा अनुसन्धान अन्वेषण एवं आविष्कार बन्न सक्छ । उद्यमी शब्द वास्तवमा अंग्रेजीमा (Entrepreneur) फ्रान्सेली भाषाबाट लिइएको हो । यस शब्दको मूल अर्थ हो, यस्तो आर्थिक नेता जो नयाँ वस्तुहरू, नयाँ प्रविधि तथा पूर्तिको लागि स्रोतहरूलाई सफलतापूर्वक प्रचलित गरेर सुअवसर बनाउने योग्यता राख्दछ ।

उद्यमीले अर्थात उद्यमशीलताले जनतासँग रहेका निष्कृय बचत (Idle savings) परिचालन गरेर पुंजी निर्माणमा वृद्धि गर्दछ । उद्यमशीलताले नयाँ-नयाँ व्यवसाय वा उद्यममा लगानी गरी राष्ट्रिय पुंजी निर्माणमा नै योगदान पुऱ्याएको हुन्छ । यसले पैसा भएकाहरूलाई सिर्जनात्मक कार्यमा लगानी गर्न उत्प्रेरित र आकर्षित गर्दछ । उद्यमीहरूले नयाँ व्यवसाय प्रारम्भ गरेर रोजगारीका अवसरहरू सिर्जना गर्दछन् । उनीहरू आफै परिवारका सदस्य तथा समाजका अन्य व्यक्तिहरूलाई रोजगारी प्रदान

गरेर राष्ट्रको बेरोजगारी समस्या हटाउन ठूलो सहयोग पुऱ्याउँदछन् । बेरोजगारी घटनाले मानिसको आम्दानी एवं जीवनस्तर बढ्छ । आज अल्पविकसित देशहरू बेरोजगारीको ठूलो समस्याबाट पीडित छन् । बेरोजगारी नै राजनैतिक अस्थिरताको जड पनि हो । फुर्सदले मानिसहरूलाई नकारात्मक काम गर्ने बनाइदिन्छ । उद्यमीले मानिसहरूलाई फुर्सद दिँदैन ।

नवप्रवर्तन एउटा नवीनतम विधि हो, जसले भइरहेको अवस्थामा परिवर्तन गराउँछ । राष्ट्रिय उत्पादनको केन्द्र विन्दुमा रहेको उद्यमशीलताको विकास र प्रवर्धनका लागि नागरिकमा नवप्रवर्तनात्मक बानीको जरूरत पर्छ । यसका लागि वातावरणको सिर्जना गर्नुपर्छ । नवप्रवर्तनमा शैक्षिक संस्थाको भूमिका महत्वपूर्ण हुन्छ । नवप्रवर्तन व्यवसायमा मात्र उपयोगी नभई कुनै पनि संठनको उद्देश्य प्राप्तिमा र घरायसी कार्यलाई सुव्यवस्थित बनाउनका लागि पनि उत्तिकै लाभदायी छ । सुपरिवेक्षकको बहुपक्षीय समूहले नवप्रवर्तनलाई उद्यममा जान सक्ने गरी दीक्षित गरेपछि व्यावसायिक इन्क्युबेसन प्रक्रियाको अन्त्यसँगै लगानीका आधारको सुनिश्चितता गरी मेन्टोरको निगरानीमा उत्पादन र वितरण प्रकृयामा जाने अनुमति दिइन्छ ।

आजको युग प्रतिस्पर्धा र दक्षताको युग हो । खरो प्रतिस्पर्धामा उत्रने व्यवसायले मात्र बजार पाउन सक्दछ । त्यसैले कुनै पनि व्यवसायीले आफूमा उद्यमशीलताको सामर्थ्य विकास गर्नैपर्दछ । विज्ञान र प्रविधिको विकासबाट कतिपय परम्परागत मान्यताहरू परिवर्तन भइसकेका छन् । मानिसको जीवन ज्यादै जटिल र प्रतिस्पर्धी भइसकेको छ । व्यस्त मानिसले तयारी र भरपर्दो सामान वा सेवाको चाहना राख्दछ । विज्ञान र प्रविधिको विकासबाट यो सम्भव पनि भएको छ । त्यसैले प्रत्येक व्यवसायले आफ्नो उपभोक्ताको चाहनाअनुरूप आफूलाई समर्थ गराएर लैजानुपर्दछ । विज्ञान र प्रविधिको विकासका साथै सूचना प्रविधिको विकास यति तीव्र भएको छ कि अब कुनै व्यक्ति पनि सूचनाबाट टाढा रहन सक्दैन । यसबाट संसारको आकार सानो भएको छ । कम्प्यूटर र टेलिफोनको प्रयोगबाट संसारको कुनै पनि कुनामा सूचना पाउन र पठाउन सकिन्छ । यसका लागि समयको सीमा रहेन । यस्तो अवस्थामा हरेक व्यवसायीले आफूमा समयानुकूल सामर्थ्य विकास गर्नुपर्ने आवश्यक भएको छ । आजको अर्थतन्त्र सरकारी स्वामित्व एवं व्यवसायबाट अलग भएर निजीकरण एवं उदारीकरणतर्फ उन्मुख छ । सरकारी स्वामित्व निजी स्वामित्वमा रूपान्तरण

भइरहेको एवं नियन्त्रितबाट खुल्ला अर्थनीति अपनाउँदै गरेको यो अवस्थामा प्रत्येक व्यवसायीले आफूमा दक्षता वृद्धि गरेर व्यावसायिक सामर्थ्य बढाउनु आवश्यक भएको छ । यो व्यवसायको अस्तित्वको प्रश्न हो । कुनै पनि व्यवसाय सुरू गर्दा योजना बनाएर गरिएको हुन्छ । कति उपलब्धि हासिल गर्न कति समय लाग्नेछ भन्ने कुरा उक्त योजनामा उल्लेख हुन्छ । योजनामा उल्लेख भएको उपलब्धि हासिल गर्नु चुनौतीपूर्ण कार्य हो । यसका लागि व्यवसायीले आफ्नो सामर्थ्य वृद्धि गर्नै पर्दछ ।

एक जना उद्यमीले व्यवसाय स्थापना गर्दछ भने अवश्य पनि समाजलाई केही नयाँ कुराहरू दिन खोजेको छ भन्ने बुझिन्छ । त्यस्तो नयाँ कुरामा नयाँ वस्तु हुनसक्छ वा नयाँ उत्पादन विधि हुन सक्छ वा नयाँ बजार पत्ता लगाएको हुन सक्छ । नयाँ उद्यम संस्थापनाको क्रममा उत्पादन क्षेत्र, बजार क्षेत्र वा वस्तु क्षेत्रमा नयाँ खोजहरूको सम्भावना रहेको पाइन्छ । किनभने एक जना उद्यमीले सम्पूर्ण बजारको कुनै शोषण नगरिएको क्षेत्रलाई नै शोषण गरेर व्यवसायको सुरूवात गर्ने कुरा सोच्दछ । हालसम्म प्रयोग नभएका कच्चा पदार्थ प्रयोग गरेर वा हालसम्म प्रयोग नभएको उत्पादन विधि प्रयोग गरेर वा हालसम्म प्रवेश नगरिएको बजार प्रवेश गरेर नै नयाँ व्यवसाय सञ्चालन गर्नुपर्दछ । उद्यमशीलताको माध्यमबाट नयाँ उद्यमीको प्रवेश हुने हुँदा दीर्घकालसम्म बजारमा टिकी राख्नका लागि पनि उत्पादनको गुणस्तरमा वृद्धि हुनुपर्दछ । तसर्थ यस प्रक्रियाबाट आम उपभोक्तालाई फाइदा पुग्दछ । उद्यमशीलताको विकासबाट समाजमा छरिएर रहेको बचत संकलन भई उद्योग व्यवसायमा लगानी हुन जान्छ । त्यस्तै यस्तो लगानी मानव श्रमसाधन विकासमा समेत खर्च गरिन्छ । अर्कोतिर अभावग्रस्त क्षेत्रमा समेत स्रोत परिचालन हुन जान्छ । यी सम्पूर्ण आर्थिक क्रियाकलापबाट थप उत्पादन भई समाजको आवश्यकता पूरा हुन जान्छ । नयाँ उद्यमीको प्रवेशबाट उत्पादन वृद्धि हुने, उत्पादन वृद्धिबाट सम्पूर्ण आर्थिक गतिविधि बढ्ने र यसबाट उद्योग व्यवसायको बचत वृद्धि हुने र सो बचत पुनः लगानी भइकन उत्पादन वृद्धिको प्रकृया अझ तीव्र हुने हुँदा उद्यमको मूल्य वृद्धि हुन जान्छ । यस प्रक्रियाबाट बजारमा सेयरको मूल्य बढ्न जान्छ र यो निरन्तर कायम रहने प्रकृया हो ।

**नवप्रवर्तनको महत्व**

नवप्रवर्तन एउटा व्यावसायिक कार्य हो । नवप्रवर्तनमा कुनै पनि वस्तु वा सेवाको पूर्व उत्पादनदेखि उपभोक्तासम्म पुग्ने चरणहरूमा ग्राहकको दृष्टिकोणबाट

मूल्याङ्कन गरेर सुधार वा परिमार्जन गरिन्छ । यसबाट सिधैं नाफा र कार्यदक्षताको साथै ग्राहकको सन्तुष्टि र समग्र व्यवसायको प्रभावकारिता वृद्धि हुन्छ । आफ्नो वस्तु वा सेवालाई प्रतिस्पर्धीहरूबीचमा प्राथमिकरूपले फरक देखाउने विधि नै नवप्रवर्तन भएकोले आधुनिक बजारीकरणको युगमा यस अवधारणाको विशिष्ट महत्व रहेको छ । बृहत् राष्ट्रिय दृष्टिकोणबाट नवप्रवर्तनलाई आर्थिक वृद्धिको आधारशिला मानिन्छ । यसैको आधारमा विश्वव्यापी प्रतिस्पर्धास्तर निर्धारण गरिन्छ । सुक्ष्म दृष्टिकोणमा, एउटा संगठन वा कम्पनीको उत्पादन, बिक्री वा नाफा, ख्याती र दिगोपना नवप्रवर्तनमा गरिएको लगानीमा निर्भर हुन्छ ।

नवप्रवर्तन आधुनिक जीवनको अंग बनिसकेको छ । अचेल सबैलाई स्मार्ट बन्नुपर्छ । पुरानो चिज त्याग्ने र नयाँ कुरा अंगाल्ने फेसन सर्वत्र फैलिएको छ । सबै व्यक्ति वा संगठन नवप्रवर्तनको मामिलामा अगाडि रहन चाहन्छन् । सार्वजनिक सेवा होस् वा निजी व्यवसाय, आधुनिक व्यवस्थापनको क्षेत्रमा दैनिक परिवर्तनहरू आइरहने हुनाले आफ्नो विषय क्षेत्रको महत्व र सान्दर्भिकता स्थापित गरी प्रतिस्पर्धी रहिरहनको लागि हरेक परिवर्तनहरूलाई आत्मसात गर्नुको विकल्प छैन । नयाँ प्रविधि, नयाँ प्रवृत्ति र नयाँ अवधारणाहरूसँग हरेक संगठन अद्यावधिक भइरहनुपर्छ । सुधार निरन्तर चलिरहने प्रक्रिया हो, एक दिन वा एक पटक सुधारको कार्य गर्दैमा सधैंको लागि पुग्दैन । ग्राहकलाई अधिकतम सन्तुष्टि प्रदान गर्न र त्यो सन्तुष्टिको स्तरलाई सदैव कायम राखिराख्नको लागि कुनै पनि क्षेत्रको संगठनले आफ्ना वस्तु तथा सेवाको उत्पादनदेखि वितरणसम्मका चरणहरूमा नयाँ-नयाँ विशेषताहरू थपघट एवं स्तरोन्नति गर्नको लागि रणनीतिक नवप्रवर्तनको कार्ययोजना बनाएरै कार्यान्वयन गर्नुपर्दछ । यिनै सुधार, स्तरोन्नति र नयाँ विचार वा विधिको प्रयोग गरी नवप्रवर्तनले व्यवस्थापनलाई आधुनिक तथा समयसापेक्ष बनाउन मद्दत गर्छ ।

समृद्ध नेपाल निर्माण अभियानको विभिन्न तह, चरण र क्षेत्रमा अनेक प्रकारका चुनौती छन् । तिनको सम्बोधन र समाधान गर्न साधन, स्रोत, दक्षता र क्षमता सबै थोकको कमी छ । नवप्रवर्तनको व्यवस्थापनलाई स्रोतको दक्षता अभिवृद्धि गर्न र ज्ञानको संकट व्यवस्थापन गर्नको लागि एउटा उपयोगी औजार मानिएको छ । नेपाललाई दिगो विकास लक्ष्य हासिल गर्न वार्षिक करिब रू. २० खर्ब रकमको आवश्यक पर्ने अनुमान छ ।

वर्षेनी त्यत्रो ठूलो धनराशी जुटाउन सहज छैन । त्यो वित्तीय खाडल पूरा गर्ने एक मात्र उपाय भनेको फरक र फराकिलो ढंगले उपलब्ध स्रोत साधनको दक्षतापूर्ण, चलाखीपूर्ण एवं प्रभावकारी उपयोग गर्ने र पुराना सोच, सिद्धान्त, संरचना, विधि तथा प्रविधिमा सुधार ल्याउने हो । त्यसैले, दिगो विकास लक्ष्यले प्रविधि प्रयोग, युवा अनुसन्धानकर्ता तथा सूचना प्रविधिमा आधारित साना तथा मझौला व्यवसायको प्रवर्द्धन र नवप्रवर्तनमा विशेष जोड दिएको हो । अर्को शब्दमा, नवप्रवर्तन प्रवर्द्धन र सिर्जनशीलताको संरक्षण तथा विस्तार नै दिगो विकास लक्ष्य एवं अन्य राष्ट्रिय विकासका लक्ष्यहरू हासिल गर्ने भरपर्दो रणनीति हो ।

सबै तहका सार्वजनिक तथा निजी प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाउन, सर्वसाधारणले पाउनुपर्ने वस्तु वा सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सिर्जना गर्न सेवाको प्रकृति र परिस्थिति सुहाउँदो प्रविधि प्रयोग तथा स्थानीय संस्कृति अनुकूलको नवप्रवर्तन गर्न सकिन्छ । सार्वजनिक सेवाप्रवाहको प्रभावकारिता बढाउने एउटा प्रमुख माध्यम नवप्रवर्तन हुन सक्छ । एउटै ढाँचा, विधि र प्रविधिको सट्टामा स्थान विशेषका विविधतायुक्त अभ्यास तथा माध्यमहरूको सदुपयोग बढी टिकाउ एवं प्रभावकारी हुन्छन् । सबै पक्ष र क्षेत्रबाट सुशासन पाउने नागरिकको अधिकार हो । यसलाई व्यवहारमा उतार्ने पछिल्लो वैकल्पिक सोच, खोज र प्रयोगको रूपमा नवप्रवर्तनलाई लिन सकिन्छ ।

उद्यमशीलतामा कसरी सफल हुने भन्ने सम्बन्धमा प्रष्ट रूपमा, नियम वा विधि विकास भएको छैन तैपनि प्रायः सफल उद्यमीहरूको खास तत्वहरूमा समानता रहेको पाइन्छ जसले उनीहरूको सफलतालाई सहयाग गरेको पाइन्छ । विज्ञान, प्रविधि र सञ्चार क्षेत्रको तीव्र विकासले गर्दा आज उद्यमशिलता एक लोकप्रिय पेशाको रूपमा देखापरेको छ । यस सन्दर्भमा महिला उद्यमीलाई के-कस्तो तत्वहरूले सफल तुल्याउँछ भन्नेबारे अनेक अनुसन्धान भएका छन् । यसको आधारमा महान विद्वानहरूले आ-आफ्नो तर्कहरू प्रस्तुत गरेका छन् । यसको समग्र रूपमा महिला उद्यमीलाई सफल तुल्याउने तत्वहरू निम्नानुसार छन्ः १. कडा परिश्रम २. असल परामर्श ३. आत्म सुधार । ४. प्रतिभाशाली मानव संशाधन ५. जोखिम ६. आत्म विश्वास ७. स्रोत व्यवस्थापन ८. नवप्रवर्तन ।

महिलावर्गको सशक्तिकरणमा महिला उद्यमशीलताले निम्नानुसार

सहयोग गर्दछः
१. **आर्थिक आत्मनिर्भरताः** महिला उद्यमशीलताले महिलावर्गको आय आर्जन वृद्धि गर्दछ ।
२. **आत्मविश्वासः** महिला उद्यमशीलताले महिलावर्गको आत्मविश्वास र स्वाभिमान वृद्धि गर्दछ ।
३. **पुँजी निर्माणः** उद्यमशीलता विकासले गर्दा महिला उद्यमीको बचत सञ्चिती वृद्धि हुन गई पुँजी निर्माण हुन्छ ।
४. **मर्यादा वृद्धिः** महिला सशक्तिकरणले महिलावर्गको मान मर्यादा, हैसियत उच्च रहन्छ ।
५.**निर्णय अधिकारः** महिला उद्यमशीलताले महिला वर्गलाई समेत निर्णय अधिकार प्रदान गर्नुपर्दछ ।
६.**स्वतन्त्रताः** महिला उद्यमशीलताले स्वतन्त्रपूर्वक कसैको दबाब र नियन्त्रण बिना निर्धक्क भई काम गर्ने अवसर प्रदान गर्दछ । महिला सशक्तिकरणमा यसले निश्चय नै योगदान प्रदान गर्दछ ।

महिला उद्यमशीलता तथा नवप्रवर्तन विकासको लागि देखिएका समस्या तथा चुनौतीहरूलाई निराकरण गर्ने उपायहरूमा न्यूनतम रोजगारी प्रत्याभूतिसहित राष्ट्रिय कार्यक्रमको रूपमा प्रधानमन्त्री रोजगार कार्यक्रमको थालनी, शैक्षिक प्रमाणपत्रको धितोमा युवालाई व्यवसायमा आकर्षण गर्न पाँच प्रतिशत व्याजदरमा ऋण प्रवाहको व्यवस्था, वैदेशिक रोजगारबाट फर्केका व्यक्तिको सिप प्रमाणीकरण गर्ने र व्यवसाय सञ्चालन गर्ने रू.१० लाखसम्मको ऋणको व्यवस्था, एक परिवार एक रोजगार कार्यक्रम सञ्चालन गरी १०० दिनको न्यूनतम रोजगारीको प्रत्याभूति हुने व्यवस्था, राष्ट्रिय गौरवका आयोजनाका लागि आवश्यक श्रमशक्तिका लागि विशेष ज्यालादर निर्धारण कार्यक्रम, सार्वजनिक निर्माणमा नेपाली कामदारमात्र काममा लगाउने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था, हरेक स्थानीय तहमा एक प्राविधिक शिक्षालयको स्थापना र सञ्चालन, श्रम बजार सूचना केन्द्रको सञ्चालन र सुदृढीकरण, सार्वजनिक निर्माणमा खर्च हुने कुल बजेटको कम्तीमा २० प्रतिशत श्रमिकको ज्यालावापत खर्च गर्ने व्यवस्था आदि जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने अति आवश्यक रहन आएको छ ।

वर्तमान पन्ध्रौं योजना २०७६ –२०८१ मा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत उद्यमशील संस्कृति, उद्यमशील जनता भन्ने सोच राखिएको छ भने सिपको विकास, प्रविधिको उपयोग र स्रोतको परिचालन गरी उद्यमशीलताको विकास गर्ने लक्ष्य राखिएको छ । यस्तै उद्यमशीलता र स्वरोजगारमूलक सीपको विकास गर्नु, नविनतम र परम्परागत प्रविधिको उपयोग गर्न सक्ने उद्यमशील

जनशक्तिको विकास गर्नु, उपलब्ध स्रोत, साधन, स्थानीय पुँजी र प्रविधिको परिचालन गरी स्वरोजगार र रोजगारीका अवसर वृद्धि गर्दै गरिबी निवारणमा योगदान पुऱ्याउने उद्देश्य राखिएको छ । यसको साथसाथै युवा उद्यमीलाई स्वदेशमा उद्यम गर्न आर्कषित गर्ने, तीन तहका सरकारमा नीतिगत, संस्थागत, कानूनी तथा प्रक्रियागत सुधार गर्ने, निजी, सहकारी एवं गैरसरकारी क्षेत्रसँगको सहकार्यमा स्थानीय स्तरका स्रोत, साधन र सीपको पहिचान र विकास गरी परिचालन गर्ने रणनीति राखिएको पाइन्छ ।

राष्ट्रिय योजना आयोगमा अनुदानका लागि आवेदन हालेका नवप्रर्वतकलाई नै २ प्रतिशत व्याजमा ऋण दिने भएको छ । अर्थ मन्त्रालयले यस अघि तयार पारेको नवप्रवर्तक शुरूवाती पुँजी कार्यविधि संशोधन गर्दै अनुदानको साटो २ प्रतिशत ऋणमा व्याज दिने भएको छ । मन्त्रिपरिषद्को बैठकले नविन सोच सहित उद्यम गर्ने र आविष्कारकलाई २ प्रतिशत व्याजमा ५० लाख रूपैयाँसम्म ऋण दिने व्यवस्था गरको हो । यसको लागि नवप्रवर्तक सुरूवाती पुंजी कर्जा प्रवाह कार्यविधि २०७७ स्वीकृत गरेको थियो । यस अघि अर्थमन्त्रालयको प्रस्तावमा मन्त्रीपरिषद्ले पारित गरेको नवप्रर्वतक सुरूवाती पुँजी कार्यविधिमा ५ देखि ५० लाखसम्म अनुदान पाउने व्यवस्था थियो । कार्यविधि अनुसार तयार पारिएको मापदण्डका आधारमा राष्ट्रिय योजना आयोगले अनुदानका लागि नवप्रर्वद्धकलाई कात्तिक मसान्तसम्मको समय दिएको थियो । तर अनुदान दिँदा दुरूपयोग हुन सक्ने भन्दै विज्ञहरूले आलोचना गरेपछि सरकारले अनुदानको साटो सस्तो व्याजदरमा ऋण दिने कार्यविधि तयार पार्दै पुरानो कार्यविधि खारेज गरेको हो । नवीनतम ज्ञान सीप र क्षमता भएका आविष्कारक, उद्यमी र व्यवसायीलाई नवप्रर्वतनकारी उद्यम तथा व्यवसाय सञ्चालन गर्न सुरूवाती पुँजी उपलब्ध गराउन सरकारले कार्यविधि जारी गरेको हो । उद्योग, कृषि, ऊर्जा, स्वास्थ्य, पर्यटन, शिक्षा, सूचना, प्रविधि लगायतका क्षेत्रमा आवश्यक लगानीयोग्य पुँजी जुटाउन, लघु, घरेलु, साना तथा मझौला, उद्यमी, व्यवसायी तथा आविष्कारकलाई कर्जा प्रदान गर्ने व्यवस्था कार्य विधिमा छ । कर्जा लिएको चार वर्षभित्र चुक्ता गर्नुपर्ने व्यवस्था पनि रहेको छ । कर्जा प्रवाहका लागि मूल्याङ्कन गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षले तोकेको सदस्य संयोजक रहेको निर्देशक समिति गठन गर्ने व्यवस्था गरिएको छ ।

नवप्रवर्तन एउटा नवीनतम विधि वा अग्रगामी विचार हो जसले भइरहेको अवस्थालाई नवीकरणका साथ परिवर्तन

गराउँछ । नवप्रवर्तनले उत्पादन, सेवा वा बजारको स्वरूप र गुणको विस्तार गर्छ । वस्तु, सेवा वा बजारको विकास र विस्तारमा नवीनतम विधिको सिर्जना गर्छ । यो प्रक्रिया र उत्पादन दुवै हो । नवप्रवर्तन निरन्तर चलिरहने प्रक्रिया हो । यसले नयाँपनको अन्त्य स्विकार्दैन, उत्पादनका नवीनरूप खोज्न हमेसा प्रेरित गर्छ । नवप्रवर्तन नहुने हो भने मानव समाज प्राचीन स्वरूपमा रहन्छ । बढ्दो जनसंख्याको खाँचो पूरा गर्न सकिँदैन । मानिसको दैनिक जीवन कष्टकर हुन्छ । नवप्रवर्तनका लागि मानव मस्तिष्क सकृय रूपमा चलिरहनुपर्छ । सिर्जनात्मक वातावरण, विज्ञान तथा प्रविधिको अध्ययन, प्रयोग र उत्पादित वस्तको सुक्ष्म अवलोकनले यसको गति तीव्र पारिदिन्छ । यो सिधा रेखामा वा क्रमिकतामा मात्र निर्भर रहन्न । नवप्रवर्तन हुन ठूला-ठूला वैज्ञानिक प्रयोगशाला नै हुनुपर्छ भन्ने जरूरी छैन । साना कुरामा र साना आकारमा पनि नवप्रवर्तन हुन सक्छ नवप्रवर्तन हाम्रो स्थानीय परिचित वातावरणमा पनि हुन सक्छ । कहिलेकाहीं नवप्रवर्तनले ध्वंश पनि गर्छ । नवप्रवर्तनीय प्रकृयामा धेरै अन्तरक्रिया र पृष्ठपोषणको संयोजन भएको हुन्छ । यसरी विकास भएको उत्पादनलाई एकाएक प्रयोगमा ल्याउन भने मिल्दैन । यसलाई एउटा विधिसम्मत प्रकृयामा प्रवेश गराएर परिपक्व बनाएपछि मात्र मानवहितमा प्रयोग योग्य मानी प्रवेश गराउन सकिन्छ । यो विधिसम्मत प्रकृयालाई व्यावसायिक इन्क्युबेसन भनिन्छ । यसरी नवप्रवर्तनलाई निरन्तर चलिरहने प्रगतिशिल प्रकृयाका रूपमा लिन सकिन्छ । मानिसलाई बाल्यकालदेखि नै नवप्रवर्तनीय वातावरणमा राखियो भने उसले नयाँ नयाँ सोच बनाउने अवसर पाउँछ र यसै विचारका कारण भविष्यमा राष्ट्रमा विकासको सम्भावना बढ्छ । त्यसैले हरेक राष्ट्रमा आफ्ना नागरिकलाई नवप्रवर्तनीय वातावरणको अवसर दिलाउन ठूलो लगानी गरिन्छ ।

**सन्दर्भ सामग्री**


- P.Shrestha, उद्यमशीलता विकास (Entrepreneurship Development), MBS Second Year, Samjhana Publication Pvt.Ltd, Campus Road, Minbhawan, Kathmandu, Nepal, Seventh Revised as per new course 2067.
- सुशिल भक्त माथेमा, मनोज भट्टराई, उद्यमशीलता विकास (Entrepreneurship Development), धौलागिरी बुक्स एण्ड स्टेशनरी, पुतलीसडक, काठमाडौं, दोस्रो संस्करण २०६२ ।

- बैकुण्ठ प्रसाद भुसाल, उद्यमशीलता एवं साना व्यवसाय व्यवस्थापन (Entrepreneurship and Small Business Management) (वि.वि.एस तेस्रो वर्ष), ज्ञानकुञ्ज पुस्तक पसल, कीर्तिपुर, काठमाडौं प्रथम संस्करण २०६२ ।
- डा.श्याम जोशी, उद्यमशीलता विकास (Entrepreneurship Development), तलेजु प्रकाशन, चित्तधरमार्ग, भोटाहिटी, काठमाडौं वर्तमान संस्करण २०६१ ।
- डा.उदय राज रेग्मी, नवीन गौतम, ग्रामीण बजारशास्त्र र उद्यमशीलता विकास (Rural Marketing and Entrepreneurship Development), क्षितिज प्रकाशन, कीर्तिपुर, काठमाडौं, प्रथम संस्करण २०६९ ।
- नेपालमा शरणार्थी कानूनको उपादेयता Prospects of A Refugee Law in Nepal, त्रि.वि. कानून संकाय किर्तिपुर नेपाल । PPR Nepal, SAFAR, HURON, Pro-Public, Inhured.
- हरिहर पोखेल, संघीय सात प्रदेश : नेपालको संविधानको विकासक्रम र विशेषता, ब्रदर बुक्स प्रकाशन प्रा. लि. संस्करण २०७२ असोज ।
- स्थानीय निकायहरूको वित्तीयहरूको वित्तीय स्थिति विश्लेषण नेपाल सरकार, स्थानीय निकाय वित्तीय आयोगको सचिवालय सिंहदरबार काठमाडौं जेष्ठ, २०७० ।
- लोक बहादुर खत्री, नवप्रवर्तनको परिचय, विकास (VIKAS), A Journal of Development, वर्ष ३७, अंक १, २०७७, आश्विन, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं नेपाल, पेज नं. ४१) । ♦♦


## मुक्तक

✍ **मात्रिका घिमिरे**



हरेक मान्छेको जीवनमा, आफ्नै खालको कथा हुन्छ
अनि सुख दुःख सम्हालेको, अनेक थरि व्यथा हुन्छ
प्रत्येक बोली वचन अनि, पाइला चाल्ने विधान हुन्छ
अनेकन कानून भन्दा बलियो, चलाइएको प्रथा हुन्छ

सबैलाई खुसी राख्न सक्नेले, जिउँदै भ्यागुतो जोख्न सक्छ
साहसी छ भने कसैले, संजिवनी पर्वत पनि बोक्न सक्छ
दुनियाँमा सज्जन दुर्जन दुवै खाले, मान्छेहरू बाँचेका छन्
दुष्टदेखि सतर्क हुनु, अबोधलाई पनि, चिर्पटले ठोक्न सक्छ

निबन्ध

# स्वप्नवाटिका



✍ **छायादत्त न्यौपाने 'बगर'**

सुन्दर अनुहार बोकेको मान्छेको शालीनता अनुपम मानिन्छ । मानव जीवनले हुर्काएको प्राचीन सभ्यताले वैदिक विशेषताको स्मरण गराउँछ । सुरम्य सभ्यता पालेको मान्छे सामाजिक प्राणीका रूपमा विकसित छ । सृष्टिको आरम्भदेखि मान्छेको स्वभावले बेग्लै स्थान लिँदै आएको देखिन्छ । बेग्लै परिचय र आस्थाको जगमा मान्छेको विशिष्ट उपस्थिति रहँदै आएको छ । वैदिककालमा समता थियो । जीवनशैली उही र उस्तै रहेको व्याख्या पढ्न पाइन्छ । उपनिषद्ले वैदिक परम्पराको अलिकति व्याख्या गर्‍यो । जगै फेरिने गरी व्याख्या । मनमा विचलन भर्ने गरी व्याख्या । व्याख्याले तन्काउँछ । मैदान फराकिन्छ, ढोकाहरू खुल्छन् । धमिलोमा माछा छोपेर व्यक्ति मोटाउने जीवनपद्धतिले स्थान लिन्छ । अवैध सिकार गरेर गीता गाउने संस्कार बस्छ । सृष्टिसौन्दर्यका लागि संस्कृति थपिने क्रम सुरू हुन्छ । मानव आपसी विश्वासमा कङ्क्रिट मिसाउने होडमा रम्छ ।

जीवन भौतिक सुखमा रमाउन थाल्छ । स्वानुशासन भत्काएर छियाछिया पारेर मतभेद बढाउने सिलसिला विकसित हुन्छ । जातका कुरा गरेर आफन्तबिच खाडल बढाउने गरी व्यवहार दोहोरिन्छ । फरक परिवारसँग सम्बन्ध जोडिन्छ । मन बुझेर संस्कार दिने-लिने चेतनामा मल पसालेर जीवनमा उबड्खाबड् मच्चाउने गरी मृगतिष्णाले जरो समाउँछ । व्यक्ति सुखी बनी रमाएर दिन बिताउन कस्सिन्छ । सिङ तिखारेर अहङ्कारको पर्खालमाथि उभिन्छ र दम्भले भरिएको फुलेल अनुहारमा दुर्घटनाले हिर्काउने गरी जिम्मेवारहीन रेखा कोरिरहेको हुन्छ ।

मान्छेले जन्मौती पर्खिरहेको भोलि नभेटी जीवनलीला सक्छ । आज चेतनाले विशेष बनेको मानव जीवन फोहोरी स्वार्थमा लतपतिएर गतिहीन बन्दै गएको छ । आपसी सहयोग सद्भावी आदर्श फलाक्ने मान्छे सहिष्णु प्राणी हुँ त भन्छ तर कर्म गरेर धर्म धान्दैन । खेल

खेल्न त ऊ परोकारसँग खेल्छ, भुत्तिन्छ । यसले सन्तान सुखको लोभ जगाउँछ । त्यसैले त स्नेह र जिम्मेवारी पनि नयाँ पुस्तामा सर्दै जान्छ । हिजो मान्छे एक खालको जीवनशैली बाँचेको थियो । उसले बाँचेको आज सुखका लहरा तान्दातान्दै आफन्तबाट पर पुगेको छ । ऊ धेरै पर पुगिरहेको छ । यो दुरी भौगोलिक भन्दा पनि स्वार्थले बढाएको हो, कर्तव्य विमुख र संवेदनाहीन बनाएको छ ।

अचेल मान्छेमा आफैलाई बहादुर देख्ने दृष्टिभ्रम पलाएको छ । जिङरिङ्ग बढेको मनमस्तिष्कको ऐजेरूले गर्दा मान्छे अपाङ्ग भएको छ । ऊ आफ्नै छोराछोरी र परिवारका सदस्य तर्साएर मै हुँ भन्ने तुजुकको सिकार बनेको छ । यही तुसले रोगाएपछि मान्छे निमुखालाई जितेर पुरूषार्थ गनाइमा व्यस्त बन्दै गएको छ । आज कर्तव्यको आग्लो भाँचेर अधिकारको पर्खालमा अग्लिने दाउपेच पालेको मनहुस मान्छेमा नैतिकताको पनि खडेरी लागेको छ । खडेरीको चाप बढेर दयामाया, करूणा, सद्भाव, स्नेह, सहकार्यजस्ता लहलहाउँदा आत्मीय सम्बन्ध बताउने पातहरू ओइलाई बत्तिएर उडेका छन् । अमानवीय चरित्रले मलजल पाइरहेको छ । सिङ्गै मान्छेको अभावले मानवता मुर्झाएको छ र सृष्टि सौन्दय ढुस्सिएर मक्काइरहेको दृश्य फैलिरहेको छ । इमानले मानवीय मर्म पहिचान गर्छ । कामले जीवनको अर्थ चिनाउँछ। व्यवहारले आत्मीय साइनो जुराउँछ । सक्रियाताले गन्तव्य खोज्छ । निरन्तर यात्राले गन्तव्य भेटाउन सघाउँछ । जीवनपद्धतिले मानवलाई भिन्न भिन्न गति दिन्छ, रूचिमा विविधता ल्याइरहन्छ । रहरहरूले बेग्ला बेग्लै डेरा जमाइरहेको पाइन्छ । सत्य हो, कर्तव्यको लिकमा अडिएर हिंड्नेहरू मान्छेका भीडमा परैबाट देखिने गरी शिर उचाल्न सफल हुन्छन् । यो सफलता मान्छेको उत्तम पहिचान बनेर जीवन्त पनि भइदिन्छ ।

सुदीर्घ परम्परादेखि अनन्त सङ्ख्यामा रहेको मान्छेको पहिचान भूगोलले बोक्छ । प्रकृतिले स्वभाव निर्माण गर्छ । समाजले संस्कार सिकाउँछ र सांस्कृतिक मूल्य दिएर निजी गौरवको रक्षा गर्छ । मान्छे, मान्छे बिच सहृदयी भाव सम्प्रेषण गरी शान्ति-सुव्यवस्थाभित्र अनन्त विकल्पहरू जन्माइदिन्छ । ऊ आफैलाई घोरिएर हेर्छ, हेरिरहन्छ । भूगोल, प्रकृति, जनता, संस्कार, संस्कृतिको साझा नाम हो देश हो भन्ने बताउन उसले अक्षरको खेती गर्छ, इतिहासमा रेखा कोर्छ, तिथिमितिको गणना गर्छ । देश माटो हो, माटो जीवन हो, माटोमा शक्ति छ, माटो खेलाउन जाने जीवन मुस्कुराउँछ । यसले जीवनरथ गुडाउने

विधि र जाँगर दिन्छ । माटोमै जीवन मूल्य मौलाउँछ, यही परिचय दिने सामर्थ्य देश हो । देशै त मान्छेको पहिचान हो, सान-सौकात हो । यसैमा मान्छेको स्वाभिमान उभिन्छ ।

प्रकृतिले जीवनको व्याख्या गर्छ । व्याख्यामा डालीहरू निस्केर पात पलाउने वसन्त दोहोरिन्छ । पालुवा फक्रेर हावासँग सुगन्ध बयली खेल्छ । जीवनका पानाहरू पल्टँदै जान्छन् । मान्छे जिज्ञासासँग लहरिएर हिँड्छ । ऊ थरिथरि अनुहार बटुलेर माटोसँगै भेला गर्छ । भेला बढिरहन्छ, वसन्तका भमराहरू भुर्र र हुर्र खेल खेल्छन् । पुतलीहरू शृङ्गारको सुर्केनी पारेर अस्वस्थ होडमा नजर तिखार्छन् । जीवनभर दौडिरहेर भेटाउन खोजेको उज्यालो बिहानी भेट्न बाँकी रहन्छ । घरबाट सुरू भएको बाटो समातेर शिखर पुग्ने उच्च मनोबल बोकेको मान्छेको स्वप्नवाटिकाले घुम्टो उघारेको हेरेर विश्राम लिने अठोट पालिरहेको छ, उस्तै हिजोजस्तै आज पनि । ♦♦

कविता

# लोकशक्तिको सङ्कल्प



✍ **डा. बमबहादुर थापा 'जिताली'**

गीति लोक-प्रगतिमा हिमचुलीजस्तै
सङ्गीतको लहरमा मेची-कालीजस्तै
लेकदेखि तराईको बजाउँछु बाजा
असारमा लोकभाका सुनाउँछु ताजा ।।

देश मेरो बिपना हो, सत्य-शिव-सुन्दर
सपनाको कुञ्जजस्तै रच्छु युग सुन्दर ।
यै देशको माटो पक्री जिन्दगानी उर्वर
माटो छैन भने मेरो बाटो हुन्छ जर्जर ।।

देशभक्ति भकानिन्छ मुटु फुट्ने गरी
लोकशक्ति अकासिन्छ ज्वारभाटा सरि ।
वीरगाथा सँगालेको समूहको बल
सिर्जनाको शक्तिपुञ्ज सिपाहीका दल ।।

माहुरीको घारजस्तो एकताको कुञ्ज
मिलिजुली सिर्जिएको सङ्कल्पको पुञ्ज ।
पौरखीका पाखुराभैँ जनशक्ति जुट्छ
देशभक्ति जुटेपछि राष्ट्रियता उठ्छ ।।

स्वाधीन छ नेपालीको सिउँदो सदा रातो
एकताको फूलबारीमा पर्न दिन्न फाटो ।
मुटु मेरो अखण्ड छ हुन दिन्न भिन्न
पराइको हातमाथि मरे पर्न दिन्न ।।

# ज्येष्ठ नागरिकहरूको मनोदशा



✍ अच्युतप्रसाद पौडेल 'चिन्तन'

**विषय प्रवेश :**

ज्येष्ठ नागरिक पहिलो संशोधन ऐन २०७९ राष्ट्रपतिबाट प्रमाणीकरणका साथ २०७९ भाद्र ५ गते नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको छ । देशमा कानूनको अभाव छैन, छ केवल व्यवहारको र त्यसको कार्यान्वयनको । धार्मिक देश भएर पनि हाम्रो समाजमा ज्येष्ठ नागरिकहरू आज पनि उपेक्षित छन्, माया पाउन सकेका छैनन्, तिनको अनुभव, सिप, योग्यता र क्षमताको प्रयोग हुन सकेको छैन नै समाज वा भनौं घर परिवारबाटै पनि उपेक्षित छन् । सार्वजनिक यातायातमा उपेक्षा गरिन्छ मात्रै होइन, अस्पताल वा अन्य सार्वजनिक सेवा प्रवाह गरिने संस्थाहरूमा पनि तिनको कपाल फुलेको अवस्था हेरिन्नँ ।

**बाह्य परिवेश**

संघीयताको जननी देश भएझैं ज्येष्ठ नागरिक हक हितका लागि गरिएको व्यवस्थापनमा संसारमा पहिलो श्रेणीमा उभिने देश स्वीट्जरलैण्ड हो । दोस्रो श्रेय नर्वेलाई जान्छ । तेस्रोमा जर्मनी पर्छ र नेपाल सत्रौं स्थानमा छ । हामी कहाँ दलितहरूले ६० वर्ष पुगेकाले वृद्ध भत्ता पाउँछन् । साविक ७० वर्ष पुगेका आम ज्येष्ठ नागरिकहरूले यो आ.व देखि ६८ वर्ष पुगेपछि भत्ता पाउन सक्ने भएका छन् । यसअघि संयुक्त राष्ट्र संघको मुख्यालयको दसौं समूहले संयुक्त राष्ट्र संघका लागि ज्येष्ठ नागरिकको हक हित सम्बन्धी महासन्धिको औचित्य छ वा छैन भन्ने बारे निष्कर्ष निकाल्न छलफल शुरू गरेको थियो । हालसम्म अन्य धेरै विषयमा संयुक्त राष्ट्र संघ सम्बन्धी महासन्धि, घोषणापत्र, प्रतिबद्धताहरू छन् तर ज्येष्ठ नागरिक सम्बन्धी घोषणापत्र, महासन्धिहरू तयार भइसकेका छैनन् र प्रतिबद्धताहरूमा हस्ताक्षर भएको छैन ।

सन् १९९० को डिसेम्बर १४ मा संयुक्त राष्ट्र संघको महासभाले प्रस्ताव गरेअनुसार हरेक वर्ष अक्टोबर १ लाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका

रूपमा हेर्ने गरिएको पनि ३ दशक नाघिसकेको छ । विश्वभरि नै ज्येष्ठ नागरिकको संख्या बढ्ने क्रममा अबको ३ दशकमा यसको संख्या दोब्बरले बढ्नेछ । हाल अल्पविकसित देशमा मात्रै ज्येष्ठ नागरिकहरूको संख्या ३ करोड ७० लाख रहेको र आगामी ३० वर्षमा यसको संख्या १२ करोड पुग्ने प्रक्षेपण छ । नेपालमा ६० वर्ष उमेर माथिकालाई ज्येष्ठ नागरिकको रूपमा हेर्ने गरिएको र हाल यसको संख्या २५ लाख माथि रहेको र यहाँको जनसंख्या वृद्धि दर हेर्दा आगामी १ दशकमै यसको संख्या ३५ लाख पुग्नेछ ।

नेपालमा धेरै ऐन कानूनहरू यस सम्बन्धमा तय भइसकेका छन् तर कानूनअनुसार सेवा सुविधा भने पाउन सकेको अवस्था छैन । विश्वमा हाल ७६ करोड भन्दा बढी ज्येष्ठ नागरिकहरू छन् । नेपालमा पनि हाल लगभग ९ प्रतिशत जनसंख्या ज्येष्ठ नागरिककै छ । २५ लाख जनसंख्या वृद्ध, अशक्त, रोगी, असहाय हुंदा देश सुखी र समृद्ध हुन सक्दैन । जापानीहरू कोही फुर्सदमा छैनन्, सकेको काम सबैले गर्छन् । थाइल्याण्डको प्रगति युवा पुस्ताको काँधमा छ । नेपालमा पुस्तान्तरण छैन, वृद्धहरू गाउँमा दुःख पाउँछन्, नवीन पुस्ता खाडीमा भासिन्छ ।

**विद्यमान ऐन**

अहिले संशोधित नयाँ ऐन लागू भएको छ, जसले ज्येष्ठ नागरिकप्रति सरकार, घर परिवार, सामाजिक संघ संस्थाहरू वा समग्रमा भनौं स्थानीय सरकारको दायित्व र जिम्मेवारीलाई बढाएको छ । सन्ततिले आम्दानीको निश्चित रकम बाबुआमालाई अनिवार्य रूपमा छुट्याउनु पर्ने गराएको छ । बाबुआमाप्रति कठोर व्यवहार, कसूर गर्ने सन्तति, परिवार वा सेवा केन्द्रलाई कसूर हेरी १० हजारदेखि ५ लाखसम्म र ३ महिनादेखि ५ वर्षसम्म कैदको सजाय हुन सक्ने भएको छ ।

यसमा छिमेकीले समेत उजुरी दिन सक्ने, सन्तान वा हकवालाले ज्येष्ठ नागरिकको लालनपालन नगरे तिनको सम्पत्ति नपाउने, असहाय तथा जीवनयापनको समस्यामा रहेकाको हेरचाह तथा संरक्षण स्थानीय सरकारले गर्ने जस्ता बुँदाहरू सहितको कानूनी व्यवस्था भएको छ । सम्पत्ति स्थानीय तहले आफ्नो कब्जामा राख्न सक्ने, ज्येष्ठ नागरिकको हक हित हेतु प्रयोग गर्न सक्ने, तिनको बैंक खातामा पठाउन सक्ने भएको छ । तोकिएको न्यूनतम आय नभएका व्यक्तिको हकमा ज्येष्ठ नागरिकको न्यूनतम आवश्यकता पूर्ति सम्बन्धित स्थानीय तहले गरिदिनु पर्ने, भिन्न भई बसेका सन्ततिमा वा

छोरीप्रतिको नाति नातिनामा पनि यो लागू हुने भएको छ तर नियमित आम्दानी भएका, पेन्सन होल्डर, स्वरोजगार भएका, व्यापार व्यवसाय भएका बाबुआमा जो जुनसुकै आय आर्जनबाट तोकिएकाभन्दा बढी आय आर्जन भएकाको हकमा भने यो लागू नहुने भनौं पारिश्रमिक वा रकम जम्मा गरिदिनु नपर्ने भनिएको छ । अन्यथा सन्ततिले आफूले जम्मा गरिदिनुपर्ने रकमको विवरण, बैंक, भाउचर, भर्पाइ सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्ने प्रावधान छ ।

१५ दिनभित्र त्यहाँ जानकारी गराई प्रत्येक आ.वको अन्त्यमा रकम दिएको विवरण बुझाउनुपर्ने भएको छ । बाबुआमाले सन्ततिबाट यस्तो रकम नपाए उजुरी दिन सक्ने, यस्तो निवेदन, उजुरी प्राप्त भएपछि स्थानीय तहले सम्बन्धितलाई आदेश दिन सक्ने, जम्मा गरिएको रै-रकम खर्च भइनसकेको अवस्थामा सो रै-रकमले काज किरिया खर्च भनौं अन्त्यष्टि कर्ममा प्रयोग हुने र बाँकी रहे जम्मा गर्ने सन्ततिले उपयोग गर्न पाउने गरी ऐन आएको छ । सन्तानलाई लालनपालन नगरेको, उचित, शिक्षाबाट वञ्चित गरेको, निकाला गरेको सन्तानलाई भने स्थानीय तहले तिनका अभिभावकलाई लालनपालन गर्ने विषयमा बाध्य पार्न नसक्ने र ज्येष्ठ नागरिकको अनुभव, सिप, दक्षता भने स्थानीय तहले भरपुर प्रयोग गर्नुपर्ने, ज्येष्ठ नागरिकप्रति दुर्व्यवहार गर्नु नहुने, तिनको चल अचल सम्पत्तिमाथि बदनियत गर्न नहुने, लिन खान प्रयास गर्न नहुने, दबाब दिन नहुने, अरूको नाममा नामसारी बाध्य पार्न नहुने, कानूनी सहायताको लागि प्रचलित कानूनको अधीनमा कानूनी सहायता समिति मार्फत सहायता लिन सकिने ज्येष्ठ नागरिकले गरेका कसूरजन्य कार्यको शुरू कारबाही, सुनुवाइ र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा ज्येष्ठ नागरिक इजलासको गठन गर्न सक्ने, अदालतको आदेशमा ज्येष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राख्दा अन्य ज्येष्ठ नागरिकबाट अलग राख्ने, प्रदेशमा प्रदेश ज्येष्ठ नागरिक समितिको गठन गर्ने, स्थानीय ज्येष्ठ नागरिक समिति रहने ज्येष्ठ नागरिकलाई हेरचाह गर्न, संरक्षण गर्न स्थानीय तहले ज्येष्ठ नागरिक सेवा केन्द्रको स्थापना गर्ने, सेवा केन्द्रले तिनको इच्छा विपरीतका काम नगर्ने, तिनको शारीरिक र मानसिक अवस्थामा ध्यान दिनु पर्ने, तालिम वा गोष्ठीका कार्यक्रम सञ्चालन गर्न सक्ने, सेवा केन्द्रहरूले केन्द्रीय ज्येष्ठ नागरिक समिति, प्रदेश ज्येष्ठ नागरिक समिति र स्थानीय ज्येष्ठ नागरिक समितिको समन्वय,

निर्देशनमा रही कार्य गर्नु पर्नेछ । परिवारले ज्येष्ठ नागरिकलाई अलग राख्नु नहुने, भिक्षाटन, सन्यासी, फकिरमा प्रेरित गर्न नहुने सम्पत्ति लिने इच्छाले निजहरूउपर कुनै त्यस्तो बदनियत कार्य गर्नु गराउन नहुने, गरेमा कडा सजायको व्यवस्था भएको पाइन्छ । कुनै सार्वजनिक पदमा रहेकाले यस्तो कसूर गरेमा तोकिएको सजायको ३० प्रतिशत सजाय बढाउने पनि कानून व्यवस्था छ । ७५ वर्ष माथिका ज्येष्ठ नागरिक प्रति सन्ततिले कुनै कसूर गरेमा थप २५ प्रतिशत सजाय र पटक्कैपिच्छे यसो भएमा थप १० प्रतिशत सजाय भोग्नु पर्नेछ । कसूरको कारबाही किनारा भने जिल्ला अदालतबाट हुनेछ । सोको अनुगमन भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले गर्नेछ ।

**बजेटको व्यवस्था**

सन्ततिहरूबाट टाढिँदै गर्नाले देशमा वृद्धाश्रमहरूको संख्या वृद्धि भएको छ । सरकारले पनि हरेक वर्षको बजेटमा केही बोलेको पाइन्छ । आ.व. ०७७/०७८ को बजेटमा देशभरका ज्येष्ठ नागरिक आश्रमको न्यूनतम पूर्वाधार र सुविधाको मापदण्ड तोकी स्थानीय तहको प्रत्यक्ष रेखदेखमा सञ्चालन गर्ने व्यवस्था मिलाउने बताएको थियो । बजेटमा अल्जाइमर्स रोगलगायत उमेरका कारण हुने रोगबाट ज्येष्ठ नागरिकको निःशुल्क उपचारको व्यवस्था गर्ने उल्लेख थियो । एकल, शारीरिक र मानसिक रूपमा अशक्त, असहाय र आफ्नो परिवार वा संरक्षक नभएका ज्येष्ठ नागरिकका लागि निःशुल्क औषधी उपचार र संरक्षकको व्यवस्था गरिने सरकारी अठोट बजेटमा व्यक्त थियो । अटिजमलगायत सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षा, हेरचाह, विशेष प्रकारका स्वास्थ्य सेवा सुविधा तथा पुनर्स्थापनाका लागि व्यवस्था मिलाइने पनि सरकारले नै भनेको हो ।

गत वर्षको बजेटमा पनि एकल महिला, विधवा तथा विधुर, शारीरिक र मानसिक रूपमा अशक्त असहाय, आफ्नो परिवार र संरक्षण नभएका ज्येष्ठ नागरिकका लागि निःशुल्क औषधी उपचार र संरक्षणको व्यवस्था गरिने उल्लेख थियो । अल्जाइमर्स तथा बुढ्यौलीको रोगबाट प्रभावित ज्येष्ठ नागरिकको निःशुल्क औषधी उपचारको व्यवस्था गरिने भनेको थियो । अपाङ्गता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, मनोरञ्जन, रोजगारी र आय आर्जन कार्यक्रम सञ्चालन गर्ने तथा अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्री उत्पादनका लागि अनुदान दिने पनि भनेको हो, ज्येष्ठ नागरिकको ज्ञान,

सिप र अनुभवलाई उपयोग गर्न अन्तर पुस्ता ज्ञान, सिप हस्तान्तरणको कार्यविधि कार्यान्वयनमा ल्याई २ सय स्थानीय तहमा ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन गर्ने कार्य भएको आर्थिक सर्वेक्षण ०७७ ले नै जनाएको हो ।

**उमेर र प्रयास**

सामाजिक सुरक्षा अन्तर्गत ज्येष्ठ नागरिकहरूले जीवन निर्वाह गर्न वृद्ध भत्ता पाइरहेका छन् । ज्येष्ठ नागरिकहरूलाई गत आ.व देखि रू.४ हजार दिने व्यवस्था गरिएको छ । वि.स. २०५१ सालमा मासिक रू.१०० का दरले वृद्धभत्ता दिने निर्णय भई, ७५ वर्ष माथिकाले पाउने यो रकम अर्को वर्षदेखि दिन थालिएको हो । आ.व. ०६७/०६८ देखि वृद्धभत्ता पाउने उमेर ७० वर्षमा र यो आ.व देखि ६८ मा झरेको छ । ज्येष्ठ नागरिकप्रतिको विशेष सुरक्षा, संरक्षण, अभिभावकत्व स्वीकार गर्दै देशमा ज्येष्ठ नागरिक ऐन २०६३ र ज्येष्ठ नागरिक नियमावली २०६४ जारी भएको हो । यसै ऐनलाई आधार मानी सरकारले सामाजिक सुरक्षा अन्तर्गत वृद्ध वृद्धाहरूलाई भत्ता दिने कानूनी व्यवस्था गरेको हो । नेपालको संविधान धारा ४१ मा मौलिक हक अन्तर्गत ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा हुनेछ भन्ने उल्लेख छ ।

**अन्त्यमा**

दुःख र संघर्ष सिक्ने आफन्त भनौं जन्म दिने पिताबाटै हो अनि संस्कार र अनुशासनको शिक्षा दिने आफूलाई पहिलो आँखा देखाउने आमा नै हुन्, बाँकी सबै कुरा संसारबाटै मिल्ने हो । हामी कहाँ नयाँ सन्ततिले न आफ्ना पिताको न आफ्नी आमाको कुरा नै सुन्ने गरेको पाइन्छ । यदि यसो हुन्थ्यो भने यति धेरै कानून बनाउनै पर्दैनथ्यो, समाज नैतिक, इमान्दार र चारित्रिक हुन्थ्यो । विचारले नै समाज बद्लिन सक्छ । हाम्रो समाजमा बोली र व्यवहार सबैतिर फरक छ । त्यसैले त पूर्वीय दर्शनको मत छ । संसारमा २ भगवान छन्, एउटा मनको कुरा बुझिदिने आमा र अर्को भविष्यको चिन्ता गरिदिने बाबु । मान्छेले सबै कुरा जिन्दगीमा भुल्न सक्छ तर कसैले अनादर गरोस्, कहिले पनि भुल्दैन । सुख र दुःखलाई डटेर सामना गर्न सिकाउने आमा बाबु नै हुन् । मौसमी साथी बनाउँदा क्षणभरको प्रगति होला तर चिरस्थायी हुन्न । यी सबै उपदेश ज्येष्ठहरूबाटै सिक्ने हो, दुःख र हैरानी जति उनीहरूले खेपेका हुन्छन् त्यति नयाँले खेपेका हुन्नन् । ♦♦♦

हरपल हर घडी,
नागरिक सेवामा नेपाल प्रहरी ।

लघुकथा

# सोच



✍ रामकुमार पण्डित क्षेत्री

एक जना मध्यम वर्गीय मान्छे भाग्यवश धनीको संगत गर्न पुग्यो । धनीले खाएको, लाएको, बोलेको, हिंडेको देखेपछि उसलाई आफू पनि धनीभन्दा धेरै फरक नभएकोजस्तो महसुस भयो; भला धनीको एक नम्बर व्यवहार हुंदा उसको दुई नम्बरै किन नहोस् ।

संयोगवश ऊ नाम चलेको न्यायाधीशको सेवामा खटियो । नजिकबाट न्यायाधीशले गर्ने घर व्यवहार, बोलीचाली आदि नियाल्यो । त्यसमा पनि उसले न्यायाधीश २० भए आफू १८ भन्दा फरक पाएन । सोच्योः "धनी, ठूलावडा भनेका मान्छे नि भातै खाँदा रहेछन् । हाम्रै जस्ता शब्द उच्चारण गरेर बोल्दा रहेछन् । यी धनी भनाउँदा र ठूला भनाउँदाले हामी जस्तालाई किन मान्छे नगनेका होलान् ?"

ठूला मान्छेसँग संगत गर्ने मौका पाएको भाग्यमानीलाई एक दिन दुर्भाग्यवश चोरको चियो गर्ने काम पर्‍यो । त्यस्तो काम पर्नासाथ बोल्योः "कस्ता-कस्ता ठूलावडासँग अगिपछि लाग्ने बानी लागेको अब हेर त नीच व्यक्तिको नजिक पर्ने स्थिति आएको !"

चोरले थाहा नपाउने गरी ऊ पछिपछि लाग्यो । चोरले एक ठाउँमा सुर्ति मोलेर खायो । त्यो देखेपछि उसलाई पनि तलतल लाग्यो । खल्तिबाट झिकेर खायो । बाह्र बजेतिर एउटा ठूलो होटलमा छिरेर चोरले मासुभात मँगायो । उसलाई पनि भोक त लागेको थियो तर खल्तीमा मासुभात खाने पैसा नभएकोले सादा खाना मगायो । खाइसकेपछि इमानदारीपूर्वक चोरले पैसा तिर्‍यो र उसले पनि । चोरले मोबाइलमा आफन्तसँग प्रेमपूर्वक बात गर्‍यो ।

प्रेमिकालाई त मुटु नै झिकेर दिउँलाझैं गर्‍यो । दिन ढल्दै गएपछि चोरसँग पैसा सकिदैं गयो । यो कुरा त्यो व्यक्तिलाई थाहा थिएन । भिडभाडको मौका पारेर कुन सड्का सड्कामा उसैको पर्स चोरेर चोर फरार भयो ।

थोरै पैसा थियो, त्यही पनि चोरी भएको उसले पछि थाहा पायो । आफूलाई नि चोरी गर्दिउँ कि जस्तो त नलागेको कहाँ हो र त्यतिबेला ! पछि जेल परिएला भन्ने डरले त्यसो गर्न सकेन । चोर्ने कुरा बाहेक अरू त उसँग मिलेकै थियो चोरको आनीबानी । तैपनि किन हो किन उसले म पनि चोरजस्तै रहेछु भनेर भन्नै चाहेन । अर्को कुरो, "ठूलो मान्छेभन्दा म के कम छु र" भनेर उसले सोचेजस्तै चोरले पनि "ऊ भन्दा म के कम छु र" भनेर सोच्यो भने के मैले मलाई चोरै भन्ने होला त भनेर जिल्ल पर्‍यो । ♦♦

कविता

## अन्तर ध्वनि



✍ **राधा खतिवडा पोखरेल**

आज फेरि रात पर्‍यो रात काँटु कसरी ?
अन्तर्निहित विचारहरू आँधी चल्दै छ बेसरी ।

एकाएक आज यो सन्ध्यामा के डाहा भो
मनका भित्री कुराकानी फुट्ने थाहा भो ।

करोडौं ईर्ष्यालु कलाकारहरूको माझमा
व्यर्थ व्यक्ति म यो जमातको कोलाहलमा ।

थाहा छ जिन्दगी सिर्फ हो त भ्रमले गाँसिएको डोरी
चुडी जान्छ आज या चुडी जान्छ भोलि।

निस्सीम बाँचिरहे अन्धकार रूपी आगोभित्र
नबल्न सकें आफू न बाल्न सकें अरूलाई यो राँको भित्र।

जबरजस्ती म नै हो कि भाग्य रेखामा छ दोष ?
प्रकृति त पक्कै छैनन् नि, अबला मलाई किन अफसोच

# कवि सिद्धिचरण श्रेष्ठ



✍ गङ्गा कर्माचार्य पौडेल

वि.सं १९६७ जेठ ९ गते ओखलढुङ्गा जिल्लाको ओखलढुङ्गा बजारमा जन्मनु भएका कवि सिद्धिचरण श्रेष्ठ नेपाली भाषा साहित्यको पद्य विधा कवितामा हडताल, क्रान्ति शब्द प्रयोग गर्ने पहिलो प्रगतिवादी कवि हुनुहुन्थ्यो । राणा शासनकालको ऊ बेलामा यस्ता शब्द प्रयोग गर्नु ठूलै अपराध मानिन्थ्यो ।

सिद्धिचरण श्रेष्ठको बुबा विष्णुचरण श्रेष्ठ जागिरको सिलसिलामा सपरिवार ओखलढुङ्गा बस्नु हुँदा पहिलो सन्तानको रूपमा सिद्धिचरण श्रेष्ठ ओखलढुंगामै जन्मनु भएको थियो । बुबाको जागिरबाट अवकासपछि उहाँको आफ्नै घर भक्तपुरको इनाछे टोलमा फर्किदा सिद्धिचरण श्रेष्ठ एघार वर्ष उमेरको हुनुहुन्थ्यो । सानै देखि उमेर अनुसार घरैमा अक्षरारम्भ भइसकेको हुँदा सिद्धिचरण श्रेष्ठलाई काठमाडौंको रानीपोखरीमा अवस्थित दरबार हाईस्कूलमा सुरूमै तीन कक्षामा भर्ना लिइएको थियो । कक्षा आठसम्म यहीको स्कूलमा अध्ययन गरिसकेपछि भारतको कलकत्तामा गएर उहाँले प्रवेशिका परीक्षा उत्तीर्ण गर्नुभएको थियो । त्यसपछि सिद्धिचरण श्रेष्ठले पूर्वीय तथा पाश्चात्य भाषा, साहित्य, कला र दर्शन आदिको स्वध्यायनबाट आफूलाई स्रष्टा, द्रष्टा एवम् चिन्तकको रूपमा चिनाउन सफल हुनु भएको देखिन्छ ।

सिद्धिचरण श्रेष्ठले साहित्य लेखनको सुरूवात कसरी गर्नुभयो भनि खोजी अध्ययन गर्दा उहाँका बुबा विष्णुचरण श्रेष्ठ स्वयं साहित्यकार भएको भेटियो । उहाँले आफ्नो जीवन कालमा वि.सं १९९१ सालमै नेपाली भाषामा सुमति सामाजिक उपन्यास र १९९३ मा भिष्म प्रतिज्ञा गरी दुई उपन्यास कृति प्रकाशित गरेर ऊ बेलाको पुस्तक अभावलाई केही हदसम्म पूर्ति गर्नुको साथै नेपाली भाषा साहित्यमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको पाइयो । त्यसकारण बुबाको प्रभाव, घरैको साहित्यिक माहौल र ओखलढुङ्गाको प्राकृतिक सौन्दर्यबाट प्रेरित भई सिद्धिचरण

श्रेष्ठले १९८४ साल देखिनै नेपाली भाषामा र १९८७ साल देखि नेपाल (नेवारी) भाषामा कलम चलाउन थाल्नु भएको बुझिन्छ ।

सिद्धिचरण श्रेष्ठले वि.सं १९८४ सालमै स्वच्छन्दतावादी भाव र शिल्पसँग सम्बन्धित सन्ध्या शीर्षकको कविता लेखीसक्नुभएको र वि.सं. १९८७ देखि नेपाल (नेवारी) भाषामा पनि सिर्जना गर्ने गरेको भए पनि वि.सं. १९९१ वैशाख ४ गतेको गोरखापत्रमा भुइँचालो शीर्षकको कविता प्रकाशन गरेर औपचारिक रूपमै नेपाली भाषा साहित्यमा प्रवेश गर्नुभएको देखिन्छ ।

सिद्धिचरण श्रेष्ठले आफ्नो कवितामा जाती, वर्ग, लिङ्ग, धर्म आदि सबै खाले विभेद विरूद्धमा आवाज उठाएर समाजिक रूपान्तरणको अपेक्षा गरेको पाइन्छ । यस्ता कुरा तत्कालीन राणा शासनलाई सह्य थिएन ।

नेपाली जनता र जनताको आवाजलाई दबाएर उनीहरूमाथि आफ्नो हैकम जमाईरहेका राणाहरू जनताको पक्षमा कोही बोलेको सुन्न चाहँदैनथे भने जनताको पक्षमा लेखिएको हेर्न हेर्न पनि सक्दैनथे । व्यवस्थाको विरोध गर्नेलाई त झन् फाँसीनै दिने चलन थियो । यस्तो अवस्थामा पनि कवि सिद्धिचरण श्रेष्ठले देश र जनताका लागि ज्यान जोखिममा पारेर निडर भई आफ्नो कवितामा हडताल शब्द प्रयोग गरी जनचेतना जगाउने काम गर्नु भएको थियो । त्यसै गरी वि.सं. १९९७ सालमा त उहाँले क्रान्ति बिना शान्ति हुँदैन भनेर उद्घोष नै गर्नु भएको थियो । त्यसभन्दा अगाडि कुनै पनि लेखक साहित्यकारहरूले आफ्नो रचनामा यस्ता शब्द प्रयोग गर्ने आँट गर्न सकेका थिएनन् । पहिलो पटक सिद्धिचरण श्रेष्ठबाट यस्ता शब्दहरू लेखिदा राणाहरूलाई सह्य भएन । त्यसपछि सिद्धिचरण श्रेष्ठलाई सर्वस्व सहित १८ वर्षको जेल सजाय तोकिदिएका थिए ।

सिद्धिचरण श्रेष्ठ जेल भित्रै भएको बेला उहाँका बुबा विष्णुचरण श्रेष्ठको दुःखद् निधन भएको थियो । हिन्दूधर्म परम्परा अनुसार बाबुको काज कृया छोराले गर्नु पर्ने भए पनि उहाँलाई त्यो क्रुर राणा शासनले किरिया गर्ने सम्म अनुमति दिएन । त्यसले गर्दा सिद्धिचरण श्रेष्ठलाई त्यति बेलाको शासन व्यवस्थाले नै झन् विद्रोही बन्न प्रेरित गरेको देखिन्छ । राणाशासनले सिद्धिचरण श्रेष्ठको शरीरलाई जेलको कोठाभित्र थुने तापनि उहाँको चेतनालाई थुन्न सकेको थिएनन् । उहाँले हरघडी हरक्षण देश र जनतालाई राणा शासनबाट मुक्ति दिलाउन कसरी जनचेतना जगाउन सकिन्छ भनेर सोचिरहनु हुन्थ्यो । आफ्नो भन्दा देश र जनताकै बढी चिन्ता

गरिरहनु हुन्थ्यो र त निर्धक्कसँग क्रान्ति बिना शान्ति हुँदैन भनेर लेख्न सक्नु भयो ।

राणाहरूको अत्याचारले सीमा नाघिरहेको त्यो बेलामा जनताहरू भित्रभित्रै आन्दोलित भएका थिए । तापनि प्रत्यक्ष विरोध गर्न सकिरहेको थिएनन् । त्यहिबेला सिद्धिचरण श्रेष्ठका कविताले उनीहरूमा आन्दोलनका लागि बल पुऱ्याउने उर्जा थपिदिने कार्य गरेको थियो । युगले चाहेको परिवर्तन, समतामूलक समाजको निर्माण, देशको माटो, जनताले रोजेको बाटो, राजनीतिमा फैलिएको विकृतिको पाटोलाई मध्यनजर राखी जनचेतना जगाउने कार्य सिद्धिचरण श्रेष्ठले गर्नुभएको हुँदा उहाँलाई युगकवि, प्रगतिवादी कवि भनि मानिएको हो ।

नेपाली र नेपाल (नेवारी) दुवै भाषामा दखखल राख्नुहुने कवि सिद्धिचरण श्रेष्ठको कविता सङ्ग्रह, खण्डकाव्य, बाल कविता सङ्ग्रह, पद्यनाटक, संस्मरण, गरि दर्जनौं कृतिहरू प्रकाशित भएको पाइन्छ । उहाँले लेख्नुभएको मेरो प्यारो ओखलढुंगा शीर्षकको कविता के बाल के युवा के वयस्क सबैले कण्ठ पारेका छन् । उहिले देखि अहिले सम्म पनि त्यो कविताको लोकप्रियता उत्तिकै छ । सिद्धिचरण श्रेष्ठले लेख्नु भएको कुहिरोको घाम कविता सङ्ग्रह, उर्वशी खण्डकाव्य, पद्य नाटक बाली बध, कारागारका सम्झना चर्चाको शिखरमा रहेका कीर्तिहरू हुन् । हुन त उहाँका सबै पुस्तकहरू उत्तिकै पठनीय र सङ्ग्रहणीय पनि छन् ।

कवि सिद्धिचरण श्रेष्ठले लेख्नुभएको 'हिमगिरी मण्डित सुगन्ध शोभित जय जय आमा नेपाल' नेपालको पहिलो राष्ट्रिय गान हो । यसको रचना २००५ सालमै गरिएको थियो । तापनि ऊ बेलाको शासन व्यवस्थाले यस्तो हिमाल, पहाड, तराईलाई जोड्ने, नेपाली भाषा संस्कृति लोक जीवनलाई पहिचान गराउने गीतलाई स्थान नदिएर चक्रपाणी चालिसेले लेख्नुभएको श्रीमान गम्भीर नेपाली गीतलाई सरकारी मान्यता दिइएको थियो ।

कवि सिद्धिचरण श्रेष्ठको लेखनको अलावा पत्रकारितामा पनि उल्लेखनीय योगदान रहेको पाइन्छ । उहाँ नेपालको पहिलो दैनिक पत्रिका आवाजको प्रथम सम्पादक हुनुहुन्थ्यो । त्यसैगरी शारदा, गोरखापत्र, तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित हुने कविता तथा नेपाल (नेवारी) भाषाको ॠतु जस्ता गरिमायुक्त पत्रिकाहरूको सम्पादक भएर सेवा पुऱ्याउनु भएको थियो । सिद्धिचरण श्रेष्ठ नेपाल प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य, युवा वर्ष मोती पुरस्कार छनोट समितिका अध्यक्ष, लेखनाथ अभिनन्दन समितिका अध्यक्ष,

नेपाल भाषा परिषद्का अध्यक्ष लागायत विभिन्न संघ संस्थाहरूमा रहेर काम गर्नुभएका उहाँ बहुमुखी व्यक्तित्व हुनुहुन्थ्यो भन्ने बुझिन्छ । सिद्धिचरण श्रेष्ठको नेतृत्वमा नेपाल प्रज्ञा प्रतिष्ठानले थालनी गरेको राष्ट्रिय कविता महोत्सवले हालसम्म पनि निरन्तरता पाइरहेको छ ।

बहु आयामिक व्यक्तित्व सिद्धिचरण श्रेष्ठले नेपाली भाषा साहित्य, समाजसेवा, सांगठनिक सेवामा पुऱ्याउनु भएको योगदानको लेखाजोखा यो छोटो लेखमा अटाउन सकिदैन । उहाँको विषयमा विस्तृत रूपमै लेख्ने हो भने एउटा ठूलै ग्रन्थ तयार हुन सक्दछ । त्यसकारण हाम्रा राष्ट्रिय युग कवि सिद्धिचरण श्रेष्ठप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै यो संक्षिप्त लेखनीको यहीं बिट मार्न चाहन्छु ।

**सन्दर्भ सामग्री**

**♦ डा. देवी नेपालद्वारा सम्पादित युग कवि सिद्धिचरण श्रेष्ठ एक सय एक कवि : कविता सङ्ग्रह ।** ♦♦

## मुक्तक



✍ **लीलाराज दाहाल**

प्यारको भाषा बोल्दाखेरि कमाल भई जान्छ
तिम्रो मनको बस्तीमा त बबाल भई जान्छ
जति जति जिज्ञासा यो मेटाउँदै जान्छु
उति उति घुमाउरो सवाल भई जान्छ !

साँझमा प्यारको दीप जलाउने कुरा छ
तिम्रै नेतृत्वमा सरकार चलाउने कुरा छ
नजाउ टाढा कतै बस दिलको वरिपरि नै
धेरैपछि आज खुसियाली मनाउने कुरा छ !

यसैगरी खानु पर्छ भन्दै थिए उनीहरू
छिटोछिटो नोटका चाङ्ग गन्दै थिए उनीहरू
समय छ कस्तो भन्ने थाहै छैन जस्तो लाग्छ
आफैलाई पुर्न खाडल खन्दै थिए उनीहरू !

# आत्महत्या न्यूनीकरणका उपायहरू



✍ प्र.ना.उ. भोजराज पाण्डेय

२०७५ साल भाद्र महिनामा पाल्पा जिल्लाको रामपुर नगरपालिका वडा नं ६ घर भएकी एक अधबैंसे महिलाले कतारमा रहेका श्रीमानसँग राती इमोमा कुराकानी हुँदै गर्दा श्रीमान श्रीमती बिच सामान्य विषयमा एक आपसमा झगडा गरे पछि अचानक ती महिला आवेशमा आई साथमा रहेका ४ र २ वर्षका छोराहरू सुतिरहेको अवस्थामा ढोकाको चुकुल भित्रबाट लगाई घरको छानो अड्याउन राखेको बलोमा सलले घाटीमा पासो लगाई श्रीमानलाई भिडियो कल गरी झुण्डिएर आत्महत्या गरिन् । बिहान अबेरसम्म पनि ढोका नखोलेको र दुई जना बालकहरू भित्र रोएको आवाज सुनेपछि छिमेकीहरू जम्मा भई घटनाको बारेमा प्रहरीलाई खबर गरेका थिए ।

२०७९ सालको असार महिनामा तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिका वडा नं १ घर भएकी एक महिलाले विदेशमा रहेका श्रीमानसँग इमोमा भिडियो कल गरी कुराकानी गर्दै गर्दाको अवस्थामा अचानक सामान्य विषयमा झै-झगडा भई "अब म झुण्डिएर मर्छु भनि" कल डिस्कनेक्ट भए पछि निज श्रीमानले अत्तालिदै गाउँकै एक जना भाइलाई आफ्नो घरमा गएर हेर्न अनुरोध गरेपछि निज उक्त घरमा जाँदा महिलाले भित्रबाट ढोकाको चुकुल लगाई आत्महत्या गरिसकेकी थिइन । निज तथा महिलाको बहिनी र गाउँलेसमेतको प्रयासमा निजहरूले ढोका फुटाली "बाँची पो हाल्छ की" भनि पासोबाट निज महिलालाई हतार-हतार निकाली हेर्दा महिलाको मृत्यु भइसकेको रहेछ ।

२०७५ सालको श्रावण महिनामा पाल्पा जिल्लाको रामपुर नगरपालिका केलादी घर भएकी मजदुरी काम गर्दै आएकी एक महिला दिनभर आफ्नै श्रीमानसँग ज्याला मजदुरी गरी घर फर्कने क्रममा घर नजिकको होटेलमा दुवै जनाले मादक पदार्थ सेवन गरे

पश्चात घरमा आई खाना कसले पकाउने विषयमा विवाद हुँदा निज महिला घरको अर्को कोठामा गई तरकारी खेतीमा हाल्न भनि ल्याएको किरा मार्ने विषादी सेवन गरी अशक्त भएको भन्ने जानकारी प्राप्त भएको हुँदा प्रहरीसमेत घटनासथलमा पुगि निजलाई उपचारको लागि अस्पतालमा पुऱ्याउँदा डाक्टरले मृत घोषणा गरेका थिए ।

माथि उल्लेखित घटनाहरू त आत्महत्याका केवल प्रतिनिधि घटनाहरू हुन । मानिसले प्राण त्याग गर्ने कुरालाई सामान्य र हल्का रूपमा लिन थालेको कारण यस्ता घटनाहरू दैनिक ठूलो संख्यामा घट्ने गरेका छन् । जीवन कति मूल्यवान छ भन्ने कुराको हेक्का राख्न छाडेकै कारण आत्महत्याका घटनाहरू हुने गरेका छन् । सामान्य विषयमा आफ्नो भावावेशलाई नियन्त्रण गर्न नसक्दा यस्ता प्रकृतिका घटनाहरू दिनानुदिन बढ्दै गइरहेका छन्। पछिल्लो समयमा सामाजिक सञ्जालको दुरूपयोगको कारण पनि आत्महत्याका घटनाहरूमा वृद्धि भएको पाइन्छ । नेपाललगायत विश्वका हरेक देशमा अहिले सबैभन्दा डरलाग्दो समस्याको रूपमा रहेको आत्महत्याको विषयलाई लिएर आज सबै देशहरू चिन्तित बनेका छन् ।

खास गरी मानिसको मस्तिष्कमा सकारात्मक र नकारात्मक दुवै सोच रहेको हुन्छ । सकारात्मक सोचमा परिवर्तन आई कुनै परिवेश, घटना विशेषलाई लिई त्यही विषयमा निरन्तर मानसिक उल्झन गरी उक्त समस्या समाधान गर्न असमर्थ भएको कारण अथवा अब यो समस्यालाई म कुनै पनि हालतमा समाधान गर्न सक्दिन भन्ने नकारात्मक र निरासावादी सोच मनमा पैदा भई आफ्नो जीवन प्रति नै अत्यन्त घृणा भाव महसुस गरी अस्वभाविक रूपमा मृत्युवरण गर्नुलाई आत्महत्या भनिन्छ ।

मानिसले समस्यालाई दुई प्रकारले लिएको हुन्छ । एउटा सरल र अर्को कठिन । सरल समस्यालाई उसले आफ्ना साथीभाइ र साथीहरूसँग सहजै भन्ने गर्दछ र त्यसको तत्काल समाधान पनि हुन्छ किनभने समस्याहरू अरूलाई भन्दा सहज तरिकाले त्यसको समाधान पनि निस्कन्छ । तर कठिन खालको समस्यालाई उसले आफन्तजन तथा साथीहरूलाई भन्न सक्दैन किनकी उसले पहिले नै कल्पना गरी सकेको हुन्छ की यो समस्यालाई अरूलाई भन्नु ठिक हुदैन । जुन समस्या भनेमा समाजमा उसको बेइज्जती हुने वा अबगाल आउने हुन सक्छ भन्ने उसलाई लागिरहेको हुन्छ । समस्या समाधान हुन नसकेको कारण मन अशान्त हुन्छ र भित्रभित्रै नैराश्यताले उसमा जरा गाड्न

थाल्छ । अन्ततोगत्वा उसले उक्त समस्याको समाधान केवल मृत्यु नै हो भन्ने ठान्छ र सहजै मृत्युवरण गर्दछ ।

कतिपय अवस्थामा मानिसलाई आत्महत्या गर्न बाध्य पनि बनाइएको हुन्छ । नेपालमा खासगरी तराईका जिल्लाहरूमा दाइजोको कारण धेरै महिलाले आत्महत्या गरी मृत्युवरण गरेको कारण २०७४ सालमा बनेको मुलुकी अपराध संहिता ऐनमा कसैलाई आत्महत्या गर्न दुरूत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न हुंदैन र त्यसो गरेमा दुरूत्साहन गरेको ठहर्छ भन्ने कुरा उल्लेख गरेको छ । खासगरी तराईमा बुहारीहरूलाई दाइजो नल्याएको निहुँमा सासुससुरा, श्रीमान तथा घरका अन्य परिवारद्वारा शारीरिक तथा मानसिक रूपमा प्रताडित गरी आत्महत्या गर्न बाध्य बनाएको कारण धरै महिलाहरूले अकालमा मृत्युवरण गर्ने गरेको घटनालाई निरूत्साहित, नियन्त्रण र रोकथाम गर्न यो प्रावधान ल्याएको कुरा नकार्न सकिदैन । तर पछिल्लो समयमा सामाजिक सञ्जालमा साथी बनी निजको उक्त फेसबुक एकाउन्ट ह्याक गरी कुनै तरहले प्राप्त गरेका निजका अश्लिल फोटो तथा भिडियोहरू पोष्ट वा शेयर गर्ने गरेको कारण समाजमा बेइज्जती हुने डरले आत्महत्या गर्ने गरेका घटनाहरूमा बढोत्तरी हुन थालेको छ । जुन कुरालाई अत्यन्त गम्भीर रूपमा लिनु पर्ने आवश्यकता रहेको छ ।

यसै तथ्यलाई मनन् गरी नेपाल सरकारले मुलुकी अपराध (संहिता) ऐन २०७४ मा आत्महत्यासम्बन्धी विषयलाई पहिलो पटक कानूनी दायरामा ल्याएको छ । उक्त ऐनको परिच्छेद १२ को दफा १८५ मा कसैले कसैलाई आत्महत्या गर्न दुरूत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गर्न वा गराउन हुदैन भन्ने उल्लेख छ । उक्त ऐनको दफा १८५ विरूद्ध कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुनेछ भन्ने कुरा समेत ऐनमा उल्लेख गरेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार प्रत्येक वर्ष विश्वभर करिब १० लाख मानिसहरूले आत्महत्या गरी मर्ने गर्दछन् । हरेक ३ सेकेण्डमा एक जनाले आत्महत्याको प्रयास गर्दछ भने प्रत्येक ४० सेकेण्डमा १ जनाको आत्महत्याको कारण मृत्यु हुने गर्दछ । विश्वभरमा हुने गरेका आत्महत्याका घटनाहरूलाई हेर्ने हो भने प्राय पुरूषहरूको तुलनामा महिलाहरूले बढी आत्महत्या गर्दछन् । आत्महत्याको दर गृहणी, विद्यार्थी, मजदुर र बेरोजगारमा बढी भएको पाइन्छ । आत्महत्या गर्नेमा विश्वमा रहेका देशहरूको तुलनामा

नेपाल सातौं स्थानमा रहेको छ । तर महिला आत्महत्या गर्नेमा नेपाल तेश्रो स्थानमा रहेको छ । प्राय गरेर १५ वर्ष देखि ४५ वर्षको उमेरकाहरूले बढी आत्महत्या गर्ने गरेको पाइन्छ । त्यसमा पनि खास गरी सहारा बिहिन, निको नहुने रोगले ग्रसित र पीडादायी रोगको बिरामी (६० वर्ष देखि माथि) भएकाहरूले पनि पीडासँग संघर्ष गर्न नसकी आत्महत्या गर्ने गरेको पाइन्छ ।

नेपालमा पछिल्लो समयमा युवाहरू वैदैशिक रोजगारीको सिलसिलामा विदेशमा जाने र बुहारीहरू गाउँमा नबसी छोराछोरी पढाउन भनि सहरमा बस्ने गरेको कारण वृद्धवृद्धाहरू सहारा बिहिन भई जिन्दगीदेखि बिरक्तताको अनुभूति गरी आत्महत्या गर्ने गरेका छन् । कतिपय अवस्थामा बुढ्यौलीसँगै विभिन्न रोगले ग्रसित रहेको र भरपर्दो उपचार गर्ने गराउने मानिस नरहेको कारण पीडाबाट मुक्ति पाउनको लागि आत्महत्या गर्ने गरेको पनि पाइन्छ । "म मेरो बोलीलाई सकारात्मक राख्दछु किनभने मेरो बोलीबाट मेरो व्यवहार बन्दछ, म मेरो व्यवहार सकारात्मक राख्दछु किनभने व्यवहारबाट मेरो जीवन मूल्य बन्दछ, म मेरो जीवन मूल्य सकारात्मक राख्दछु किनभने जीवन मूल्यबाट मेरो भविष्य बन्दछ ।" भारतीय महान नेता महात्मा गान्धिले जीवनको बारेमा उल्लेख गरेको यो उद्गारले जीवनको वास्तविकता छर्लङ्ग पार्दछ । वास्तवमा खुसी या सुख पाउन भनेर काम गरेमा जीवनमा खुसी कहिल्यै आउदैन बरू तनाव हुन्छ । किनभने मानिसले जहिले पनि आशातित परिणाम भन्दा बढी महत्वाकांक्षा राखेको हुन्छ । जसले गर्दा उसमा खुसी प्राप्त नहुन सक्छ । तर खुसीका साथ काम गर्‍यो भने निश्चित रूपमा खुसी भई सफलता प्राप्त हुन सक्छ ।

समाजमा विभिन्न कारणहरूले गर्दा मानिसले आत्महत्या गर्ने गरेको पाइन्छ । यसका प्रमुख कारणहरूमा लैङ्गिक तथा घरेलु हिंसा, पारिवारिक बेमेल/झै-झगडा/खिचातानी, शारीरिक तथा मानसिक तनाव/डिप्रेसन, लामो समय निको नहुने दीर्घरोग लाग्नु, सोचे/चाहे अनुसारको काम नहुनु/नबन्नु, नतिजामुखी परिणाम नआउनु, प्रेममा धोका खानु, प्रेम सम्बन्धलाई परिवार र समाजले वैधता नदिनु, सामाजिक बहिष्कार/अपहेलना/बेरोजगार/गरिबी/अशिक्षा, सामाजिक सञ्जालको गलत प्रयोग गर्नु र अनावश्यक महत्वाकांक्षा लिनु आदि पर्दछन् ।

**न्यूनीकरणका उपायहरू**

आत्महत्या जस्तो जटील समस्या समाधान गर्नको लागि कानून निर्माण मात्र बलियो आधार हुन सक्दैन । यसको

लागि व्यापक रूपमा जनसहभागिता सहित सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक रहन्छ । साथै स्थानीयरूपमा यसको लागि सरोकारवालाहरूको सहकार्यमा विद्यार्थी र समाज लक्षित सचेतनात्मक कक्षाहरू पनि सञ्चालन गर्नु उपयुक्त हुन्छ । यसको अलावा व्यक्तिगत रूपमा व्यक्ति आफैले विभिन्न उपायहरू अवलम्बन गर्न सकेमा पनि आत्महत्या न्यूनीकरण गर्न सकिन्छ । जस्तै एकान्तमा बस्ने बानी नगर्ने, असफलतालाई लिएर अनावश्यक तनाव नलिने, हरपल आफूलाई व्यस्त राख्ने प्रयास गर्ने, नकारात्मक सोच मस्तिष्कमा आउन नदिने, झै–झगडा गर्ने र रिसाहा स्वभाव नगर्ने, सामाजिक सञ्जालको दुरूपयोग नगर्ने, कसैलाई पनि आफ्नो सोसियल मिडियाको पासवर्ड सेयर नगर्ने, सुख र दुःखलाई समान रूपमा लिने लगायतका कार्यहरू गर्न सकेको खण्डमा यस्तो विचार मनमा आउनबाट बच्न सकिन्छ । कुनै पनि असफलतामा नैराश्यता आउन नदिनु जीवनको लागि अत्यन्त महान कार्य मानिन्छ ।

यसलाई नियन्त्रण वा न्यूनीकरण गर्ने कार्य एकल प्रयासबाट मात्र कदापी सम्भव हुन सक्दैन । सामाजिक उत्तरदायित्व अन्तर्गत जिम्मेवार निकायबाट सामूहिक प्रयास गरेको खण्डमा पनि यसलाई प्रभावकारी रूपमा न्यूनीकरण गर्न सकिन्छ । जस्तै महिला शिक्षा तथा सशक्तिकरण अभियानको सञ्चालन गर्ने, वैदेशिक रोजगारीलाई निरूत्साहित गरी रोजगारी सिर्जना गर्ने, घरेलु, लैङ्गिक र असमान व्यवहार तथा हिंसा नगर्ने, पारिवारिक मेलमिलाप राख्न प्रयास गर्ने, झै–झगडा र खिचातानी हुन नदिने, सबैलाई समान व्यवहार (परिवार, समाज र विद्यालय) गर्ने, कसैलाई पनि सामाजिक बहिष्कार नगर्ने, सामाजिक सद्भाव कायम गर्ने लगायतका कार्यहरू गर्न सकेमा यसलाई न्यूनीकरण गर्न सकिन्छ ।

त्यसै गरी घटना न्यूनीकरणको लागि नगरपालिका, गाउँपालिका, वडा कार्यालय, अन्य सरकारी तथा गैर सरकारी एवं सामाजिक संघ संस्था, विद्यालय तथा क्याम्पसहरू समेतको सहयोग तथा समन्वयमा विभिन्न चेतनामूलक प्रशिक्षण कार्यक्रमहरूको सञ्चालन गर्ने, गाउँघर तथा टोल टोलमा घरदैलो कार्यक्रम सञ्चालन गर्ने, असहाय, गरिब, निमुखा र अशिक्षितहरूलाई निःशुल्क र परोपकारी भावले सहयोग गर्ने, योग तथा ध्यान केन्द्रहरू सञ्चालन गर्ने युवायुवतीलाई दुर्व्यसनीबाट टाढा राख्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्न सकेमा पक्कै पनि नेपालमा बढ्दो रूपमा रहेको आत्महत्याको विकराल अवस्थालाई केही हदसम्म भए पनि

न्यूनीकरण गर्न सकिन्छ ।

हामीले देखेका छौं समाजका धेरै प्रतिष्ठित मानिसहरू तथा राष्ट्रिय अन्तर्राष्ट्रिय पहिचान बनाएका धेरै मानिसहरूले पनि सहज तरिकाले आत्महत्याको बाटो रोजेका छन् । त्यसमा कतिले परिबन्द वा दुरूत्साहनको कारण पनि गरेका हुन सक्छन् । तर जीवनको यथार्थतालाई नबुझेर, संघर्षको बाटो त्यागेर जीवन बिसर्जन नै अन्तिम सत्य हो भन्ने ठानी अल्पायुमै आत्महत्याको बाटो रोज्नुलाई कदापी उचित मान्न सकिदैन । नेपाल तथा भारतका कतिपय नायक नायिकाहरूले पनि आत्महत्याको बाटो रोजेको हामीले सुनेका छौं । त्यसका पछाडि दुरूत्साहनको कारण पनि हुन सक्छ तर कानूनी उपचार हुने अवस्था हो भने कानूनी उपाय अवलम्बन गरी पीडाबाट मुक्त भई जीवन सार्थक बनाउनु पर्नेमा बिसर्जन गर्नुलाई कसै गरी पनि उचित कार्य मान्न सकिदैंन । व्यक्ति, समाज तथा अन्य सरोकारवाला निकायहरू बिचमा सहकार्यका साथ कार्यक्रम सञ्चालन गरी समाजको तल्लो तहसम्म सुसूचित गर्न सकेको खण्डमा पक्कै पनि आत्महत्या न्यूनीकरण गर्न सकिन्छ भन्ने कुरामा आशा गर्ने ठाउँ बाँकी रहन्छ । ♦♦♦

कविता

## प्यारो दसैँ



✍ **इन्द्रकुमार श्रेष्ठ**

जाडो आउनै बाँकी छ गर्मी पनि हरायो
बालीनाली झुलाई धरती नै रमायो
यस्तो सुन्दर बेलामा दसैं गाउँ सहरमा
आयो खुसी थपेर नौलानौला रहरमा ।

सजिएका पसलमा सामान हेर्दै हजार
कहिले पिङमा रमायो कहिले डुल्यो बजार
नयाँ लुगा लाएर मिठोमिठो खाएर
प्रसाद पनि लाइन्छ मन्दिरतिर धाएर ।

फूलपातीको बढाइँ कालरात्रि अष्टमी
बीचमा आउँछ नवमी टीका लाइने दशमी
निधारभरि अक्षता जमराले दङ्ग मन
मान्यजनको आशिष्ले उड्छ खुसी चङ्गा मन ।

टाढादेखि आउँछन् दसैं सम्झी दाजुभाइ
खुसी हुन्छन् दुनियाँ नातागोता भेट्न पाई
मनको मिलन गराउने दुःख पीडा हराउने
यस्तो प्यारो दसैंलाई सबैले मन पराउने !

लघुकथा

# कर्तव्यबोध



✍ बाबुराम न्यौपाने 'उत्स'

प्रकाशले सई भएको पाँच वर्षपछि इन्स्पेक्टरमा पदोन्नति भएको पत्र पायो । यो खुसीको पलमा मेरी राधा छेउमा भएको भए । उसले पत्नी राधालाई झलझली सम्झ्यो । फोनबाट त यो खबर राधालाई पहिले नै भनिसकेको थियो ।

संयोगबस यतिबेलै राधाको फोन आयो । खुसी हुँदै प्रकाशले फोन रिसिभ गऱ्यो ।

"भन, मेरी राधा । सन्चै छौ ?"

"हेलो, प्रकाश ! बधाइ छ तिमीलाई । तिम्रो इमानदारी र क्षमताको कदर भएको छ । आफ्नो कर्तव्यपथबाट कहिल्यै विचलित नहुनु है, मेरो राजा । आमा छेउमै हुनुहुन्छ, कुरा गर्ने रे, लु आमासँग बोल ।"

"सेवा ढोग, आमा ! सन्चै हुनुहुन्छ ?"

"भाग्यमानी भएस् छोरा । मेरो आशीर्वाद छ नानी, अझै ठूलो र असल मानिस बन्नु । दसैं नजिक आउँदैछ कति वर्ष भो सँगै बसेर दसैं नमनाएको यसपाली त आइज है ।

ल अब बुहारीसँगै कुरा गर ।" आमाले राधालाई नै फोन दिइन् ।

"आमाको कुरा सुन्यौ नि प्रकाश । हाम्रो भेट नभएको पनि दुई वर्ष भइसक्यो । यसपालीको दसैंमा त जसरी पनि आउँनु है । कति नियाम्रो लागेको छ ।

अब दुई महिना त बाँकी छ । चार वर्ष भइसक्यो सबै परिवार सँगै बसेर दसैं मनाउन र दिदीबहिनीसँग भाइटीका लगाउन नपाएको ।"

"ठिक छ प्यारी । म छुट्टीको चाँजो मिलाउँछु । मेरो काममा जाने समय भयो, पछि कुरा गरौंला ल ? अहिलेलाई वाई...।"

"वाई ...! मेरो राजा ।"

दसैं पनि आयो । प्रकाश खुसी हुँदै घर लाने उपहार किनेर जम्मा गर्न थाल्यो । आमालाई, सानी छोरीलाई र प्यारी राधालाई ।

## गीत



✍ **यशु श्रेष्ठ**

जब म कल्पनामा डुबिरहन्छु
चुरी बजाउँदै आउँछे
जब म सपनीमा निदाइरहन्छु
पाउजु बजाउँदै आउँछे
नाच्छे अनि जिस्काउँछे
गिज्याउँदै जान्छे....
जसै म आँखा बन्द गर्छु
नयनभरि सल्बलाउँछे
खोल्छु आँखा जब
ऊ बिलाए जान्छे
जब म सपनीमा निदाइरहन्छु
पाउजु बजाउँदै आउँछे
अङ्गालोमा बाँधिन्छे अनि
आँखा जुधाउँछे
जब म एकान्तमा भुलिरहन्छु
मुस्कुउँदै आउँछे
तनभरि मनभरि काउकुति लाउँछे
झझल्को बाण हानिरहन्छे
अनि घाइते तुल्याउँछे
जसै म आँखा बन्छ गर्छु
नयनभरि आउँछे
खोल्छु आँखा जब जब
बिलाए भाग्छे ।

उसले फुलपातीको दिन बिहान दस किलोमिटर टाढाको बस स्टेण्डसम्म जान कार्यालयकै गाडीको व्यवस्था मिलायो । प्रकाश खुसीले रातभर निदाउन सकेन ।

बिहान चारैबजे जानु थियो । समयमै गाडी पनि आइपुग्यो । ऊ ! सामानहरू गाडीमा राख्न थाल्यो ।

यसैबेला जिल्ला प्रहरी कार्यालयबाट प्रकाशको मोबाइलमा फोन आयो ।

"जय नेपाल ! इन्स्पेक्टर साव !!

तपाईंको क्षेत्रमा चाडपर्वको मौकापारी अशान्ति फैलाउने तत्वले हिंसा मच्चाउने प्रहरीका गुप्तचरबाट गोप्य जानकारी आएको छ । अन्तिम घडीमा आएर तपाईंको छुट्टी रद्ध भएको छ ।"

कर्तव्यबोध कहिलेकाहीं त बोक्नै नसक्ने बोझ बनिदिन्छ । प्रकाशको मन कल्पियो ।

भारी मनले गाडीमा राखेको सामान उतार्यो । आँखाभरि आँसु पारेर एक्लै टोलाइरह्यो ।

सोच्न थाल्यो ! राधालाई के बहाना गरेर फोन गरौं ? ♦♦

# वैदेशिक रोजगारीका चुनौती



✍ **सुदर्शन अधिकारी**

आफ्नो देश छाडेर विदेशमा गई रोजगारी गर्नुनै वैदेशिक रोजगारी हो । स्वदेशमा रोजगारीका अवसर नभएपछि दैनिक हजारौं युवा वैदेशिक रोजगारीका लागि परदेश जान बाध्य छन् । संस्थागत रूपमा विदेशमा रोजगारीका लागि जाने क्रमको थालनी विगत २८ वर्ष अगाडि देखि भएको देखिन्छ । अझै पनि वैदेशिक रोजगारीमा जानेले अनेकौं समस्याको सामना गर्नु परिरहेको छ । वैदेशिक रोजगारीमा जानेहरूबाट स्वदेशमा पठाउने रकम विप्रेषण वा रेमिट्यान्सले हाम्रो अर्थतन्त्रको ठूलो हिस्सा ओगटेको छ । कुल ग्राहस्थ उत्पादनको करिब पच्चिस प्रतिशत योगदान पुऱ्याउने वैदेशिक रोजगारीलाई व्यवस्थित र भरपर्दो बनाउन नसक्दा यस क्षेत्रमा थुप्रै समस्या रहेका छन् । वि.सं. २०६८ को जनगणना अनुसार कुल घरमध्ये ५३ प्रतिशत घरमा रेमिट्यान्स पुगेको देखिन्छ ।

विदेशमा रोजगारीका लागि जाने क्रम यसरी नै अगाडि बढ्ने हो भने आगामी ५ वर्षमा सत्तरी प्रतिशत घरमा रेमिट्यान्स पुग्ने अनुमान गरिएको छ । देशको होनहार श्रमशक्ति दिनानुदिन विदेशमा रोजगारीका लागि जानु अन्तत घातक हुने अर्थ विश्लेषक बताउँछन् । क्षेणिक र अल्पकालका लागि उयुक्त देखिए तापनि दीर्घकालका लागि भने वैदेशिक रोजजगारीमा लर्को लागेर मासिक ५ लाखभन्दा बढी युवा जनशक्ति विदेशिनु आफैंमा सकारात्मक होइन । वैदेशिक रोजगारीमा जानेले पनि आफू जाने देशको बारेमा राम्ररी नबुझी जाने, विदेशको हावापानीका बारेमा जानकारी नराख्ने र आफूले काम गर्ने कम्पनीको बारेमा यथार्थ नबुझी दलालको भरमा विदेशिने गर्नाले रोजगारीमा अनेकौ समस्या देखिएका छन् ।

वैदेशिक रोजगारीमा जाने पुरूषको संख्या अधिकतम् भए पनि महिलाहरू पनि आकर्षित हुँदै गएका छन् । पछिल्लो समयमा रोजगारीका

लागि विदेश जाने महिलाको प्रतिशत २० भन्दा माथि रहेको बताइन्छ । आधिकारिक रूपमा विदेशिनेको संख्या पनि ठूलो रहेको छ । वैदेशिक रोजगारीमा जति आकर्षण छ त्यहाँको अवस्था त्यति नै जोखिमपूर्ण पनि रहेको छ। विशेष गरी नेपाली कामदारलाई सस्तो मूल्यमा श्रममा लगाउन सकिने हुनाले खाडी राष्ट्रलगायतका अन्य देशमा बढी माग भएको देखिन्छ ।

एक तथ्याङ्क अनुसार विदेशमा जाने कामदारमध्ये सत्तरी प्रतिशतले जोखिमपूर्ण कार्य गर्नुपर्छ । विदेश जानुपूर्व राम्रोसँग अभिमुखीकरण तालिम दिई सम्बन्धित कार्य अनुसार नै सिपको विकास गराई मात्र विदेश जाने वा पठाउने व्यवस्था भएमा अवश्य पनि जोखिम कम हुने थियो । हाल वैदेशिक रोजगारीमा गएका नेपालीको संख्या चालिस लाख रहेको देखिन्छ । नेपालमा सम्झौता गरिए अनुरूपको पारिश्रमिक नदिने सुविधाहरू पूर्वशर्त अनुसार उपलब्ध नगराउने बिमा नगरी काममा लगाउने जस्ता समस्याको सामना कामदाले गर्नुपरेको समाचार हामीले सुन्छौ र पढ्छौ।

शिक्षितदेखि असाक्षरसम्म सबैको आकर्षण बनेको वैदेशिक रोजगारीबाट आम युवाजमातलाई बिमुख गराउने हो भने स्वदेशमा रोजगारीको सुनिश्चितता हुनु जरूरी हुन्छ । वर्षेनी तीन देखि चार लाख युवाजनशक्ति श्रम बजारमा आउने गरेका छन् । त्यति ठूलो संख्यालाई रोजगारी उपलब्ध गराउने कार्य चुनौतीपूर्ण छ तर पनि राज्यले वर्षेनी नयाँ उद्योग कलकारखाना खोल्ने कृषि र पर्यटनलाई व्यवसायिक बनाउदै थप रोजगारी सिर्जना गर्ने तर्फ गम्भिरतापूर्वक लाग्नु पर्ने खाँचो छ । नेपाल कृषि प्रधान देश भएर पनि कृषिमा लाग्ने जनसंख्याको प्रतिशत भने वर्षेनी घट्दै गएको छ पछिल्लो तथ्याङ्क अनुसार कुल जनसंख्याको जम्मा दुई प्रतिशत मात्रै कृषिमा लागेका छन् । कृषि क्षेत्रमा ठूलो व्यवसायिक खेतीको अभावमा त्यसतर्फ युवाको ध्यान केन्द्रित गराउन सकिएको छैन् ।

वैदेशिक रोजगारीमा जानुपूर्व नै सम्बन्धित देशको धर्म, संस्कृति, हावापानी, तापक्रम, कामको प्रकृति, कम्पनीको नियम कानून र सेवा सुविधा आदिका बारेमा स्पष्ट भएर मात्र जानुपर्छ । जसका लागि सरकारी नियमको पालना गरी नियम बमोजिम श्रम सम्झौता गर्ने जुन कामका लागि विदेश जाने हो सो काम राम्ररी गर्न सक्ने भएर मात्रै जाने हो भने जोखिमलाई न्यून गर्न सकिन्छ । श्रम इजाजत भएका

देशमा मात्र कामदारको रूपमा जानुपर्छ तब मात्र श्रम ऐनबमोजिम कार्य गर्ने अवसर प्राप्त गर्न सकिन्छ । लुकीछिपी गलत प्रकृयाबाट विदेशिने युवाले झन पीडादायी अवस्थाको सामना गर्नुपर्ने हुन्छ । तसर्थ नियम संगत ढंगले मात्र विदेश जानु आफ्नो परिवार र राज्यको पनि हितमा रहन्छ ।

अनेकौ कारणले विदेशमा श्रमकै सिलसिलामा मृत्यु भएका शव मात्रै दैनिक तीनजनाको दरले नेपालको अन्तर्राष्ट्रिय विमानस्थलमा आउने गरेको बाटै पनि थाहा हुन्छ कि वैदेशिक रोजगारी कतिको जोखिमपूर्ण छ भन्ने । सुरक्षित र भरपर्दो रोजगारीका लागि राज्यले पनि बढी जिम्मेवार बन्न सक्नुपर्छ भने कामदार स्वयं सतर्क बनेर सबै जानीबुझी मात्र वैदेशिक रोजगारीमा जानु बुद्धिमानी कार्य हुनेछ ।

स्वदेशमानै रोजगारीको व्यवस्था हुन नसक्दा आज पनि हजारौं युवाले अनेकौ जोखिमपूर्ण कार्यमा खटिएर श्रम गर्न विवश छन् । उनीहरूको श्रमबाट प्राप्त हुने विप्रेषणले देशको अर्थतन्त्रमा सहयोग पनि पुगेको छ । तर यसले दीर्घकालीन समाधान दिँदैन भन्ने तर्क यस क्षेत्रका जानकारहरू बताउने गर्छन् । आज पनि वैदेशिक रोजगारीलाई व्यवस्थित र भरपर्दो बनाउन सकिएको छैन । श्रमिकले अनेकौ दुःख र पीडा खपेर बस्नुपर्ने बाध्यता अहिले पनि छदैछ । वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउनका लागि राज्यले थप प्रभावकारी कार्य गर्नुपर्ने देखिन्छ । विदेशमा रोजगारीका लागि जानेले पनि सिप सिकेर मात्र जाने, श्रम सम्झौता गरेर भरपर्दो म्यानपावरबाट मात्र कार्य गर्ने जस्ता सवालमा बढी चनाखो हुनुपर्छ ।

राज्यले श्रम गर्न निषेध गरेका देशमा लुकिछिपी जाने अवैध तरिकाले दलालीको सहयोगमा गलत मार्गबाट पुग्ने कार्यले पनि समस्याको सामना गर्नु परेको देखिन्छ । राज्यले श्रम स्वीकृति पाएका देशबाट श्रमिकको हितमा सेवा तथा सुविधा बढाउने दिशामा कार्य गर्नुपर्छ । त्यतिमात्र नभई सम्झौता अनुरूपको तलव र सुरक्षाको ग्यारेन्टीलगायतका सवालमा प्रभावकारी कार्य गर्नुपर्ने खाँचो रहेको छ । आफू काम गर्न जाने देशको बारेमा पर्याप्ति जानाकारी लिनुपर्छ । सम्बन्धित देशको भाषा सिक्ने, त्यहाँको हावापानीको अवस्थाको ख्याल गर्ने, काम सिकेर मात्र जाने जस्ता सामान्य तर ज्यादा महत्वपूर्ण पक्षमा ध्यान दिनुपर्छ । मुख्य कुरा त जीउ धनको सुरक्षाको

प्रत्याभूति हुनु जरूरी हुन्छ ।

नेपालको जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार श्रमका लागि विदेशमा रहेका नेपाली नागरिकको सङ्ख्या मात्र बिस लाख रहेको छ । यी सबै वैधानिक तवरले गएकाहरूको मात्र सङ्ख्या हो । अवैध तरिकाले जानेको सङ्ख्या पनि ठूलै रहेको बताइन्छ । यसरी हेर्दा पच्चिस लाख भन्दा धेरै नागरिक श्रमका लागि विदेशिएको देखिन्छ । देशमानै रोजगारी प्राप्त गर्न सक्ने क्षेत्र भनेको कृषि, उद्योग र पर्यटन नै हुन् । हामीले कृषिमा युवालाई आकर्षित गर्न सकिरहेका छैनौं । उद्योगको स्थापना पनि गर्न सकेका छैनौं भने पर्यटन क्षेत्रमा पनि उल्लेख्य सुधार गरी रोजगारी बढाउन सकेका छैनौं। पछिल्लो समय त कोरोनाको महामारीका कारण यो क्षेत्र झनै प्रभावित भएको छ ।

हामी कृषि प्रधान देशका नागरिक तर खाद्यान्नका लागि मात्र मासिक अर्बौं रकम खर्चन्छौं । एक दशक अगाडि सम्म हामी भारतमा खाद्यान्न निर्यात गर्थ्यौं भने आज तरकारी, फलफूल, खाद्यान्न सबै भारतबाट आयात गर्छौं । उत्पादन वृद्धि गर्न र स्वदेशमानै रोजगारी सिर्जना गर्न राज्यले युवावर्गलाई कृषिमा आकर्षित गर्नै पर्छ जसका लागि ऋण सहजै उपलब्ध गराउने, उत्पादनले बजार पाउने व्यवस्था मिलाउने, उन्नत जातका बीउ बिजनको उपलब्धता गराउने, समयमानै आवश्यक मलको प्रबन्ध गर्ने जस्ता कार्य गर्नुपर्छ । व्यवसायिक कृषिमा जोड दिंदै युवालाई यस क्षेत्रमा आकर्षित गराउनुपर्छ । तबमात्र रोजगारी बढाउँदै उत्पादन समेत वृद्धि गर्न सकिन्छ । ♦♦

## मुक्तक



✍ **एच.के. धिताल**

यसै गरी बित्यो जीवन अब कुनै आहा छैन
तिम्रो घरको बाटो हिंड्न अब कुनै चाहा छैन
जति सक्छौ गर्दै जाउ, प्रगतिको शिखर चढ
मान्छे हुं म, मान्छे बन्छु, ममा कुनै डाहा छैन

सधैंको माया कुनै दिन छल पनि बन्न सक्छ
नसोचेको अप्रत्याशित पल पनि बन्न सक्छ
शत्रु मात्रै सधैं कारक बन्छ भन्ने छैन बुझ्नुस
मृत्युको कारण प्रियसीको सल पनि बन्न सक्छ

कथा

# लाइन



✍ बिन्दु अधिकारी ढकाल

सिलताले भुइँ छोड्दा केशरी आमैलाई कस्तो लाग्यो होला । साहुकोभन्दा ब्याजको माया भन्ने उखान बखान कुन युगदेखिको हो कथन ? यसको तात्पर्य नेपाली समाजमा खास गरेर बुढापाकाले बोल्ने भाका जवानका लागि अनौठो सुनिए पनि आधा उमेर बिट मार्नेलाई भने अर्थपूर्ण लाइन हो । कसरी नि ?

केशरी आमै को हुन् ? कुनै काल्पनिक कथा कि पात्र अथवा वास्तविक घटनाकी साक्षी । उनको जन्मजात थर के हो र कहाँ बस्थिन् ? हिमाल पहाड तराई अथवा समथर मधेस, कुन प्रदेश ।

झन्डै दुई दशक पहिला तिनीसँग मेरो भेट भएको थियो । त्यो बेला हामी सपरिवार बसाई सरेर त्यस गाउँमा पुग्दा पहिलो परिचय नै तिनीसँग भयो । उनको बोली वचन सुन्दा आफ्नी आमाको झल्को मेटिन्थ्यो । अझ, तिनले गर्ने अर्तीबुद्धिका कुरा सुन्दा त उनकै काखमा लुटपुटिनु जस्तो लाग्थ्यो ।

हो, मधुर मिठो बोलीकै प्रभाव ती यति गडिन् । दैनिक भेट्नै पर्ने, लामो भलाकुसारी गर्न नभ्याए अनुहार देखादेख नै काफी । कुनै दिन तजबिज नमिलेर त्यो पनि गर्न नभ्याए भोकहरण जत्तिकै के भयो भयो । कि, मोहनी लगाइन् ? हैन ।

तिनी एकदम सरल स्वभावकी थिइन् । मिजासिलोपनको विशेषता हरेक उमेरका मानिस साथी ! कतैकतै कसैकसैले भनेको सुन्याथें तर व्यवहारमा भेटिन्छ, भनेर था थिएन । कस्तो संयोग ! भेट भयो । मानसपटलमा जुन दिनदेखि केशरी आमै अटिन्, सोच्दथें ('पूर्वजन्मकी आमा हुन्, मलाई जन्माउने ममतामयी मेरी आमा !)' उहीखेर फेरि सोच्थें 'यहाँ वर्तमानकै ठेगान छैन भने पूर्वजन्म ?' कत्ति न अन्तरयामी जस्तो ! खैर, छाड्दिउ बात ।

त्यो दिन मैनाले केही भन्न खोजेकी रहिछ । कति बेरदेखि ढोकामा उभिएर एकोहोरो हेरेको कसैले ध्यानै दिएनन् । अरू त अरू देख्दादेख्दै मैले

पनि पो वास्तै गरिनछुँ । फेरि, कुरो त्यहाँ सम्मको होला भनेर कसरी पो बुझ्नु । हो न हो त्यहीं अन्डरलाइन वाला बात, कसको लिपि भन्ने मात्र कौतुहल थियो । छिनमै मैना कता गायब भई । मोबाइलको जमाना भए पनि उसको हातमा फोन थिएन । ल्यान्डलाइनबाट कहाँ गर्नु ?

मान्छेको आ-आफ्नै स्वभाव हुन्छ । कोही धेरै बोल्छन् त कोही एकदम कम । कोही हसमुख हुन्छन् त कोही झ्वाँकी अर्थात क्रोधी । जन्मजात कोही कस्ता, कोही कस्ता । यो सबै प्रकृतिको नियम हो । जसरी पृथ्वीमा रङ्ग रङ्गका बोट बिरूवा छन् । स्वयं आँखाले देखिन्छ । वन जंगलमा भेटिन्छ ।

जीवन चल्दै थियो । चल्दै गयो । जिन्दगीको यात्रामा कुनै वसन्तले मनग्य खुसी ल्याए भने कुनै वसन्तले सर्लक्क मुटुकलेजो निल्ने दुःख ! आउने जाने क्रम लाइनवाइ लाइन के-के हो के-के । भविष्यको रूमलो त झन् थाहै थिएन ।

यी अक्षर बाँन्किला नहुन सक्छन् । हो, बोल्न भन्दा कैयौं गुणा बढी दिमाग चाहिन्छ भाषा लेख्न । अझ, साहित्यको कुरा त झनै फरक छ । अभ्यास पुगेन भने शैलीको काम हुँदैन । आकाश जमिनको अन्तर यहि पृथ्वीमा कति छन् जन्तर ? तथापि सानो बालकले त अर्काको देखासिकीबाट सिक्छ भने लेखिएका हरफ अनपढ्का अक्षर रहेछन् भनेर कुन दर्शनले भन्छ ? जहाँसम्म लाग्छ, यहाँ त्यस्तो कुनै लाइन छैन । करूणासँग निकै राम्रो उठबस थियो । केशरी आमै मार्फत नजिकिएका हामी लाग्थ्यो, पूर्वजन्मका दिदीबहिनी हौं । फेरि, यो जन्म जन्मान्तरको कुरा काँबाट आयो ? गफ ल्याउने उही केशरी आमै नै थिइन् । हो, उनीसँग भेट भएपछि नयाँ न पुराना, गफै नाथे त कति आउँथे कति । अझ, छोरी करूणालाई सुन्नु दाल डढोस् कि भात पत्तो हुन्थेन, उनलाई ।

केशरी आमैसँगको त्यो आत्मीयता झन्झन् प्रगाढ हुदै गयो । लाग्थ्यो, जीवन होस् त यस्तो । ती दिनमा छोरी करूणालाई समस्याले घेर्दा मलाई दुख्थ्यो । त्यस्तै, मलाई असहज पर्दा उनको बाटोबाट समाधान हुन्थ्यो । सुखदुःखका प्रसङ्ग कहिले आमै रून्थिन्, म हँसाउथें । कहिले म रून्थें, आमैले हँसाउथिन् ।

त्यो क्रम एक्कासी रोकियो । भारत सरकारले नेपालमा नाकाबन्दी गरे जत्तिकै । किन ? कसरी ? म छक्क परें । मैले टेकेको जमिन भाँसियो । हिँडेका पाइला निश्प्राण शरीरझैं केही पत्तो पाइन । त्यही छेको कोही फोनबाट सोध्छन् त कोही म्यासेन्जरबाट खोज्छन् । अझ, कति त घरमै धाएर पनि बुझ्न

चाहन्थे- सिलताको बिहे जुर्यो अरे हो ? त्यो बेला म भने नाजवाफ भएँ ।

हुन त आफ्नै बाउआमा, आफ्नै दाजुभाइ अनि आफ्नै दिदीबहिनी बिच पनि हेलाहोचो कसरी कुराहरू फल्थे । दिनलाई रात अनि रातलाई दिन छिनकाछिन कसरी पक्षविपक्ष हुन्थे । समय आओस् वा जाओस् । कुनै सिनेमाको दृष्यभन्दा फरक थिएन, बितेका ती पलहरू तर कसैले बिचार छोड्छ अथवा प्रवृत्ति बदल्छ भने सोचौं, रूखको जरा मकाएपछि के हुन्छ ?

मान्छेले प्रतिस्पर्धा गर्नु पढाई लेखाईमा, व्यापार बिजनेसमा । त्यस्तै, अफिसियल ठुल्ठुला कामकाजमा । लाइन बुझेर हिंड्दा पुग्ने गन्तव्य अप्ठ्यारो हुँदैन । यद्यपि बाटोमा आइपर्ने अड्चनलाई प्रेरणा खुराक हुन् भनेर जानियो भने रतीभर दरारको मतलव हुँदैन ।

सिलता केशरी आमैकी छोरीकी छोरी अर्थात नातिनीको नाम थियो । आमैलाई प्रथम पटक हजुरआमा बनाउने करूणाकी छोरीको स्वभाव अनुशासित त थिइन् नै झट्ट हेर्दा साह्रै लच्छिन परेको अनुहार । हो, युवापुस्तामा हुने उच्छृङ्खलता थिएन ती युवतीमा । साथीहरू उच्च शिक्षा पढ्न विदेश भासिदा त्यो मोहले तानेन तिनलाई । पढि गुणी ज्ञानी उनी यही देशको माटोमा हिरा फलाउन चाहन्थिन् तर ज्ञान र कर्मको संयोजन बढो अचम्म ! यहाँको सुगन्धित माटो बिरानो हुने यो कस्तो संकेत !

अफसोस के भएछ भने जब विहेको प्रस्ताव आयो, सात समुन्द्र पारीका कन्यार्थी हुन् भन्ने नै बुझेनछन् । घरमा बढेकी छोरी हुनु कुराहरू आउँछन्/जान्छन्, भन्ने बाहेक सिलताका परिवारले पनि त्यस्तो धेरै गहिरिएर ख्याल गरेनन् । पछि, जब केटाकेटी मञ्जुर भए वृतान्त था' पाउँदा सबै चकित परे । भनिन्छ, छैटीमा लेखेको मेटिदैन । सामाजिक सञ्जाल फेसबुक थिएन भने यो लाइनै था' नहुन सक्थ्यो । हो, प्रविधिको विकासले सिलताको वैवाहिक विवरण बुझ्न कठिन भएन ।

आम्मा हौ ! कहिल्यै नलाग्ने निन्द्रा त्यस दिन दिउँसो मैले के सपना देखेको होला ? उनीहरूका आमाछोरी मतलव केशरी आमै र करूणा एकै ठाउँमा सुतेका रहेछन् । पलङ पनि पो उही थियो । मध्येरात बितिसक्दा पनि मलाई झप्को निन्द्रा नपर्नु आमैले छोरीलाई घरखान अह्राइ सिकाइ राम ! राम त्यस्तो कुतर्क पनि गर्न मिल्छ र ? 'करूणे, जसरी पनि सासु पाल्ने जिम्मा दिमागबाट हटा । उप्रान्त तेरी नन्द सानबान सहित तँ भित्रेघरमा आउँली...।' झल्यास्स ब्यूँझदा

एकछिन त कहाँ छु, कहाँ जत्तिकै भाथ्यो ।

त्यो दिन हाम्रो घरमा रूद्री पूजा थियो । भर्खर, नयाँ ठडिएको घरमा बुढी हजुरआमा, बुबा र मेरा दुई जना भाइबाहेक कोही नहुनाले कार्जे उतार्ने जिम्मा पारिवारिक दायित्व जत्तिकै केशरी आमैको काँध पाएका थियौं । हो, आमैले दिएको ममता मैले आफ्नी आमाको न्याम्रो भुलेकी थिएँ । त्यो समय मेरी आमा वैदेशिक रोजगारको सिलसिला इजरायली भूमिमा श्रम गर्नु हुन्थ्यो । आमाको कमाई खर्चेर यता बुबाले पहिला खेत किन्नुभयो र पछि नयाँ घर बनाउनुभो । त्यहीं घर पूजाको राती देखेको सपना सम्झेर छक्क पर्दै थिएँ ।

छिमेकी बहिनी मैना आएर मेरो कानमा खस्याकखुसुक बोल्न थाली– भर्खर जन्ती आउँदै थिए । बाहिर उही ताँतीलाई स्वागत गर्न बसेकाहरू आधा काम पनि नभ्याइ भित्र दौडिए । कोही भने त्यहीं मुख छोपेर हाँस्न थाले । यो सारा दृष्य मैले चाहिं आफ्नै घरको बरन्डाबाट हेर्दै थिएँ ।

जन्ती आँगनमा आइपुग्दा छमछम नाचगान हुनुपर्ने ठाउँमा एक्कासी त्यो आवाज सुनेर बेहुलीका बाउ आत्तेसमा थिए । हेर्दैछु, घरमा त्यत्रो कार्जे ! छोरी अन्माउने जस्तो कुरा ख्याल ठट्टा हो र ? आफन्त नातागोता कतै एकान दोकान मैदान होला भन्ने डर बेहुलीका बाउ मात्र किन घर मावली सबैको मुटु हल्लायो । गल्ती होस् नहोस् सबै आत्तेसमा थिए । हो, प्रष्टै देखिन्यो । रिसाहा अरिङ्गाल जत्तिकै बोली को हो ? त्यहीं केशरी आमै नातिनीको बिहेबारे के सोच्दै थिइन् ? मेरो ख्यालमा धेरै बोझ करूणाको थाप्लोलाई छ । तर त्यत्तिको बेहुलो रूपको नराम्रो होइन ।

हुन त दिदी, तपाईंलाई जस्तै मलाई पनि निम्ता थिएन । हाम्रो नेपाली संस्कार नबोलाएको ठाउँमा कुकुर त जादैन भन्थे तर हामी मानवीय भावनाले ओतप्रोत मानव हौं । तथापि एउटा मनले त्यस घरको अहम् भावनालाई नै बढवा दियो भने अर्को मनले फलेको हाँगो नझुकेको कहाँ छ र भन्ने पंक्तिको झल्को सिलताको घरको आँगन नपुगी चित्तै बुझेन । कि, बेठीक गरें दिदी ?

मुखछाडा मानिसतिर फर्केर हेर्दा आश्चर्य ! सिलताको ससुरो भनेर था' पाउँदा नपत्याऊ कसरी ? जहाँ मिनेट भित्रै छोराले स्वयम्बर कर्म सक्दैथ्यो । हुन त बरियाँत हिंड्ने अघिल्लो दिन भनौं हिजो दुल्हालाई निम्त्याउन जाँदा 'बेहुलालाई मात्रै पो निम्ता ? ए...त्यसो पो...हो...? मलाई के ठान्या छौं...?' भनेर बुढाले मुख छाडेको गाँठे ! राम्राराम्रा पहिरन र गहना लगाएर

पुगेका दुलहीका नातेदार हायलकायल मुद्रामा घर फर्केको देख्दा चलचित्र कै दृष्य जत्तिकै केशरी आमैले के सोचिन् होला ? नातिनीको भविष्यबारे ती वृद्धाले के सम्झिन् होला ?'

प्रभु ! यो के सुन्नु पर्‍यो ? उही त साहुकोभन्दा ब्याजको माया सिलता जन्मेपछि छोरी करूणाकोभन्दा नातिनीलाई गर्ने प्यार मैले जति कसले देख्या होला तर कुन लाइन कस्तो परिवारलाई छोरी-नातिनी जिम्मा लगाए ? लगाउँदै छन् । यति हतार नगर्दा पनि हुन्थ्यो । आखिर उमेर बित्या होइन ।

'पंक्षिका बचेराले पखेटा लाएझैं सिलुका ती पाइला सुड्केसमा प्याक कपडासरि कतै सन्दुकमै बन्द हुने त हैनन् ? हे भगवान् ! शिव पार्वतीका नाउँमा जुरेको यो कस्तो संयोग हो ? मेरी सिलुको लक्ष्य मेडिकल साइन्सकै लाइनमा ठूलो मान्छे बन्ने जुन सपना छ, कदापी त्यो अवरोध नहोस् ।' भाषा लय र ताल जसरी केशरी आमै खुइया गर्थिन्, दुरूस्तै सूस्केरा छिमेकी बहिनी मैनासँग बोल्दै, गफ गर्दै पर वरपिपलको चौतारो छेउको त्यो फलैंचामा बस्न मन लाग्यो । खुल्ला आकाश माथि उड्ने ती चरालाई हेर्दै, हेर्दै । ♦♦

कविता

## सिपाही



✍ **प्र.ना.नि. घनश्याम नेपाल**

मेरो छ राष्ट्र शिरमा घुमि फिर्छु डाडाँ
पाखा पखेरू छ यहाँ मन छैन टाढा ।
मेरो छ लेक छ पहाड तराई फाँट
आउँछ शक्ति बढी तेज मलाई आँट ।
गाउँ म जाऊ जब देख्छु छ तृप्त माया
भन्दै थिए ऊ प्रहरी भनि सुन्न पायाँ ।
आएर साम‍ु मनको पिर खोल्न थालें
मेरो सुपुत्र किन हो भनि धाप मारे ।
नेपालको म गहना सुन चाँदि जस्तै
लाउँछु पैह्रि म रमाइ चुमेर उस्तै ।
आमा भनेर डुलि आइ रहेछु जानी
मेरो भूमि छ रखवारी भनेर छामी ।
सेवा गरौं म कसरी भनि बिन्ति राखें
सारा खुसी ती अनुहार रहेछ देखें ।
मलाई सम्झ जहिले म उदाइ दिन्छु
मेरो छ मातृ भूमि यो म रमाइ दिन्छु ।
चौरासी लाख अझ धेर म बाँच्छु नाँच्दै
सेवा म गर्छु खुसीले जननी छ भन्दै ।

# अधिकार र जिम्मेवारी हुन्छन् बराबरी



✍ **राजेशमान के.सी.**

अधिकार र जिम्मेवारी दुवै बराबरी हुन्छन् अर्थात अधिकार र कर्तव्य एउटै सिक्काका दुइवटा पाटा हुन् । त्यसैले यी दुवैलाई एक अर्कोसँग अलग गरेर हेर्न मिल्दैन । तथापि आजकल कर्तव्यभन्दा पनि अधिकारका कुरा धेरै चल्ने गर्दछन् । जुन व्यक्तिले समाजप्रतिको आफ्नो दायित्वलाई राम्रोसँग बुझेको हुन्छ र जुन व्यक्तिमा समाज सेवाको भावना रहेको हुन्छ त्यस्तो व्यक्तिले कर्तव्यको ख्याल गरेको हुन्छ भने आफ्नो निहित स्वार्थ मात्र बढी हेर्ने र आफ्नो जातीय वर्गीय हितमा मात्र बढी केन्द्रित रहने व्यक्तिले कर्तव्यलाई भन्दा पनि अधिकारलाई नै बढी महत्व दिएको हुन्छ र त्यस्तो व्यक्ति कर्तव्य निर्वाहमा लाग्नु भन्दा पनि अधिकारकै लागि बढी उफ्रने गर्दछ ।

निश्चय पनि जायज सवालमा आफ्नो हक, हित र अधिकारको आवाज उठाउनु नराम्रो कुरा होइन । राज्यको प्रचलित नियम, कानून र मर्यादाको सीमा भित्र रही प्रत्येक नागरिकले आ-आफ्नो अधिकारको खोजी गर्नु बेमुनासिव होइन तर अधिकारको खोजी गरिरहँदा हामीले आफ्नो कर्तव्य निर्वाह गरिरहेका छौं कि छैनौ त ? त्यसतर्फ पनि ध्यान दिनु पर्ने हो कि ? होइन अधिकारको नाममा केवल आफ्नो व्यक्तिगत वा जातीय-वर्गीय मागलाई मात्र अघि सारिरहने तर आफ्नो कर्तव्यलाई बेवास्ता गर्दै जाने हो भने यसले हाम्रो समाज र राष्ट्रलाई अघि बढाउँदैन बरू झन्झन् पछि धकेल्दछ । किनकी अधिकार र कर्तव्यको सन्तुलनबाट नै समाज र राष्ट्र पनि सन्तुलित रूपमा अघि बढ्न सक्दछ ।

हाम्रो नेपाली समाजमा एउटा अत्यन्त प्रचलित कहावत छ-सेवा गरे नै मेवा पाइन्छ । यहाँ सेवाले कर्तव्यको बोध गराउँछ भने मेवाले अधिकारको । सेवा नगरी मेवा पाइदैन अर्थात कर्तव्य नगरी अधिकार पाइदैंन । यसकारण नेपाली समाजमा कर्तव्यलाई पहिलो प्राथमिकता दिइएको छ । साच्चै भन्ने हो भने दिनुमा जुन खुसी र आनन्द

हुन्छ त्यो लिनुमा हुंदैन । हामीले बसोबास गर्दै आएको यस चराचर जगतमा पनि नदी, वृक्ष, सूर्य, चन्द्र सबै दिनकै लागि सृष्टि भएका छन् । नदीले जल दिएर, वृक्षले फलफूल दिएर, सूर्यले ताप दिएर र चन्द्रमाले शीतलता दिएर आफ्नो कर्तव्य पूरा गरेका छन् । यसबाट पनि हामीलाई के शिक्षा मिल्छ भने हामीले अधिकार र कर्तव्यको कुरा गरिरहँदा सबैभन्दा पहिले कर्तव्यलाई नै प्राथमिकता दिनु पर्दछ । आफ्नो कर्तव्य पूरा गरेपछि मात्र हामीले अधिकारको कुरा गर्न सुहाउँछ । आज विश्वमा जति पनि मुलुकहरू प्रगतिको पथमा अघि बढेका छन्, तिनीहरूले पनि अधिकार भन्दा पहिला कर्तव्यलाई नै प्राथमिकता दिएको देखिन्छ । उनीहरूले पहिला म बनुं भन्ने भाव कहिल्यै राखेनन् बरू मेरो देश बन्यो भने म अवश्य बन्छु भन्ने भावना राखेर आफ्नो कर्तव्य पथमा अघि बढे जसले गर्दा उनीहरू आज उन्नतिको शिखरमा पुग्न सफल भएका हुन् ।

हुन त कतिपय मानिसको भनाई के रहेको पाइन्छ भने कर्तव्य गर्नलाई पनि त अधिकार चाहियो नि । अधिकार नै नभए कर्तव्य कसरी पूरा गर्न सकिन्छ त ? हो, कतिपय अवस्थामा हामीलाई आफ्नो कर्तव्य पूरा गर्न अथवा आफ्नो जिम्मेवारी निर्वाह गर्न अधिकार पनि चाहिने हुन सक्छ तर प्रश्न के हो भने के कर्तव्य पूरा गर्नकै लागि अधिकार माग गरिएको छ त ? यहाँ त आफ्नो कर्तव्य पूरा गर्नको लागि भन्दा पनि अधिकारमै बढी केन्द्रित रहने र कर्तव्यको कुरा आयो भने या त जिम्मेवारीबाट पन्छिने नभए अरूलाई पन्छाउने प्रवृत्ति रहेको पाइन्छ । त्यसो त केही तथा कथित मानव अधिकारवादीहरूको तर्फबाट आयातित "अधिकारका लागि लडौं" भन्ने नाराले पनि नयाँ पुस्ताका युवाहरूको मन-मस्तिष्कमा अधिकाररूपी अहङ्कारको भावना विजारोपण गरिदिएको छ । यसैको परिणामस्वरूप संयुक्त परिवार पनि आज एकल परिवारमा रूपान्तरित हुँदै गइरहेको छ ।

वास्तवमा हामीले अधिकारको सही प्रयोग पनि आफ्नो कर्तव्य वा जिम्मेवारी निर्वाह गरेर नै गर्न सक्दछौं । किनकी अधिकार सँगसँगै कर्तव्य पनि गाँसिएर आएको हुन्छ । यदि हामीले आफ्नो कर्तव्य जिम्मेवारीपूर्वक निर्वाह गर्न सकेनौं भने हामीले पाएको अधिकारको पनि कुनै अर्थ रहँदैन । त्यसैगरी हामीले आफ्नो अधिकारको प्रयोग गरिरहँदा अरूको अधिकारको हनन् भयो कि भएन त्यो पनि हेर्नु पर्ने हुन्छ अथवा हामीले आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको पनि सम्मान गर्नु पर्दछ र त्यो अधिकार हामीले समाजको हितकै

लागि उपयोग गर्नु पर्दछ ।

त्यसो त हाम्रो देशको संविधान, २०७२ को भाग ३ मा पनि मौलिक हक र कर्तव्यका सम्बन्धमा स्पष्ट रूपमा व्याख्या गरिएको पाइन्छ । उक्त संविधानको भाग ३ अन्तर्गत धारा १६ देखि ४६ सम्म स्वतन्त्रताको हक, समानताको हक, शिक्षा, स्वास्थ्य र रोजगार सम्बन्धी हक, सामाजिक न्यायको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, गोपनीयताको हक, सूचनाको हक, शोषण विरूद्धको हक, भाषा तथा संस्कृति सम्बन्धी हक, स्वच्छ वातावरण सम्बन्धी हक, महिला सम्बन्धी हक आदि रहेका छन् भने सोही भागको धारा ४८ मा नागरिक कर्तव्यका बारेमा पनि स्पष्ट रूपमा उल्लेख गरिएको पाइन्छ । जस्तै- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानूनको परिपालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु अनि सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु भन्ने रहेको छ । त्यसैले राज्यले हाम्रो अधिकारको संरक्षण गर्दछ भने राज्यको प्रचलित ऐन कानूनप्रति बफादार र उत्तरदायी रहँदै आफ्नो कर्तव्य पनि हामीले पूरा गर्नु पर्दछ । वास्तवमा जुन कुरा गर्नु पर्दछ र गर्न सकिन्छ त्यही नै हाम्रो कर्तव्य हो ।

यसरी मानिसको हरेक सामाजिक, आर्थिक र राजनीतिक गतिविधिहरूमा अधिकार र कर्तव्य अन्तर्निहित बनेर रहेको हुन्छ । अधिकारले मानिसको स्वतन्त्रताको रक्षा गर्दछ भने प्राप्त स्वतन्त्रताको सम्मानजनक रूपमा उपयोग गर्नु पनि व्यक्तिको कर्तव्य हुन्छ । अवश्य पनि अधिकार भन्ने कुरा समाजको हितकै लागि उपयोग गरिने हुनाले यसलाई सामाजिक हित विपरीत लान सकिदैन । त्यसैले पहिले व्यक्तिगत, सामुदायिक अथवा संस्थागत तहमा आफ्नो कर्तव्य र जिम्मेवारी निर्वाह गर्ने तत्पश्चात अधिकार खोज्ने गर्नु पर्दछ । किनकी कर्तव्यविहीन अधिकारको प्रयोग गर्न खोज्नु अराजक र अहंकारी प्रवृत्ति मात्र ठहरिन्छ । आज घर-परिवार अनि समाजमा जुन किसिमको अशान्ति र अन्तर्कलह देखिने गरेको छ, त्यसको एउटा मूल कारण पनि आफ्नो कर्तव्य भन्दा अधिकारतर्फ नै बढी केन्द्रित रहनाले हो भन्दा अतिशयोक्ति हुने छैन । जस्तो घर परिवारमा छोराछोरीले आफ्नो बाबुआमासँग पैत्रिक सम्पत्तिको अधिकार माग गरिरहँदा उनीहरूले आफ्नो बाबुआमाप्रति गर्नु पर्ने आदर, सेवा र कर्तव्य चाहीं पूरा गरेका छन् कि छैनन् त ? यसतर्फ पनि हामी सबैको ध्यान पुग्नु पर्ने आवश्यकता देखिन्छ ।

त्यसैले हामीले अधिकारको

कुरा गरिरहँदा एकपटक आफ्नो आत्म–समीक्षा पनि गरौं । के मैले आफ्नो अधिकारको कुरा गरिरहँदा देशको लागि समाजको लागि कर्तव्य पनि पूरा गरेको छु त ? यदि कसैले कर्तव्यबाट च्यूत भई केवल अधिकारको मात्र खोजी गरिहरन्छ भने त्यो समाजको लागि कलंक मात्र ठहरिन्छ र त्यसले आफ्नो मनुष्य जीवन पनि व्यर्थ र निरर्थक रूपमा बिताइरहेको हुन्छ ।

संक्षिप्त रूपमा भन्नु पर्दा एउटा नागरिकको कर्तव्य र अधिकार दुवै समान रूपमा रहन्छ । निश्चित रूपमा उसले अधिकारको उपयोग गर्दछ भने आफ्नो कर्तव्य र जिम्मेवारीप्रति पनि सजग रहनु पर्दछ । ♦♦

लघुकथा

## कान्छीको खुसी



✍ **देवकी के.सी**

आफ्नो एक्लो छोरो मोहन जनयुद्धमा शहिद भए पछि गाउँमा कुनै बेला सबैले शहिदको आमा भनेर कान्छीलाई सम्मान गर्दथे । कान्छीलाई बुढ्यौलीले छोयो । आफ्नो जीवनसाथी पनि परमधाम भए पछि कान्छी नितान्त एक्लो भइन् । हिजो शहिदको आमा भनेर सम्मान गर्नेहरू पनि सबै लाखापाखा लागे ।

बुढ्यौली, एक्लोपन, रोग, शोक र अभावले थिचिदै गएर कान्छीको दिमागी हालत पनि असामान्य बन्दै गयो । अब त गाउँमा उनलाई सबैले पागल बुढी भन्न थाले । गाउँमा कसैको बिहे व्रतबन्धमा बाजा बजेको सुन्नासाथ कान्छी उफ्रदै मेरो छोरो मोहनको बिहे आज, मेरो छोरो बेहुला भो भन्दै नाँच्ने गर्थिन् । सायद आफ्नो छोरोलाई बेहुला भएको हेर्ने रहर पूरा नभएर होला कान्छी गाउँमा जसको बिहे भए पनि आफ्नै छोरो मोहनको बिहे भनेर नाच्थिन् । गाउँको चुनावी माहोल र कुनै दलको घोषणा पत्रले पनि शहिदको आमा कान्छीको वेदना समेट्न सकेन तर गाउँमा चुनाव जितेर बाजागाजा सहित सिन्दुरे जात्रा गरेर नाँच्नेहरूको लर्को देखेर भने कान्छीको भुईंमा खुट्टा भएन । उनी पनि त्यो लर्कोसँगै नाँच्दै भन्न थालिन्, 'आज मेरो छोरो मोहनको बिहे कति धेरै छन् जन्तीहरू पनि' । चुनाव जितेर बेहुला जस्तो राताम्मे भएर आउनेलाई समातेर कान्छीले भनिन् मेरो छोरो मोहन आज बेहुला भएको देख्न पाइयो, आज म धेरै खुसी छु । चुनावको खुसीयाली मनाइरहेकाहरू सित भए पनि धेरै पछि कान्छी निकै खुसी भइन् ।

# चाडपर्वमा बढ्ने अपराध न्यूनीकरणमा प्रहरीको प्रयास र नागरिकको दायित्व



✍ प्र.नि.जनार्दन घिमिरे

वर्षायामको अन्त्य सँगै हाम्रो समाजमा चाडपर्वको सुरूवात हुने गरेको छ । शरद ऋतुको आगमन सँगै दसैं, तिहार, छठ आदि जस्ता पर्वको आगमनले नेपाली समाजमा एकातर्फ हर्सोल्लासको वातावरण सिर्जना गर्ने गरेको छ भने अर्को तर्फ यस्ता चाडपर्वको समयमा केही अपराधका घटना भने बढ्ने गरेको विगतको तथ्याङ्कले देखाउछ । चोरी, लुटपाट, सवारी दुर्घटना, जुवा तास र आगलागीजस्ता घटनाहरू चाडपर्वको समयमा बढ्ने गरेका छन् भने यस्ता घटना न्यूनीकरणको लागि नेपाल प्रहरीले निरन्तर रूपमा चाडपर्व लक्षित विशेष सुरक्षा योजना ल्याई काम गर्दै आएको छ ।

विगतको तथ्याङ्कलाई विश्लेषण गर्ने हो भने यस समयमा सबैभन्दा बढी चोरीका घटनाहरू हुने गरेका छन् । खास गरेर सहरी इलाकामा हुने चोरीका घटनामा निरन्तर वृद्धि हुनुले हरेक वर्ष सुरक्षामा गम्भिर चुनौती सिर्जना गरेको छ । विशेष गरेर दसैं जस्ता ठुला पर्वमा अधिकांश नागरिक सहर छोडेर गाउँ जाने भएको कारण घर तथा कोठा प्राय खाली हुने गरेकोले यसै मौका छोपी हुने चोरीका घटनालाई न्यूनीकरण गर्न स्वयम् प्रहरीलाई समेत हम्मे हम्मे हुने गरेको छ । यो समयमा सहर प्राय सुनसान हुने गरेको छ । यस्तो अवस्थामा यस्ता घटनालाई न्यूनीकरण गर्न नेपाल प्रहरीको देशभर रहेका युनिटहरूले चाड पर्व लक्षित सुरक्षा योजना समेत निर्माण गर्ने गरेका छन् । यस समयमा नेपाल प्रहरीले सुरक्षा कार्ययोजना अनुरूप अधिकतम जनशक्ति परिचालन गरी सुरक्षा योजना कार्यान्वयनमा ल्याएको हुन्छ तर पनि चोरीका घटनामा कमि नहुनुमा नागरिकका समेत केही कमजोरी रहेका छन् । चाडपर्वको समयमा घर छोडेर बाहिर अथवा सहरमा भाडामा बस्ने नागरिक गाउँ जाँदा आफ्नो घरको

झ्याल ढोका राम्रोसँग बन्द गर्ने छिमेकीलाई र प्रहरीलाई समेत जानकारी दिएर मात्र घर छाडेमा यस्ता अपराधमा कमी आउन सक्छ । अर्को तर्फ यसरी घर छाड्नु पर्दा बहुमूल्य सामानलाई घरमा नराख्ने र घटना घटेको थाहा पाएमा यथाशिघ्र प्रहरीलाई खबर गरेमा क्षति न्यूनीकरण हुन सक्छ ।

यसै गरेर चाड पर्वको समयमा हुने अर्को अपराध भनेको सवारी दुर्घटना हो । हरेक वर्ष यस समयमा हुने सवारी दुर्घटनामा ठुलो मात्रामा धनजनको क्षति हुने गरेको छ । चाड पर्वको समयमा धेरै नागरिक एकैपटक घर फर्कँदा विशेष गरेर क्षमता भन्दा अधिक यात्रु बोक्ने, तीव्र गतिमा सवारी चलाउने, भौगोलिक दूरावस्था, साँघुरो सडक साथै कतिपय अवस्थामा मादक पदार्थ सेवन गरी सवारी चलाउने कारणले पनि सवारी दुर्घटनामा वृद्धि भएको देखिन्छ । यस्ता घटनालाई न्यूनीकरण गर्न नेपाल प्रहरीले राजमार्ग तथा अन्य सडक सुरक्षामा खटिने प्रहरीले सडक सुरक्षासम्बन्धी विभिन्न कार्यक्रम गर्दै आएको छ । जस अन्तर्गत सडकको अवस्था हेरी टाईम कार्ड लागू गर्ने , मापसे चेकिङ्ग, यात्रु तथा चालक सचेतना कार्यक्रम आदि गरेर यस्ता घटना न्यूनीकरण गर्ने प्रयास गरेको छ । अझ पछिल्लो समयमा लामो दूरीका सवारी साधनका चालकलाई लक्षित गरी विभिन्न स्थानमा रिफ्रेस सेन्टर समेत निर्माण गरेको छ तर पनि यस्ता घटना न्यूनीकरण गर्न नागरिक आफैं समेत सचेत रहनु पर्दछ जसमा मुख्य गरेर यात्रा गर्दा छतमा बसेर वा झुण्डिएर यात्रा नगर्ने, चालकले मापसे गरी सवारी चलाएको छ भने तुरून्त प्रहरीलाई खबर गर्ने, यात्रामा हतार नगर्ने, तीव्र गतिमा सवारी चलाएको छ भने चालकलाई समेत सचेत गराउन सकियो भने यस्ता घटनामा कमी आउन सक्छ ।

चाडपर्वको समयमा बढ्ने अर्को अपराध भनेको जुवा तासका गतिविधि पनि हो । यस समयमा चाड पर्व मनाउने नाममा ठुलो रकम हारजित हुने गरी जुवा तासका गतिविधि हुने गरेका छन् । जुवा तास आफैंमा कानूनी रूपमा दण्डनीय र सामाजिक रूमपा निन्दनीय कार्य हो । यसले व्यक्तिले ठुलो मात्रामा आर्थिक नोक्सानी त बेहोर्नु पर्छ नै अर्को तर्फ यो सँगै अन्य अपराध पनि बढ्न सक्छ जसमा चोरी र लुटपाट जस्ता घटना पर्दछन् । कतिपय अवस्थामा साथीभाइ भेला जम्मा भएर सामान्य रमाईलोको लागि भनेर खेलिने जुवा तासले ठुलो रकम हारजित हुँदा पारिवारिक माहोलमा समेत प्रभाव पार्ने गर्दछ । यस्ता घटना न्यूनीकरण गर्नको लागि प्रहरीले गस्ती तथा सादा पोशाकमा समेत प्रहरी परिचालत गरी संलग्नलाई

कारबाही गर्ने गरेको छ भने विभिन्न जनचेतनामूलक कार्यक्रम समेत आयोजना गर्ने गरेको छ । नागरिक स्वयम्ले पनि जुवा तास आफैंमा अपराध हो यसले आर्थिक क्षति त गर्छ नै परिवारमा समेत विखण्डन ल्याउछ भन्ने हेक्का राखेमा यस्ता अपराध न्यूनीकरण हुन सक्छ । यसै गरी आफ्नो छरछिमेकमा यस्ता गतिविधि भएको देखेमा प्रहरीलाई खबर गरेमा यस्ता घटना नियन्त्रणमा प्रहरीले आवश्यक कदम चाल्दछ ।

चाडपर्वको समयमा हुने अर्को अपराध भनेको मादक पदार्थ सेवन गरी हुने भैं-भगडा र कुटपिटका घटना हुन् । सुरूवातमा सामान्य वाद विवादबाट शुरू हुने यस्ता घटनामा मानिसको ज्यान जाने सम्मका घटना हुने गरेका छन् । मूख्यत परिवारको सदस्य, साथीभाइ र इष्टमित्र बिच हुने यस्ता घटना हेर्दा सामान्य लागे पनि यसको परिणाम हत्या समेत हुने गरेको र यस्ता घटना नियन्त्रण गर्न नेपाल प्रहरीले शहरी तथा ग्रामिण गस्तीलाई थप प्रभावकारी बनाउने गरेको छ । तर पनि नागरिक स्वयम्ले आफैंमा सचेत भएमा मात्र यस्ता घटनामा कमी आउन सक्छ । जसका लागि मादक पदार्थ सेवन न्यूनीकरणका लागि नागरिक आफैं सचेत हुनु जरूरी छ भने यस्ता घटना घटेमा तुरून्त प्रहरीलाई खबर गर्नु पर्दछ ।

यसै गरेर चाडपर्वको समयमा आगलागीका घटना पनि हुने गरेका छन् । विशेष गरेर पटका तथा आतिसबाजी बिजुलीको कारण हुने आगलागी भान्सामा हुने आगलागीजस्ता घटनाले ठुलो मात्रामा धनजनको क्षति हुने गरेको छ । चाडपर्वमा हुने अग्नी एवम् बिजुलीजन्य वस्तुको असावधानीपूर्ण प्रयोग नियन्त्रणको लागि प्रहरीले विभिन्न जनचेतनामूलक कार्यक्रम गर्ने गरेता पनि यस्ता घटनाको न्यूनीकरण गर्नको लागि नागरिक स्वयम्ले आगो एवम् बिजुलीजन्य चिजवस्तुको प्रयोग सावधानीपूर्ण तरिकाले प्रयोग गर्ने, प्रयोग पश्चात काम सकिएपछि बन्द गर्न नबिर्सिने र हुन सक्ने क्षतिको बारेमा पहिल्यै सचेत हुन सक्यो भने यस्ता घटनामा न्यूनीकरण गर्न सकिन्छ ।

चाडपर्व हर्सोल्लासको पर्व हो । आम नागरिकले उत्साह र उमङ्गका साथ पर्व मनाउने वातावरण सिर्जन गर्न प्रहरी सदैव तत्पर छ । यसका लागि प्रहरीले गरेको हरेक प्रयासमा नागरिकले प्रहरीसँगै हातेमालो गरी नागरिकलाई प्राप्त सूचना वा जानकारी प्रहरीलाई समयमै गराएमा यस्ता अपराधका घटना न्यूनीकरण भई अपराधरहित समाज निर्माण गर्ने नेपाल प्रहरीको परिकल्पनामा महत्वपूर्ण भूमिका निर्वाह हुन सक्छ । ◆◆

कथा

# म नारी



✍ सुषमा आचार्य

**'जन्मने बित्तिकै छोरी भएर जन्मिएकै कारणले भएँ तिरस्कृत बारम्बार पाइलैपिच्छे अलच्छिनाको उपनामले भएँ पुरस्कृत'**

आमाको कोखबाट छुट्टिएर स्वरूप प्राप्त गर्दै गर्दा आफ्नो परिचय लिङ्गकै आधारमा सर्वप्रथम "छोरी" शब्दले परिचित गरायो । त्यसपछि नातिनी, भतिजी, बहिनी, भान्जी, नन्द, आवश्यकता र समय अनुसार मेरो भूमिका र परिचय थपिदैं गयो । दिदी, विद्यार्थी साथी, प्रेमिका, श्रीमती, बुहारी, माइजु हुँदै म आमा बन्ने भएँ ।

त्यसदिन को-को खुसी भए थाहा छैन, शायद परिवार आफन्त सबै हर्षोल्लासमा रमाए तर म खै किन हो एक प्रकारको अन्योलमा अल्मलिराखेको थिएँ सबै खुसी थिए तर म......... ?

के म एउटा असल आमा बन्न सक्छु ? यतिबेलासम्म न मैले आमाको महत्व बुझेको छु न कुनै दायित्वको बोध नै भएको छ । के मैले सन्तानको असल पालनपोषण र उचित संस्कार दिन सक्छु ? यस्तै प्रश्नहरूमा गाँजिदै र आत्तिदैं पनि थिएँ ।

के तँ खुसी छेस् ?

मेरो उत्तरः सबै खुसी छन् श्रीमान्, आमा, सासु, ससुरा, हजुरआमा, हजुरबुबा सबै आफन्त एकदमै खुसी छन् ।

हैन, मैले अरूको सोध्या हैन तेरो बारेमा सोधेको के त साँच्चै खुसी छेस् ?

म मौन बसें किनकी मसँग त्यसको कुनै उत्तर थिएन तर यही एउटा प्रश्नले उसको अस्तित्वको कुनै अवशेष मेरो जिन्दगीमा नरहे पनि ऊ र उसको याद वर्षौं पछिसम्म पनि मेरो हृदयमा अमर छ र रहिरहनेछ ।

न ऊ कुनै मेरो अभिभावक आफन्त वा पारिवारिक सम्बन्धको मान्छे नै थियो । छोटो समयमा मेरो मनमा आत्मियता देखाएर अविष्मरणीय खुसीयाली दिएर गएकाले त्यस दिनदेखि जिन्दगीमा खुसी भएर बाँच्न सिकें र आजसम्म मैले कुनै दुःखको पल महसुस

गरेकी छैन ।

मेरो मनस्थितिको हेक्का कसलाई हुंदो हो । कठै ! सम्झन्छु, आजका मितिसम्म कसैले नसोधेको प्रश्न थियो । सायद त्यही एउटा प्रश्नले मैले आफ्नो लक्ष्य पहिल्याएर जीवनमा सफलता हाँसिल गरें ।

म फेरि जन्मिएँ........आफ्नै कोखबाट, छोरीको रूपमा । अब मलाई 'म' भएर जिउनु थियो, केवल आफ्नो निर्णयमा रमाउनु थियो । केही वर्ष आफ्नी छोरीसँगै बालापनमा गएर बालक जस्तै भएर जिउनु थियो । त्यसैले तात्कालीन कार्यालयमा गरिरहेका काम छोडिदिएं किनकी मेरो पालन पोषण र हुर्काइको क्रममा भएका कमिकमजोरीहरूलाई सच्याउनु थियो । धनसम्पत्तिमा मात्र खुसी भइन्छ, टन्न बैंक ब्यालेन्स, राम्रो घर, महङ्गो गाडी हुनुपर्छ तर छोरीलाई साधारण स्कुलमा पढाइन्छ । जग्गा बेचेर छोरीको बिहे गर्न तयार हुन्छन् तर खर्च गरेर पढाउन तयार छैनन्, हो यस्तै समाज र परिवेशमा हुर्केकी म अब फेरि त्यो दुनियाँको छायामा पर्न चाहन्न । समय र परिस्थिति एकनाशको नभए पनि जीवनमा जस्तोसुकै आरोह अवरोह आएपनि मेरो अठोट केवल लिङ्गकै आधारमा अवसरबाट वञ्चित बन्न नपरोस् छोरा र छोरीको भेदभावले छोरीहरूको आत्मविश्वासमा कमी कुनै पनि हालतमा हुनुहुंदैन भन्नेमा दृढ छु । हुन त समय, परिवेश र परिस्थिति बदलिसकेको छ तर पनि कतै न कतै त्यसको ओसले चिस्याईरहेको छ अझै पनि समाजको सोचलाई सबै मिलिरहेको थियो । उनको तोतेबोलीमा मैले जिन्दगीको शब्दहरू पाउथें उनले टुकुटुकु हिंड्न सिक्दै गर्दा मैरो जीवनको सारा यात्राहरू सफल भएको भान हुन्थ्यो । बाहिरी दुनियालाई भुलेर म केवल 'म' भएको थिएँ । सायद म सन्तानको प्रेममा यति डुबेछुकी मैले चाहँदा चाहँदै पनि समय दिंदादिंदै पनि वैवाहिक सम्बन्धबाट उत्रनु पऱ्यो । कठै ! कस्तो नियति सँगै एउटै घर, एउटै ओछयानमा बिताएको बाह्र वर्षपछि सम्बन्धको फैसला अदालतले गरिदिनुपर्ने । म सन्तानलाई हुर्काउन व्यस्त हुंदा मैले जीवन सुम्पिएको मान्छेको प्रेम अरू कसैमा हुर्केछ । हजारौंको आँखाको उपचार गर्ने आँखाको डाक्टर उसको आँखाले नै धोका दिएछ । आफ्नो हृदयको भावलाई बुझ्न सकेन सही र गलत छुटाउन सकेन । हाम्रो सम्बन्ध तोडिनुको पछाडि कतै न कतै दोषीको लान्छना समाज र परिवारले फेरि लिङ्गकै आधारमा मैमाथि थुपारिदियो । मैले सन्तुष्टि नदिएकै कारण उसले अर्को विकल्प रोजेको रे ।

अचम्म लाग्दछ, यदि तिनीहरूलाई

विकल्पको सही अर्थ थाहा हुंदो हो त यहाँ हजारौंले आत्महत्यालाई विकल्प बनाउँदैन थिए होलान् । कुनै गुनासो छैन प्रजातन्त्र, पञ्चायत, बहुदलदेखि लोकतन्त्र, गणतन्त्रसम्म आईपुग्दा सबैलाई आफ्नो ढङ्गले सोच्ने र निर्णय गर्ने छुट हुनुपर्छ भन्ने धारणाकी मैले आजाद गरिदिएँ मसँगको सम्बन्धको बन्धनबाट । मुक्त भयो ऊ । उसको अंश मेरी छोरीको मनबाट मुक्त हुन सकेन । छोरीले पनि निर्णयको अधिकार पूर्ण रूपले पाएकी थिई जे निर्णय उसले गर्थी त्यो मलाई स्वीकार्य थियो किनकी म फेरि उही कथा दोहोराउन चाहन्नथे जहाँ कुनै निर्णयमा मेरो अनुमती लिइएन । मेरो विवाहजस्तो जीवन बिताउने कुरामा एक बचन मेरो सुनिएन र मलाई रोजाईएन पनि । भौतिक सम्पत्ति र पदको लालसामा एउटा जिन्दगीलाई जिम्मा लगाइयो । हुन त मेरा बाआमालाई पनि के थाहा भक्षकहरूको कमी छैन यहाँ भन्ने कुरा । बस ! यही कारणले छोरीलाई स्वतन्त्र र आत्मविश्वासी बन्न सिकाएँ । उसलाई निर्णयको हक दिलाएँ । उसले आफ्नो स्वेच्छाको अधिकारले पितालाई रोजी ।

म एक्लिएकी थिएँ तर मलाई एक्लोपन भने महसुस भएको थिएन किनकी मैले एक्लोपनलाई साथी बनाएँ। दैनिकीलाई साधारण रूपमा लिएर अगाडि बढ्न थाले आफ्नो कामलाई निरन्तरता दिन थालेको थिएँ । कहिले काहीं छोरी आउथिन् उनको साथमा मन प्रसन्न हुन्थ्यो । कति बुझकी कलिलैमा परिपक्व भएकी थिई । सबै बुझेकी छे उसको पिताको सम्बन्ध फेर्दै हिंड्ने बानी भइसकेछ कोही स्थायित्व गरी बस्दैनन् रे । कसैलाई श्रीमतीको रूपमा घरमा भित्र्याउने आँट पनि त गरेको थिएन ।

एक्लै बाँच्न भन्दा पनि एक्लोलाई बच्न गाह्रो हुँदोरहेछ । समाजले हेर्ने दृष्टिकोण पुरूषहरूले हेर्ने सिकारी नजर पाइलैपिच्छे जाल थापेर बसेका जलारीबाट बच्न सजिलो छैन यहाँ । पापी नजरबाट बच्न झन् कठिन छ विधुवा र एकल महिलाहरूलाई । चिच्याई चिच्याई प्रश्न गर्न मन लाग्छ ती पुरूषहरूलाई किन देवीको मन्दिरमा गएर बली चढाई शिर झुकाउछौं ? यदि महिलाको शरीरलाई भोग गर्ने साधनको रूपमा मात्र लिन्छौ भने ।

नारी पुरूष एक अर्का पर्यायवाची हुन । दुईको मिलनबिना सृष्टि अगाडि बढ्न सक्दैन । नारीपुरूष दुवैको उत्तिकै आवश्यकता र महत्व छ प्रकृतिमा । परापूर्व कालमा परिस्थितिको आधारमा कार्यहरू विभाजन गरियो तर त्यसलाई आफ्नो अनुकूलता अनुसार मिलाउदै आफ्नो सहजता अनुसार

सामाजिक नियमहरू बन्दै आयो जसमा महिलालाई दोस्रो श्रेणीमा राखियो । छोरा जन्माउने होडबाजीमा छोरा जन्माउने छोरी मान्छेले नै हो भन्ने कुराको नजरअन्दाज भइरहेको छ ।

न समयले कुर्थ्यो न हामीले समयलाई रोक्न सक्थ्यौं । निरन्तर बगी नै रह्यो समय । घाम, पानी, जाडो, गर्मी केही नभनी समयसँगै निरन्तर गतिमा जीवन चलि नै रह्यो । परिवार र समाजले फेरि हामीलाई जोड्न खोज्दै थिए । जीवन यसरी हुँदैन, उसको पनि घरजम भएको छैन । के भो त गल्ती हुन्छ मान्छेबाट, माफ गरेर अब सँगै बस्न पर्छ, बुढेसकालमा कसरी हुन्छ नानीको लागि भएपनि एक हुनुपर्छ रे ।

पाउनु, गुमाउनु अनी गुमाएका कुराहरूलाई फेरि प्राप्त गर्नु, प्राप्त गरिसकेपछि त्यसको महत्वको स्थायित्व पहिला झैं नरहनु चाहे त्यो प्रेम होस्, चाहे सम्बन्ध, चाहे यात्रा । प्रथम पटकको जस्तो रोमाञ्चकता दोस्रो पटकमा कसरी आउन सक्छ । सम्बन्धको रसिलोपना फोस्रिसकेको हुन्छ, अब मलाई जोडिनु थिएन । फुस्रो प्रेम मलाई स्वीकार्य थिएन देखावटी प्रेम दिई बनावटी सम्बन्धमा झन् आफै पीडित बनेर फेरि पिडक कहलाउनु थिएन ।

मलाई एक्लै जिउने बानी परेको थियो अब जोडिएर उसको सेवाको निम्ति आफूलाई सेविकाको रूपमा अब म प्रस्तुत हुन चाहन्नथें । प्रेमिका र श्रीमती अब म बन्न सक्दिन । टुक्रिएको काचँको भाडा होस् या सम्बन्ध एकपटक फुटेपछि जोडिन असम्भवजस्तै हुन्छ । पुरूषको छायाँ अनि संरक्षणमा मात्र सुरक्षित भइन्छ डोलीमा चढेर दुलही बनेर जुन घरमा भित्रिएको हुन्छौं, श्रीमानबाट र परिवारबाट छुट्टि नपाई निस्कनु भनेको कात्रोमा बेरीएर निस्कने हो भन्ने पुरातन भावलाई जे होस् भावनामा आउन दिईनँ ।

जीवनले धेरै कुरा सिकायो धेरै सँग भेटायो, छुटायो कोही खास बने कोही छायाँमा, कोही मायामा, कोही हृदयमा अटाए, कोही फेसबुकमा जोडिए, कोही इन्स्टाग्राम, भाइबर, स्काइप, ह्वाटस्याप, टुइटर, कोही कन्ट्याक लिस्टमा भने कोही मेलबक्समा । जो जहाँ-जहाँ जोडिन चाहे जोडिदै गए तर मेरा हृदयमा खास बनाएर जोडाउन चाहिँन किनकी त्यसको न कुनै गन्तव्य नै थियो न कुनै लक्ष्य मात्र सिर्जना हुन्थ्यो द्वन्द्व । चाहे त्यो अर्न्तमनको होस् या आफू पछाडिका सम्बन्धहरूसँग जो स्थायी थिए । कसले भन्यो जिन्दगी सोचेको जस्तो हुदैंन भनेर जिन्दगी त सोचेको जसरी नै

चल्ने रहेछ । सोचमा सकारात्मकता भने अवश्य हुनु पर्दछ । छोरीको भविष्य सुनिश्चित नै थियो । उसलाई मैले सबै संस्कार दिएकै थिएँ । जे होस् जस्तो सुकै परिस्थितिमा पनि निडर भएर बाँच्न सिकाइसकेकी थिएँ । भविष्य सुनिश्चित भई उसले आफ्नो बाटोमा गती लिइसकेकी थिई ।

म समाजसेवीको उपनामले चिनिएछु । मलाई लाग्छ सृष्टिकर्ताले श्रेष्ठ कर्मको लागि नारीहरूलाई अघि सारेका हुन । उनीहरूको शक्ति विनाशक नभई उन्नतिशिल र प्रगतीशिलको मार्ग हो । ती नारीमात्र एक प्राणी हुन जो अरू प्राणीहरूका पालनकर्ताका निम्ति आफ्नो सर्वस्व समर्पण गरिरहेका छन्, गरिरहन्छन् र गरिरहनेछन् । यो प्राकृतिक नियम पनि हो जसलाई कसैले नकार्न सक्दैन । बलात्कारमा परेका, शोषित, पीडित नारीको उत्थानमा जुटेको छु किनभने मेरो जात भनेको मानव हो मैले जानेको धर्म मानवता हो । बलात्कारीहरूले नारीको शरीरलाई नङ्ग्याउन सके पनि मनलाई नङ्ग्याउन सक्दैनन् । यदि सक्थे भने यहाँ बलत्कारीलाई अपराधी मानिदैन थियो । बलात्कारको सिकारमा बच्चादेखि वृद्धसम्म कोही मुछिन पर्दैन थियो ती बलात्कारीहरूलाई भन्न मन लाग्छ यहाँ सजिलै शरीर पाउने ठाउँहरू छन् छ्यास छ्यास्ती । जहाँ निस्फिक्री बलात्कारी नकहलाइकनै आफूलाई तृप्त बनाउन सक्छौ आफ्नो प्यास मेटाउन सक्छौ तर आइन्दा कुनै निर्दोषको सम्मानमा ठेस नपुऱ्याउ, कसैको इच्छा विपरीत उनीहरूको जिन्दगीमाथि नखेल । कुनै समयमा मेरो पति कहलिएको पुरूषको दिनचर्यामा कुनै परिवर्तन थिएन रे छालाहरू चाउरी परे पनि उसको स्फूर्तिपनमा ह्रास अलिकति आएको छैन रे । उसको कुण्ठाले भरिएको मनलाई तृप्त बनाउन उसको सम्पत्तिले अझै खरिद गर्न पुगेकै छ रे । बिना अपराधी कहलाइ समाजमा इज्जतको शिर उठाई बाँचेको छ रे । यस्तै छ चलन यहाँ यही हो लिङ्गको आधारमा भेदभाव ।

अबको जिन्दगी पीडित नारी र वृद्ध बुबाआमाको सेवामा जीवन बिताउने अठोट लिएकी छु जसबाट शान्ति मिल्छ मलाई । जीवनको सार्थकता र आत्मसन्तोषको निम्ति निरन्तर सेवामा लागिरहनेछु । यहाँ पनि प्रेम छ यहाँ पनि विपरीत लिङ्गप्रतिको आकर्षण छ, एउटा छुट्टै प्रकारको आत्मियता छ, तर यहाँ स्वार्थको अवशेष भेटिदैन निस्वार्थ प्रेम छ, न केही पाउने आस न केही गुमाउने पिर, बिल्कुल निःस्वार्थ प्रेम छ । वातावरण शान्त छ, त्यो भन्दा पनि मेरो अर्न्तमन झन् शान्त छ । ♦

# लिभिङ टुगेदरको परिचय, नकारात्मक पक्ष र कानूनी व्यवस्था



✍ **प्र.व.ना.नि.सरस्वती बुढाथोकी**

**घटना-१**

संखुवासभाकी नाम परिवर्तित रितु उच्च शिक्षा हासिल गर्ने उद्देश्यले काठमाडौं आउछिन् । उनको भेट एउटै कलेज पढ्ने नाम परिवर्तित हरिसँग हुन्छ । काठमाडौंको महङ्गी, रोजगारीको अभाव आदि कारणले दुवैले सल्लाह गरी सँगै बस्ने र भविष्यमा विवाह गर्ने निधो गर्दछन् । ३ वर्ष सँगै बसिसकेपछि रितुले हरिलाई विवाह गर्ने प्रस्ताव पनि राख्छिन् तर विभिन्न बहाना बनाई हरिले कुरा टारिरहेका हुन्छन् । एक दिन अचानक हरिले अर्कै कटीसँग विवाह गर्न लागेको कुरा रितुले थाहा पाउछिन् । यो कुरा उनले सहन सक्दिनन् र विष सेवन गर्छिन् । आफन्तले उनलाई समयमै अस्पताल पुऱ्याएकोले उनको ज्यान बाँच्न सफल हुन्छ । त्यसपछि उनी न्यायको लागि महिला आयोग पुग्छिन् । आयोगले कानूनी आधार खोज्छ तर हरिले रितुसँगको सबै तस्बिरलगायत अन्य प्रमाणहरू नष्ट गरि सकेको हुन्छ । रितुले पटक-पटक गर्भपतन पनि गराएकी हुन्छिन् तर प्रमाण केही भेटिदैन् । रितु अहिले न्यायको खोजीमा न्यायिक निकाय धाइरहेकी छिन् ।

**घटना-२**

केही समय अघि काठमाडौंको कपनमा एक कोठा भित्र एक युवक र युवती मृत अवस्थामा भेटिए । पब्जी, फ्री फायर खेलबाट चिनजान भई उनीहरू लिभिङ टुगेदरमा बस्दै आएका थिए । पब्जी, फ्रीफायर खेलले मानिसलाई आक्रोसित र क्रुर बनाउने हुँदा राती उनीहरूबीच विवाद हुँदा हत्या सम्मको अवस्थामा पुऱ्याएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान रहेको थियो ।

**घटना-३**

परिवर्तित नाम रूवीका र परिवर्तित नाम नविनको भेट काठमाडौंमा रोजगारीको सिलसिलामा हुन्छ । उनीहरूको मन मिल्छ र सल्लाह गरी सँगै एउटै कोठामा बस्छन् ।

उनीहरूको सम्बन्धबाट एक बालिकाको जन्म पनि भएको हुन्छ । रूविकाले धेरै आग्रह गर्दा पनि नविनले उनलाई घर पनि लादैनन् र कुनै विवाहको आधार पनि बनाएका हुँदैनन् । एकदिन एक महिला रूविकाको कोठामा आई उनी माथि हातपात गर्छिन् । त्यसपछि बल्ल रूविकाले नविनको पहिले नै विवाह भइसकेको कुरा थाहा पाउछिन् । नविनले आफू अविवाहित हुं भनी ढाँटी रूविकासँग लिभिङ टुगेदरमा बस्दै आएका थिए । अहिले रूविका न्यायको लागि अदालत धाईरहेकी छिन् ।

माथिका यी प्रतिनिधि घटना मात्र हुन् । यस्ता थुप्रै घटनाहरू हाल नेपालका संचार माध्यमहरूबाट हामी सुन्दै आएका छौं र दिनहुं लिभिङ टुगेदरबाट आएका समस्याहरू लिएर महिलाहरू प्रहरी र महिला आयोग समक्ष पुगिरहेका छन् । कति महिलाहरू त अझै खुलेर बाहिर आउन सकेका छैनन् । यस्ता लिभिङ टुगेदरमा बस्ने जोडी मध्ये प्राय महिलाहरू नै पीडित बन्ने गरेका छन् ।

**परिचय** :

'लिभिङ टुगेदर'(Living Together)शब्द पश्चिमी मुलुकबाट आएको शब्द हो । विवाह नगरी कुनै पनि महिला वा पुरूष एउटै निवासमा वा कोठामा पती पत्नीको झै सम्बन्ध राखी बस्दछन् भने त्यसलाई लिभिङ टुगेदर भनिन्छ । पश्चिमी मुलुकबाट सुरू भएको यो संस्कार पछिल्लो समय नेपालको युवा युवतीहरूमाझ लोकप्रिय बन्दै आएको छ । त्यसै गरी अविवाहित मात्र नभई विवाहितसमेत ढाटी छली लिभिङ टुगेदरमा बस्ने गरेका छन् ।

अध्ययन र रोजगारीको सिलसिलामा अधिकांश युवा युवतीहरूको गन्तव्य स्थान नेपालको विभिन्न शहरहरू काठमाडौं, पोखरा, धरान, विराटनगर र नेपालगंजलगायतका प्रमुख शहरहरू रहेका छन् । दुर्गमका गाउँमा शिक्षा स्वास्थ्यलगायत पर्याप्त सुविधाहरू नभएको कारण युवा युवतीहरू सफल व्यक्ति बन्ने सपना र लक्ष्य बोकी शहर तानिन्छन् । आर्थिक अवस्था कमजोर तथा बढ्दो महङ्गीका कारण गाउँबाट शहर छिरेका युवा युवतीहरू लुकीछिपी लिभिङ टुगेदरमा बस्न बाध्य छन् । केही भने स्वतन्त्रताका लागि पनि लिभिङ टुगेदरमा बास्ने गर्दछन् ।

भविष्यमा विवाह बन्धनमा बाँधिने उद्देश्यले युवायुवतीहरू यस्तो सम्बन्धमा बसिरहेका हुन्छन् तर समय बित्दै जाँदा ती युवायुवती बीच कुनै न कुनै विषयमा मतभिन्नता आई खटपट सुरू हुन थाल्दछ । कतिपय जोडीहरूको परिवारले नस्वीकारेर पनि उनीहरूको

सम्बन्ध बिग्रने गरेको छ ।

आजका युवायुवतीहरू कोही पनि कसैको बन्धनमा बाँच्न चाहदैनन् । उनीहरू स्वतन्त्ररूपमा रहन चाहन्छन् । वैवाहिक बन्धनमा बाँधिए घर व्यवहार सम्हाल्नु पर्ने, श्रीमान र परिवारको सेवा गर्नुपर्ने, श्रीमानको अधिनमा बस्नुपर्ने, आफूले चाहेको वा इच्छाएको गर्न नपाउने, पुरूष हिंसाको शिकार हुनुपर्ने जस्ता विभिन्न कारणले महिलाहरू लिभिङ टुगेदरमा बस्न रूचाउछन् भने पुरूषहरू जिम्मेवारीबाट मुक्त भएको ठानेर लिभिङ टुगेदरमा बस्दछन् । शुरू शुरूमा त लिभिङ टुगेदरमा बस्नलाई युवा युवतीहरू सकारात्मक र रमाइलो अनुभव गर्दछन् तर पछि समय बित्दै जाँदा यसले उनीहरूको जीवनमा नकारात्मक प्रभाव परिरहेको हुन्छन् ।

**नकारात्मक पक्ष**

- यौन हिंसा
- कुटपिट, गाली गलौज
- अश्लिल भिडियो बनाउने र ब्ल्याकमेलिङ गर्ने
- चरित्र हत्या
- डिप्रेसनमा जाने
- आत्महत्या र हत्या गर्ने
- पुरूषले सन्तान स्वीकार नगर्ने, सन्तान छाडेर हिंड्ने
- पटक-पटक गर्भपतन गरी महिलाको स्वास्थ्यमा समस्या देखापर्ने
- विवाह नगरी महिलालाई पुरूषले छाड्ने
- महिलाले पनि खटपट भएपछि पुरूषलाई विभिन्न मुद्दा हाल्ने
- लिभिङ टुगेदरमा बस्दा शिशु जन्मिएमा पुरूषले जिम्मेवारी नलिएमा शिशुको विचल्ली हुने ।
- एकजनासँग विवाह भइसकेको व्यक्ति अर्कोसँग लिभिङ टुगेदरमा बसेमा के गर्ने ? भन्ने कानूनी समस्या आईपर्ने ।
- नेपालमा लिभिङ टुगेदरको छुट्टै कानून नभएकोले सम्बन्धित निकायमा उजुरी परेतापनि यसको निराकरण गर्न नसकिने ।

पश्चिम मुलुकहरू आर्थिक रूपमा सबल छन् । पुरूष प्रधान विचारबाट मुक्त भएको पश्चिमी संस्कृतिमा वृद्ध, बालबच्चाको हेरचारको लागि सरकारले त्यस्तै किसिमको व्यवस्था गरेको पाइन्छ । समाज खुल्ला र फराकिलो बनेको छ जसले गर्दा युवा युवतीहरू लिभिङ टुगेदरमा बस्ने, बाबुआमाको घर छाडेर बस्ने सामाजिक प्रकृयाहरू सामान्य मानिन्छ तर नेपालको सन्दर्भमा समाजमा अझै पनि पुरूष प्रधान सोच हावी छ । महिलाले घर सम्हाल्नु पर्ने र पुरूष बाहिरी काममा हिंड्ने परम्परा अझै बाँकी छ । पछिल्लो समय महिलाहरू बाहिरी काममा संलग्न

भएको देखिए तापनि अझै अधिकांश महिला घरमै बस्न बाध्य छन् । हाम्रो समाजमा सामाजिक रितिरिवाज र कानूनी प्रकृया अनुसार विवाह गरेपछि मात्र एक पुरूष र एक महिलालाई सँगै बस्ने अनुमति दिइन्छ । त्यसैले लिभिङ टुगेदर हाम्रो समाजमा अपाच्य र अशोभनिय हुन्छ । यसलाई हाम्रो समाजले स्वीकार गरेको छैन् ।

**कानूनी व्यवस्था**

हाम्रो देशमा वैवाहिक कानून, घरेलु कानून, बालबालिका सम्बन्धी कानूनहरू छन् तर लिभिङ टुगेदरको कानून छैन । लिभिङ टुगेदरबाट आएका विभिन्न कानूनी समस्यालाई कसरी समाधान गर्ने भनी न्यायिक निकाय नै अन्योलमा छ । प्रतिनिधि सभाको महिला तथा सामाजिक समितिका विज्ञहरूले नेपालमा लिभिङ टुगेदर सम्बन्धी कानून बनाउनुपर्ने कुराहरू उठाई विभिन्न सुझावहरू पनि दिएका छन् ।

लिभिङ टुगेदर सम्बन्धी घटनालाई घरेलु हिंसाले थोरै समेटेको छ । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा यस ऐनको दफ २ (ख) ले सँगै बसेका जोडीलाई समेत जनाउँछ । यदि लिभिङ टुगेदरमा बसेका जोडी एकले अर्कोलाई शारीरिक, मानसिक तथा यौन सम्बन्धी यातना दिएमा यस ऐन अनुसार कारबाही हुन्छ ।

मुलुकी देवानी संहिता २०७४ को दफा ७४ मा कुनै पनि महिला र पुरूषको विवाह अघि नै शारीरिक सम्पर्कबाट शिशु जन्मेमा स्वतः विवाह भएको मानिने छ तर पुरूषको पहिले नै विवाह भइसकेको अवस्था छ भने निजहरूको विवाह भएको मानिने छैन् भनि उल्लेख गरेको छ ।

त्यसै गरी ऐ.ऐनको दफा ७५ मा विवाह बदर भए पनि जन्मिएको शिशुको कानून बमोजिम हकमा कुनै पनि असर नगर्ने तर आमालाई भने कुनै पनि प्रकारको हक प्रदान गर्दैन भन्ने कुरा उल्लेख गरिएको छ ।

**अन्त्यमा,**

लिभिङ टुगेदरमा बस्ने युवा युवतीहरू प्राय शिक्षित वर्ग नै रहेका छन् । शिक्षित वर्गले लिभिङ टुगेदरमा बस्नु अघि नै यसको कानून छ छैन्, यसलाई हाम्रो समाजले कस्तो प्रकारले हेर्दछ, यसबाट दीर्घकालिन रूपमा के-कस्तो असर र समस्याहरू आइपर्दछन् भन्ने कुरामा ध्यान दिनुपर्दछ । अहिले संचार माध्यमहरूबाट दिनहुँ जस्तो लिभिङ टुगेदरबाट घटेका घटनाहरू बारे प्रचारप्रसार भइरहेका छन् । त्यसतर्फ प्रत्येक युवायुवतीहरू सचेत रहनुपर्छ र अरूलाई समेत सचेत गराउनुपर्छ । ♦♦♦

कथा

# मुद्दाको नशा



✍ प्रा.डा.गार्गी शर्मा

मोतीलाल अर्घाखाँचीबाट झगडियाको रूपमा काठमाडौं पसेका रहेछन् । साह्रै सोझो हुँदाहुँदै पनि साह्रै एकोहोरो भएर आजीवन मुद्दाको तारिक र पेसी भन्दै जीवन समाप्त गरे । उनका दुई छोरा गोरखपुर आर्मीमा रहेछन् । त्यसैले बेलाबेलामा उनलाई खर्च पनि पठाउने रहेछन् । पठाएको खर्चले एक दुई महिना पुऱ्याउथे, अनि पैसा आउन ढिलो भए अरूलाई लेख्न लगाएर चिट्ठी पठाउँथे ।

खर्च नपाएसम्म यताउता सर सापट गरेर निर्वाह गर्दथे । छोराहरूले पनि गाउँलेहरूले घर जग्गामा थिचो मिचो गरेकोले बुबाले मुद्दा हालेका हुन् राम्रै गरे भन्ने सोचेर खर्च पठाउने रहेछन् तर गाउँबाट लिएर आएको मुद्दा कहिल्यै नटुंगिने, मोतीलाल घर फर्किने कुरै नगर्ने देखेर दुवै छोराहरूले विस्तारै खर्च कम गर्न लागे । एक त अदालतको मुद्दा झट्टै कहाँ छिनिन्छ र, त्यसमा पनि उनलाई सानो निहुं मात्रै चाहिन्छ जे कुरामा पनि मुद्दा हाल्न भ्यास्सै मान्ने ।

यसकारण गाउँबाट एउटा मुद्दा बोकेर आएका मोतीलालले काठमाडौंमा एक पछि अर्को, अर्को पछि अर्को गर्दै दशौं मुद्दा बोक्न लागे ।

कुसुले चौरमा डेरा गरेर बसेका मोतीलाल विष्णुमती नजिक हुनाले बिहानको शौचालयको काम उही विष्णुमतीको बगर यताउता हुने रहेछ । मगर जातको हुं भन्दथे, जनै लगाएका हुन्थे । शौचालयतिर जाँदा जनै कानमा घुसार्ने रहेछन् । सधैं झै टोपी फुकालेर अलि पर राखेर शौचतिर लागेछन् । त्यही बेला वरिपरिको कुनै एक कुचिकारले नयाँ टोपी देखेर लगेछन् ।

अब मोतीलाललाई के चाहियो । वरिपरि हारगुहार गरेर कुचिकारको पत्ता लगाएछन् । अनि अदालतमा मेरो टोपी चोरी भयो भन्दै उजुरी गरेछन् । निवेदन लेखाउन दर्ता गर्न र तारिक खेप्न कति खर्च गरे, कति समय बिताए कसले हेर्ने ।

जे होस् न्यायाधीशहरूबाट उनको राम्रो सुनुवाइ भएर उनले मुद्दा

जिते । आफूले न्याय पाएकोमा उनी खूब खुसी पनि भए तर मुद्दा त जितियो, टोपीको विगो पाइएन भनेर फेरि विगो भराई पाऊँ भनेर अर्को मुद्दा दर्ता गराए । कति निवेदन, तारिख, पेशी आदि धाउँदा धाउँदा उक्त विगो भराइ पनि पाए ।

तत्कालीन टोपीको मूल्य एक रूपैयाँ रहेछ र सो रकम दिनु भनी अदालतले मुद्दा छिनिदिएछ ।

टोपीको एक रूपैयाँ विगो भराइ पाउँदा तपाईंको कति खर्च भएको थियो मोतीलाल दाइ भनेर कसैले सोधे भने भन्ने रहेछन्, अदालतले राम्रो इन्साफ गरेको नै ठूलो कुरो भन्दै खुसी व्यक्त गर्दथे । ♦♦♦

**लघुकथा**

## अर्धनग्न



✍ **ममता मृदुल**

चारू म तिमी बिना बाँच्न सक्दिन । मैले तिमीलाई धेरै माया गर्छु । छविले धेरै पटक चारूलाई भनेको थियो । चारूले मनमनै सोचिन । मलाई यति धेरै माया गरेको छ । म अरू के खोज्नु, हुन्छ भनिदिन्छु । आखिर सँगै कलेज पढेका छौं । पछि मिलेर केही गरौला ।

सात दिनसम्म भेट भएन कसैलाई सोधिनन् । एक दिन कलेज जाँदा बाटोमा छविलाई देखिन । परैबाट बोलाउन असजिलो लाग्यो । छवि भएको ठाउँमा गईन । मुसुक्क मुस्कुराइन । छविलाई केही भन्नु भन्दा पहिले छविले बुझ्यो ।

प्रेम झ्यागिंयो । चारूलाई पनि छविको व्यवहार मन पर्छ । व्यवहारिक लाग्छ । सोचेर खर्च गर्ने, जथाभावी नबोल्ने उसको सुन्दर सालिन व्यवहार छ ।

एक्कासी चारूलाई फुपुको छोरीको बिहेमा जानु पर्ने भयो । एक महिना फूपूको घरमा बसेर घर आईन ।

हतार हतार छविलाई भेट्न डेरामा गईन । छविको कोठामा एउटी महिला र तीन वर्षको बच्चा थियो । छवि डेरा सरेछन् । मनमनै सोचिन् ।

फर्किन लागेकी थिईन् । पछाडिबाट बेबी मलाई टाबेल देउ न कता गयौ भन्ने आवाज सुनेर पछाडि फर्केर हेरिन । छवि अर्ध नग्न अवस्थामा चारूको पछाडि उभिइरहेको थियो ।

# सामाजिक सञ्जालमार्फत महिला हिंसा



✍ ई. कुमार अभिनव

संयुक्त राष्ट्र संघको स्थापनासँगै महिला अधिकारले बढी महत्व पाउँदै आयो । महिलाविरूद्धको सबै प्रकारका भेदभावहरू उन्मूलन सम्बन्धी महासन्धि संयुक्त राष्ट्र संघको महासभाद्वारा १८ डिसेम्बर १७७९ मा पारित भएको हो र ३ सेप्टेम्बर १९८९ देखि लागू भएको हो । ८ अप्रील २००२ सम्ममा १६८ राज्यहरूले यो महासन्धिको पक्ष बनिसकेको छ । थुप्रै राष्ट्रहरूले महिला अधिकारलाई अत्यन्तै महत्वका साथ संविधान मै उल्लेख गरिएको छ । नेपालको संविधानको धारा ३८ मा महिला अधिकारलाई मौलिक अधिकारको रूपमा चित्रण गरिएको छ ।

**सामाजिक सञ्जाल के हो ?**

सामाजिक सञ्जाल अहिले संसारका व्यक्तिहरूको लागि धेरै महत्वपूर्ण भएको पाइन्छ । वर्तमान समयमा कुनै पनि व्यक्ति यसको प्रयोगबाट वञ्चित छैन । सामाजिक सञ्जाल एक प्रविधि हो जुन कम्प्यूटरहरू मार्फत चल्दछ, इन्टरनेटमा आधारित छ र प्रयोगकर्ताहरूलाई छिटो काम गर्न मद्दत गर्दछ । विश्वका अधिकांश देशहरूको डिजिटल युगमा सामाजिक सञ्जालको ठूलो योगदान छ । उदाहरणको लागि, यसको महत्व शैक्षिक क्षेत्र, सामाजिक क्षेत्र र अन्य क्षेत्रहरूमा देख्न सकिन्छ । कोभिड-१९ महामारी दौरान यसको उपयोग ह्वात्तै बढेको पाइन्छ । कोभिड-१९ महामारीले सामाजिक सञ्जालको महत्वलाई देखाएको पाइन्छ।

**सामाजिक सञ्जालको दुरूपयोग**

बढ्दो प्रविधिको प्रयोगले मानिसको जीवनलाई अत्यन्तै सहज बनाए पनि यसको सहि सदुपयोग नहुँदा यसले समाजमा विकृति पैदा गरिरहेको छ । तल उल्लेखित घटनाहरूले महिलाको वास्तविक स्थिति चित्रण गरेको छ तर वर्तमान परिवेशको कुरा गर्ने हो भने सामाजिक सञ्जालले युवायुवतीमा मानसिक तनाव उत्पन्न

गरिदिएको छ । तल प्रस्तुत घटनाले समेत महिलाहरू सामाजिक सञ्जालमा सुरक्षित नभएको अनुभूति गरिएको छ । जसले गर्दा दिनप्रतिदिन आत्महत्या जस्तो किसिमका घटनाहरूको वृद्धि भइरहेको छ । नेपालको तथ्यांक अनुसार घरेलु हिंसा यस आर्थिक वर्षमा करिब १४,००० हराहारीमा मुद्दा दर्ता भएको पाइन्छ ।

आइन् । यस्तै अरू तीन जना साथीसहित काठमाडौंबाट चितवन पुगेका असितले युवतीलाई घुम्ने बहानामा त्यहींबाट पोखरा लगे । पोखरा लगेपछि चारै जना पोखरास्थित होटलमा बास बसे । सो क्रममा असित र अर्का एक जनाले युवतीलाई बलात्कार गरे । घटनापछि युवतीले काठमाडौं आएर प्रहरी वृत्तमा आफू बलात्कृत भएको उजुरी दिएकी

| हिंसाको प्रकार | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | शारीरिक हिंसा | | मानसिक हिंसा | | आर्थिक हिंसा | | पेशाबाट बञ्चित | सामाजिक हिंसा | यौनजन्य हिंसा | श्रीमती माइत गई बसेको | श्रीमानले खानामा विष मिलाएको | श्रीमती पर पुरूष सँग लागेको | श्रीमान पर स्त्री सँग लागेको | जम्मा |
| | कुटपिट | अङ्गभङ्ग | गाली बेइज्जती | आरोप लाल्छना | घर निकाला | खानलाउन नदिने | | | | | | | | |
| प्रदेश–१ | ५८४ | ० | ४१४ | ४३ | ४५ | १९४ | ० | ० | ० | ० | ० | ० | ० | १२८० |
| प्रदेश–२ | १४३४ | ० | १११५ | २९५ | ९१ | ६१३ | ० | ० | ० | ० | ८ | ० | ० | ३५५६ |
| प्रदेश–३ | ४५९ | ० | ५०१ | ४४ | ५ | १०७ | ० | ९ | १ | ० | ० | ० | ० | ११२६ |
| प्रदेश–४ | ४५० | ० | ४२७ | १०५ | १ | २१३ | ० | ० | ० | ० | ० | ० | ० | ११९६ |
| प्रदेश–५ | ९२५ | ० | ८०६ | १६४ | १२ | ४११ | ० | ० | ० | ० | ० | ० | ० | २३१८ |
| प्रदेश–६ | ३०८ | ० | ४२७ | ५२ | १ | ८३ | ० | १ | ० | ० | ० | ० | ० | ८७२ |
| प्रदेश–७ | ४७७ | ० | ४२८ | ३८ | ० | १९५ | १ | ० | ० | ० | ० | ० | ० | ११३९ |
| उपत्यका | ११९१ | ३९ | ७०८ | १८० | १६ | ६११ | ० | ० | ० | ० | ० | ० | ० | २७४५ |
| जम्मा | ५८२८ | ३९ | ४८२६ | ९२१ | १७१ | २४२७ | १ | १० | १ | ० | ८ | ० | ० | १४२३२ |

श्रोतः ने.प्र.प्र.का. नक्साल

## घटना १ (नाम र ठाउँ परिवर्तन)

एकजना युवतीलाई फेसबुक मार्फत चिनजान गरेर भेट्न बोलाइ बलात्कार गरेको आरोपमा प्रहरीले इलाम घर भई राजधानीमा व्यवसाय गर्दै आएका असित पाण्डेलाई पक्राउ गऱ्यो । प्रहरीका अनुसार फेसबुकबाट बाक्लो कुराकानी हुन थालेपछि असितले इटहरीकी युवतीलाई भेट्न बोलाए । सहमतिअनुसार एक्लै युवती चितवन थिइन् । उजुरी लगत्तै प्रहरीले असितलाई राजधानीबाट पक्राउ गऱ्यो।

## घटना २ (नाम र ठाउँ परिवर्तन)

२४ वर्षीया शर्मिला (नाम परिवर्तन) १५ दिनसम्म सामाजिक सञ्जाल 'इमो' मार्फत सम्पर्कमा आएका एकजना युवकसँग उनले च्याट गरिन् । नम्बर साटासाट गरिन् । फोनमा उनीहरू विवाह गरेर घरजम गर्न सहमत भए ।

कुरा हुन थालेको १६ औं दिनमा विराटनगर घर भएका अभिरलले शर्मिलालाई फोन गरेर भने, 'आज तिनकुने चोकमा भेटौं, मन्दिरमा विवाह गरौं ।' केही दिन पश्चात शर्मिला पहिलोपटक अभिरललाई भेट्न गइन् । विवाह गरेर घरजम गर्ने सपना सम्हालेर तिनकुने चोकमा आएकी शर्मिलालाई अभिरलले ट्याक्सीमा चढाए र गेष्ट हाउसमा लगेर बलत्कार गरे ।

**नेपालको सन्दर्भमा महिला अधिकार**

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९ ले पक्ष राज्यलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। तथापि यी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यको लागि सजिलो छैन । नेपालको सन्दर्भमा पनि कतिपय मुद्दामा अदालतले राज्यलाई कानून निर्माण गरी अधिकारहरूको सुनिश्चितता गर्न आदेश दिइएको देखिन्छ । यसरी हुने आदेश कार्यान्वयन गर्नु राज्यपक्षको जिम्मेवारी र कर्तव्य भए पनि यसको सहि समयमा कार्यान्वयन हुन नसक्दा अधिकारको संरक्षणको प्रश्न अदालतबाट भएको आदेशको कार्यान्वयनको प्रश्न जटिल बन्ने गरेको छ ।

**साइबर अपराधमा परेपछि महिलाले के गर्ने** ?

समाजको डर त्रासले सामाजिक सञ्जालबाट महिलाहरू साइबर अपराधमा परेपछि कसैसँग शेयर गर्दैनन् र मानसिक तनावमा भइरहन्छन् जसले गर्दा वर्तमान समयमा आत्महत्याको संख्यामा ह्वात्तै वृद्धि भएको देख्न सकिन्छ । सामाजिक सञ्जालबाट हुने तनाव कसैसँग शेयर गर्दासमेत आफ्नो इज्जत नै जाने डरले साइबर अपराधीहरूलाई फाइदा पुगेको देखिन्छ । समाजमा बदनामीको डर तथा त्रासले महिलाहरूले साइबर अपराधमा परेपछि उजुरी गर्न चाहँदैन र धेरै महिलाहरूलाई साइबर अपराधको रिपोर्ट कहाँ र कसरी गर्ने भन्ने अन्योल हुँदा अपराधीहरूको मनोवल अझै उच्च भएको देख्न सकिन्छ जसकारण समाजमा दिनप्रतिदिन साइबर अपराध वृद्धि भएको देख्न सकिन्छ । यदि तपाईं कुनै साइबर आपराधमा पर्नुभयो भने नजिकको प्रहरी कार्यालय वा साइबर ब्युरोमा गएर उजुरी दिन सक्नुहुन्छ । यदि तपाईं भौतिक रूपमा उपस्थित हुन सक्नु भएन भने नेपाल प्रहरीको इमेल cyberbureau @nepalpolice. gov.np/spokesp erson @nepal police.gov.np वा साइबर ब्यूरोको सम्पर्क नम्बर ०१-४२१९०४४, ०१-४२१९०४८, ९८५१२८६७७० मार्फत पनि उजुरी दिन सक्नुहुन्छ। साइबर ब्युरोले अनलाइन तथा अफलाइनमा दिइएको उजुरीमाथि छानविन गर्दछ। उजुरी दिएपछि तपाईंको

व्यक्तिगत जानकारी गोप्य राखिनेछ त्यसैले निर्धक्क भएर तपाईंले आफ्नो उजुरी दिन सक्नुहुनेछ ।

**सामाजिक सञ्जाल चलाउँदा ध्यान दिनुपर्ने कुराहरू**

सामाजिक सञ्जालमार्फत अज्ञात व्यक्तिसँग कुरा नगर्नुहोस् । सामाजिक सञ्जालमा आफ्नो फोन नम्बर र अन्य व्यक्तिगत विवरणहरू साझेदारी नगर्नुहोस् । सोसल मिडिया प्लेटफर्ममा जब तपाईं ईमेल जाँच गर्दै हुनुहुन्छ वा मेसेन्जरमा च्याट गर्दा, सावधान रहनुहोस् । अज्ञात व्यक्तिद्वारा पठाइएको सन्देश वा लिंकमा क्लिक गर्दा साइबर अपराधका बारे सधैं सजग हुनुहोस् किनकी उनीहरूले मानिसहरूलाई नयाँ तरिकाले शिकार बनाउँछ । ♦♦

कविता

# वसन्त ऋतु



✍ **मुक्तिनाथ पोखरेल**

आयो वसन्त धरणी भरि रश्मि छायो
ठण्डी गयो प्रकृतिले सुख शान्ति ल्यायो
सौगन्ध वास बहने सब पुष्प माला
हेर्छे सफेद रजनी नभबाट चाला ।१।

यो मौसमी समयमा मन हुन्छ शान्ति
शोभा दिने कमलिनी रहबाट कान्ति
देखिन्छ दृश्य हरियो नव पालुवाले
लोभ्याउने सिमलका हलुका भुवाले ।२।

भाका नवीन लयका स्वरमा निकाली
खोलेर कण्ठरव कोकिल रम्छ राति
त्यो न्याउली विरहिणी रूखमा बसेर
बोलाउँछे पतिकनै दिन पर्खिएर ।३।

चम्पा जुही कुसुम कुंद मृडाल आदि
बेली चुवा कुमुदिनी सब पुष्प भाँती
छर्दै सुवास कलिका जति फक्रिएर
हास्छन् मुसुक्क भमरा तिर लर्किएर ।४।

चल्ने समिर मलयाचलबाट वास
उत्फुल्ल सौरभ छरी रहँदो गुराँस
होली वसन्त ऋतुको नव दूत आयो
सम्पूर्णमा कुशल मङ्गल कान्ति छायो ।५।

भन्छन् वसन्त ऋतुराज भनेर सारा
हुन्छन् प्रफुल्ल युवती पहिरी सितारा
सारी भिरेर हरियो वसुधा रमाई
बोलाउँछिन् नजिकबाट वसन्तलाई ।६।

कथा

# घनिष्ठ साथी



✍ ज्ञान बहादुर खड्का

एउटा गाउँमा चारजना मिल्ने साथीहरू थिए । उनीहरूको नाम क्रमशः गोपी, हरिलाल, नरेश र महेश्वर थियो । गाउँको बजारमा एउटा सानो छाप्रो होटल थियो । एकदिन माध्यमिक शिक्षाको परीक्षा सकिएपछि ती चारजना मिलेर उक्त होटलमा गई चिया नास्ता खाने निर्णय गरे ।

चारै जनाले मुस्किलले ४० रूपैयाँ जम्मा गरेर शनिबार उक्त होटलमा पुगे । चिया नास्तासँगै गफगाफ सुरू भयो । गफगाफको क्रममा उनीहरूले एउटा निर्णय गरे 'अबको ३५ वर्षपछि वैशाख १ गते यही होटलमा भेट्नेछौं तबसम्म हामी सबैले धेरै मिहेनत गर्नुपर्छ, यो हेर्नलाई कौतुहल रहोस् कि कसले कति प्रगति गर्‍यो । त्यस दिन सबैभन्दा अन्तिममा जो होटलमा आइपुग्छ उसले नै सबैले खाएको बिल तिर्नुपर्छ ।'

उनीहरूलाई चिया नास्ता ल्याइदिने कान्छाले यो सबै सुनिरहेको थियो । उसले भन्योः- "त्यस दिन म तपाईंहरूको प्रतीक्षामा बसिरहेको हुनेछु ।" त्यसपछि उच्च शिक्षाको लागि चारै जना आपसमा बिदा भए । गोपी बुबाको जागीरको सरूवा भएपछि त्यस गाउँबाट बुबासँगै शहर गयो ।

हरिलाल अगाडिको पढाइको लागि काठमाडौंमा रहेको आफ्नो काकाको घर गयो । नरेश जिल्लाकै क्याम्पसमा पढ्न थाल्यो । महेश्वर जिल्ला छोडेर अन्यत्र गएर पढाइ जारी राख्यो ।

दिन, महिना, वर्ष बित्दै गए । ३५ वर्षमा गाउँमा आमूल परिवर्तन भइसकेको थियो । गाउँको जनसंख्यामा वृद्धि भयो, गाउँबाट गाउँपालिका भयो, सडक, बिजुली, हस्पिटल, फार्मेसी, क्याम्पस, बोर्डिङ स्कुलले पूरै गाउँ सानोतिनो शहर नै भइसकेको थियो ।

त्यो झुपडी होटल RCC होटलको रूपमा परिणत भइसकेको थियो । वेटर कान्छा अब मालिक भएर कान्छा साहु बनेको थियो ।

३५ वर्षपछि निर्धारित मितिको

वैशाख १ गते दिउँसो एउटा लक्जरी कार उक्त होटलको बाहिर रोकियो ।

नरेश कारबाट उत्रियो र होटलको मिटिङ हलमा गयो । ऊसँग अब ७ वटा ज्वेलरी शोरूम छ । नरेश होटल मालिक (कान्छा साहु) नजिक पुग्यो र एक अर्कासँग परिचित भइसकेपछि बातचित सुरू भयो । कान्छा साहुले भन्यो, 'गोपी सरले तपाईंहरूको लागि एक महिना देखि नै एउटा टेबुल बुक गर्नुभएको छ ।'

अरूभन्दा मै अगाडि आएँ अब मैले आजको खानाको बिल तिर्नुपर्दैन । आफ्ना साथीहरूलाई हँसीमजाकको रूपमा खिल्ली उडाउन समेत पाउने भएँ भनेर नरेश मनमनै खुसी भयो । एक घन्टापछि हरिलाल आइपुग्यो, ऊ ठूलो बिल्डर बनिसकेको थियो । आफ्नो उमेरको हिसाबले ऊ अब एक समृद्ध ज्येष्ठ नागरिक जस्तै लाग्दथ्यो ।

नरेश र हरिलालबीच आधा घण्टाको कुराकानी पश्चात तेस्रो साथी महेश्वर आइपुग्यो । महेश्वर व्यापारी बनिसकेको रहेछ । यो कुरा सोधखोज पछि थाहा भयो । अब तीन जना साथीहरू मिलेर गोपीलाई कुर्न थाले । तीनै जनाको आँखा बारम्बार ढोका भएतिर पुग्थ्यो, गोपी कतिबेला आइपुग्छ ?

निकैबेरको पर्खाइपछि कान्छा साहुले भन्यो, "गोपी सरको तर्फबाट एउटा म्यासेज आएको छ, तपाईंहरूलाई चियानास्ता गर्दै गर्नु भन्नुभएको छ, उहाँ आउँदै हुनुहुन्छ ।" तीनै जना ३५ वर्षपछि एकार्कासँग भेटेर खुसी थिए । घन्टौंसम्म हँसीमजाक चलिरह्यो, तर गोपी आएन ।

केहिबेरपछि कान्छा साहु उनीहरू भएको ठाउँमा आयो र भन्यो, "फेरि गोपी सरको म्यासेज आएको छ, तपाईंहरू मेन्यु हेरेर आफूलाई मनपर्ने खाना खान सुरू गर्नुहोस्" यति भनेपछि तीनैजना खाना खानको लागि तयार भए । खाना खाइसक्दा समेत पनि गोपी आइपुगेन । खानाको बिल माग्ने बेला तीनै जनालाई एउटा जवाफ आयो 'बिल अनलाइनबाट भुक्तानी भइसकेको छ ।'

साँझ ६ बजेतिर एउटा युवक कारबाट उत्रियो र गरूङ्गो मन लिएर तीन जना साथीहरू भएको स्थानमा पुग्यो । यो देखेर तीनै जना साथीहरू अवाक भएर हेरिरहे । केही समयपछि युवकले भन्यो, म तपाईंहरूको साथी गोपीको छोरा उत्तम हुँ । बुबालाई यही दिनको प्रतीक्षा थियो । तपाईंहरू यहाँ आउने कुरा बुबाले मलाई अघिल्लो महिना उहाँ स्वर्गबास हुनुभन्दा पहिले भन्नुभएको थियो । उहाँले मलाई होटलमा ढिलो पुग्नु भनेर भन्नु भएको थियो, यदि म छिटो आइपुगेको भए

तपाईंहरू दुःखी हुनुहुन्थ्यो, तीन जना एक-अर्कामा हँसीमजाक एवम् खुसी साटासाट गर्न पाउनु हुन्नथ्यो । जब मेरो साथीहरूले 'म यो संसारमा छैन' भनेर थाहा पाउनेछन् तब उनीहरू एक अर्कामा भेटेर खुसी हुने मौका गुमाउने छन् । त्यसकारण उहाँले मलाई अन्तिममा जानु भन्नु भएको होला । बुबाले मलाई उहाँको तर्फबाट तपाईंहरू सबैसँग अङ्कमाल गर्नु भनेर पनि अह्राउनु भएको छ ।

उत्तमले दुवै हात फैलाएर अङ्कमालको लागि हात बढायो । वरिपरिका मान्छेहरू बढो उत्सुक भएर त्यो दृश्य हेरिरहेका थिए, उनीहरूलाई लाग्यो- युवकलाई काहीं त देखेका छौं !

उत्तमले भन्यो, 'मेरो बुबा शिक्षक बन्नुभयो र मलाई पढाउनु भयो, आज म यस जिल्लाको प्रमुख जिल्ला अधिकारीको रूपमा रहेको छु ।'

सबैजना चकित भए, कान्छा साहुले भन्यो, "अब ३५ वर्षपछि होइन, प्रत्येक ३५ दिनमा हामी हाम्रो होटलमा बारम्बार भेटघाट गर्नेछौं र प्रत्येक पटक मेरो तर्फबाट एउटा भव्य पार्टी दिनेछु ।" उसले अझ थप्यो, "आफ्ना आत्मीयजनसँग भेटघाट गर्दै गर्नुपर्छ, साथीभाइसँग भेटघाट गर्न वर्षौं पर्खनु हुँदैन । मरेर लैजाने के नै छ र ? साथीभाइ, इष्टमित्र सबैसँग समय-समयमा भेटघाट गर्नुपर्छ । भेट्नको लागि कुनै बहाना बनाउनु हुँदैन । दिनमा व्यस्त भए पनि साँझमा भेट्न त सकिन्छ नि । थाहा छैन, यो संसारबाट छुट्टिने दिन कसको कतिबेला आउँछ ! परिवारको साथमा बस्नुपर्छ । आफू ज्यूँदो हुनुको आनन्द महसुस गर्नुपर्छ । ♦♦♦

## गजल



✍ **अर्जुनबाबु तिवारी**

कठिन हुन्छ जिन्दगीका खोला नदी तर्दा खेरि ।
सहन त्यो गाह्रो हुन्छ आफैलाई पर्दा खेरि ।।

आत्मग्लानी हुन्छ अचेल लोभीपापी जमात देख्दा ।
कति कुम्ल्याउँदो हो मान्छे लान पाए मर्दा खेरि ।।

स्वभाव नै अर्को हुने माथि माथि चढ्दा सम्म ।
सातोपुत्लो जान्छ अनि हाँगो सहित झर्दा खेरि ।।

उदेक लाग्छ चलन देख्दा पुज्य हुने चिहानको ।
खेर कति जान्थ्यो होला बाँच्दै भलो गर्दा खेरि ।।

जीवनवादी हैन सिकाइन्छ पाठ मृत्युवादी यहाँ ।
लासलाई थाहा होला र ? पुष्पगुच्छा छर्दा खेरि ।।

# समाजसेवामा परोपकारको अतुलनीय योगदान र जन्मदाता दयावीरसिंह कंसकार



✍ त्रिचन्द्र प्रतिक्षा

नेपाली बृहत शब्दकोशमा परोपकार शब्दको शाब्दिक अर्थ अर्काको उपकार, पराईको भलो हुने काम, अर्काको भलो गर्ने, अनाथ वा दीनदुःखीहरूको उपकार गर्नु भनेर उल्लेख गरेको पाइन्छ । हिन्दू धर्म तथा संस्कृतिअनुसार अर्काको भलाइ तथा सेवा गर्नु प्रत्येक व्यक्तिको कर्तव्य मानिन्छ । हिन्दू समाजमा कौटिल्यको अर्थशास्त्रको महत्त्वपूर्ण स्थान रहेको छ । कौटिल्यको अर्थशास्त्रले सामूहिक हित र भलाइलाई जोड दिएको छ, जसमा समाजका असहाय, अशक्त र अनाथको सेवा गर्नु मानवमात्रको कर्तव्य हो भनी उल्लेख भएको पाइन्छ । पौराणिक कथा तथा दन्त्यकथाहरूमा समेत परसेवा, दान र सहयोगलाई ठूलो महत्त्व दिइदै आएको पाइन्छ यस्तै बौद्धधर्मले समेत परोपकार र परसेवाको पवित्र सन्देशलाई विश्वभर फैलाएको पाइन्छ ।

विश्वका जुनसुकै धर्मले पनि परसेवा अर्थात अशक्त र असहायहरूलाई सेवा पुऱ्याउनु धर्म हो भनेर मानेको छ । विश्वमा दिनप्रतिदिन बढ्दै गएको गरिबी, भोक, रोग आदि सामाजिक तथा आर्थिक समस्याहरूको समाधान गर्ने हेतुले सर्वप्रथम बेलायतमा सन् १३४८ मा सरकारकै प्रयासमा गरिबको कानून नामक एक विधेयक पारित गरियो । सन् १५३१ मा दि स्टाच्यूट अफ हेनरी आठौं कानून बन्यो । युरोपको सामाजिक इतिहासमा क्षमतावान् विद्वानहरू सन् फ्रान्सिस बेकन र मेरियन वियर्ड जस्ता दार्शनिक व्यक्तित्वहरूले परोपकारको परिणामको हिसाबकिताब हुनै सक्दैन भन्ने अभिव्यक्ति समाजसामु राखे । यही भावनालाई अंगिकार गर्दै क्याप्टेन थोमस कोरामले सन् १७४१ मा टुहुरा र अनाथ बालबालिकाको लागि फाउण्डिलिङ्ग अस्पताल स्थापना गरे । परोपकारको इतिहासमा यही नै पहिलो परोपकारी संस्था मानिन्छ । लगत्तै सन् १७५६ मा जोनास हान्वेले म्यारिन सोसाइटी नामक संस्था खोले, जसले सामुद्रिक

सुरक्षा र आपतकालीन व्यवस्थाको लागि काम गर्ने उद्देश्य लिएर १८औं शताब्दीको अन्त्यतिर अमेरिकामा प्रचलित दासप्रथाको उन्मूलन, गरिब असहाय तथा अशक्त व्यक्तिहरूलाई लागि सेवा र सहयोगका लागि समाज सुधारकहरू सक्रिय हुन थाले । सन् १८३० मा अमेरिकाको फिलाडेल्फियामा भएको अनाथालय, गरिब तथा असहायको लागि एक संस्था स्थापना गरियो र सरकारले केही कानूनहरू पारित गरे ।

फ्लोरेन्स नाइटिङ्गेलको उल्लेख बिना परोपकारको इतिहास अपूरो रहनेछ । सन् १८५३-५६ को क्रिमियन युद्धतामा घाइते सैनिकलाई मात्र नभई कन्स्टान्टिनोपोलको एउटा बस्ती स्कुटारीस्थित सैन्य अस्पतालमा सुधार गरिन् । यही अतुलनीय सेवाको कदर गर्दै नाइटिङ्गेललाई "द लेडी विद द ल्याम्प" (बत्ती लिएकी केटी) समेत उपाधि प्रदान गरियो ।

**पहिलो रक्तदान**

नेपालमा परोपकारको जन्मदाता दयावीरसिंह कंसाकारलाई मानिन्छ भने वीर अस्पतालमा वि.सं. २००० मा रक्तदान गरेर नेपालमा पहिलो रक्तदान गर्ने व्यक्तिको रूपमा दयावीरसिंहको नाम दर्ज भएको पाइन्छ । सुरूमा रक्तदान गर्नुको कारण वा घटना यस्तो छ, वीर अस्पतालको शैयामा एक बिरामी जीवन र मृत्युको दोसाँधमा बाँचिरहेको थियो । ल्हासामा रोगले सिकिस्त भएका बिरामी रत्नकाजी तुलाधरलाई वीर अस्पताल राखिएको थियो । डा. देवव्रतदास गुप्ताले बिरामीको आमालाई रगतको कमी भएको हुँदा रगतको आवश्यकता भएको सुनाइ सकेका थिए । आमा हृष्टपुष्ट र निरोगी भए पनि डर तथा त्रासले रगत दिन सक्दैनथिइन् । त्यसैबेला दयाविरसिंह कंसाकार रगत दिन तैयार भए । यसरी वि. सं. २००० मा वीर अस्पतालको शैयामा पहिलो पटक दयाविर सिंह कंसाकारले रक्तदान गरेर रत्नकाजीको जीवन बचाए ।

**परोपकार संस्थाको सुरूवात**

त्यो समय नेपालमा राणाशासनको बेलामा कुनै पनि संघ संस्था खोल्नु त परको कुरा सुइँकोसम्म पाएमा जेलनेल र सर्वस्वहरण हुनुपर्ने अवस्थामा परोपकार संस्थाको स्थापना हुनु रोचक घटना सुन्न पाइन्छ । नेपालमा वि.सं २००२ सालमा उपत्यकाभित्र हैजाको महामारी फैलियो । घरघरमा हैजाले बिरामीहरू उपचार बिना मर्न थाले । त्यसबेला जनताहरूमा औषधोपचार गर्नुपर्छ भन्ने चेतनाको अभाव मात्र होइन कि उपचारका लागि समेत वीर अस्पताल एक मात्र थियो । बिरामीलाई अस्पतालसम्म पुऱ्याउने व्यक्तिको अभाव र चेतनाको कमीले गर्दा ठुलो संख्यामा बिरामीहरूको

मृत्यु भएको देखेर केलटोलमा दयावीरसिंह कंसाकारले केही साथीहरू बटुलेर बिरामीहरूलाई अस्पतालमा पुऱ्याउने कार्यका लागि एक स्वयंसेवक दल गठन गरी काम थालनी गरे । उक्त स्वयंसेवकहरूले धेरै बिरामीहरूलाई जीवनदान दिन सफल भए ।

यो देखेर नेपालमा परोपकार संस्थाको खाँचो महसुसगरी दयावीरसिंहले तत्कालीन राणा प्रधानमन्त्रीसमक्ष असहाय, दीनदुःखीको सेवा गर्ने उद्देश्य राखी "परोपकार" संस्था खोल्नका लागि बिन्ती चढाए । राणा शासनका विरूद्ध चलखेल गर्न लागेको महसुस र आशङ्का गरी तत्कालीन प्रधानमन्त्री पद्मशमशेरले परोपकार संस्थाको रूपमा नभई औषधालयको नाममा मात्र अनुमति दिने निर्णय गरे । तर त्यसका लागि पाँच जनाको लिखित निवेदन पुनः दिन भनेपछि दयावीरसिंहलाई आफूबाहेक अन्य तीन जनाको निवेदन र हस्ताक्षर पाउन निकै समय लाग्यो किनभने राणाहरूले जेलमा कोच्ने मात्र नभई फाँसी दिने डरले कसैले पनि हस्ताक्षर गर्न र निवेदन दिन मानेनन् । ठूलो प्रयासपछि बल्लबल्ल दुई वर्षपछि मात्र मासंगल्लीका चन्द्रवीर सिंह, भीमसेनस्थानका गोविन्द्रप्रसाद वैद्य, भोटाहिटीका पद्मधिशानन्द वैद्य, मरूहिटीका तुलकमान न्हुछे प्रधानलगायत दयावीरसिंह स्वयम् चार जनाको निवेदन र हस्ताक्षर तयार गरी बुझाइयो । वि.सं. २००४ असोज १० गतेका दिन तत्कालीन प्रधानमन्त्री पद्मशमशेरले लामो सर्तका फेहरिस्तका साथ "परोपकार औषधालय" को नामबाट कार्य गर्न दिनु भनि उक्त निवेदनमा खड्गनिशाना (तोकआदेश) लगाएर दिए । सुरूमा उक्त परोपकार औषधालय जनबहाल, मच्छिन्द्रबहालभित्रको एउटा पुरानो घरको भुइँ तल्लामा कार्यालय खोले । यसरी नेपालकै पहिलो सामाजिक संस्थाका रूपमा परोपकार औषधालयको स्थापना भयो ।

अनुमति पाएलगत्तै संस्थाले जनताका लागि सेवाकार्यमा जुटे । जात, जाति, धर्म, सम्प्रदाय आदिको भेदभाव नगरी दुःखी, असहाय रोगीहरूको निःशुल्क उपचार गर्ने, अनाथ, असहाय र गरिब जनताका लागि अनाथालय र विद्यालय खोल्ने आदि पवित्र उद्देश्य लिए । उक्त संस्थाले काठमाडौं उपत्यका लगायत देशका विभिन्न जिल्लाहरूमा निःशुल्क औषधालयहरू खोलेर सेवा प्रदान गरे भने वि.सं. २००८ सालमा भीमसेनस्थानमा करिब १६ रोपनी जग्गा दानस्वरूप प्राप्त गरे लगत्तै एक तले भवन निर्माण गरी काठमाडौं, भक्तपुर, ललितपुरका सडक बालबालिकाहरूका लागि अनाथालय सञ्चालनमा ल्याए, जसको

वि.सं. २००९ असार १० गतेका दिन तत्कालीन श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवबाट समुद्घाटन सम्पन्न गरियो ।

हाल परोपकार आदर्श उच्च मा.वि., परोपकार अनाथालय, परोपकार अनाथ बालिका छात्राबास, परोपकार बालग्राम र परोपकार केन्द्रीय चिकित्सालय सञ्चालित छन् भने एम्बुलेन्स सेवाको थालनी पनि परोपकार संस्थाले नै नेपालमा पहिलो पटक वि.सं. २०१० सालमा गरेको इतिहास पाइन्छ । त्यसबेला राणाहरूसँग दुईवटा पुराना गाडी मागेर त्यसलाई एम्बुलेन्सका रूपमा प्रयोग गर्न थालिएको थियो । अहिले निःशुल्करूपमा २४ सै घण्टा सेवा दिंदै आइरहेका छन् । यस्तै नेपालमा रक्तदान कार्यक्रमको सुरू गर्ने पहिलो संस्था पनि "परोपकार" नै हो । आफ्ना स्वयंसेवकमार्फत् वि.सं. २००४ सालदेखि रक्तदान सेवा प्रदान गरे । नियमितरूपमा रक्तदान कार्यक्रम सञ्चालन भने वि.सं. २०२१ सालबाट मात्र हुन थालेको हो ।

परोपकारको विभिन्न सेवाकार्यहरूमा विशेष परोपकार प्रसूतिगृह मुख्य हुन् । नेपालका लाखौं महिलाहरूलाई प्रसव व्यथाबाट अकाल मृत्यु हुनबाट बचाउने हेतुले वि.सं. २०१० सालमा काठमाडौंस्थित थापाथलीमा परोपकार इन्द्रराज्यलक्ष्मीदेवी प्रसूतिगृह नेपालको स्थापना भयो । यस परोपकार अस्पतालमा प्रसूति र स्त्रीरोगसम्बन्धी सम्पूर्ण उपचारसेवाहरू उपलब्ध गराउँदै आएको छ । हालै मात्र आफन्त कोही नभएर एकल जीवन निर्वाह गरिरहेका वृद्धवृद्धाहरूका लागि भक्तपुरको दुवाकोटमा वृद्धाश्रम सञ्चालनमा ल्याएको छ । परोपकारले शहर केन्द्रितमात्र नरहेर देशको विभिन्न ठाउँहरू र खासगरी ग्रामीण भेगमा परोपकार औषधालयहरू सञ्चालन गरेर असहाय गरिब जनताहरूलाई निःशुल्क स्वास्थ्योपचार सेवा उपलब्ध गराएको छ । जसलाई यस संस्थाको उल्लेखनीय देन मान्नुपर्दछ ।

परोपकार संस्थाका संस्थापक, नेपालमा पहिलो पटक रक्तदान गर्ने व्यक्ति र अग्रणी समाजसेवी दयावीरसिंह कंसाकारको जन्म वि.सं १९६८, वैशाख २२ गते काठमाडौंको केलटोलस्थित मासंगल्लीमा भएको थियो भने वि.सं. २०५७ माघ २३ गते देहान्त भयो । समाजसेवामा उल्लेखनीय योगदान दिएबापत दयावीरसिंह कंसाकारलाई सम्मान गर्दै वि.सं. २०५९ मङ्सिर २२ गते हुलाक सेवा विभागले उनको चित्र अङ्कित रू. २ को हुलाक टिकट प्रकाशनमा ल्याएको छ ।

समयक्रममा यसका आवश्यकता र औचित्यमा परिवर्तन आइरहन्छ ।

परोपकारको उद्देश्य, सिद्धान्त र काम गर्ने तौरतरिका पनि समयअनुसार बदलिँदै जान्छ । संयुक्त राष्ट्र संघका अनुसार "मानिसलाई उसको सामाजिक परिवेशभित्र आनन्दपूर्वक घुलमिल हुन सक्ने वातावरण बनाइदिनु नै परोपकार अर्थात समाजसेवाको प्रमुख कर्तव्य हो ।" यसै कुरालाई आत्मासात् गर्दै संयुक्त राष्ट्र संघको आह्वानमा १९८६,१५ नोभेम्बरमा प्रथम अन्तर्राष्ट्रिय परोपकार दिवस विश्वभर भव्यताका मनाएको थियो हरेक वर्ष १५ नोभेम्बरका दिन अन्तर्राष्ट्रिय परोपकार दिवस मनाउने गरिन्छ । ♦♦♦

**कविता**

## विदेशीको मन



✍ **रविना भुजेल**

गाउँ घरमा दसैं आयो अरे
चौतारीमा पिङ्ग हाले अरे
गाउँ घरमा रङले पोते अरे
सबैको घरमा जमरा राखे अरे ।।

खर्कबाट साइला माइला बेसी झरे अरे
बेसी खेतमा धानका बाला झुले अरे
बजारमा खसी किन्न बाबा जानु भयो अरे
भाइबहिनीले पनि नयाँ लुगा किने अरे ।।

खै आफूलाई त न दसैं आयो
न तिहार नै आयो आमा
बिहान झिसमिसे मै काममा हिँडिन्छ आमा
अघिल्लो दिन रातको खाना खाइन्छ आमा ।।

न दसैं आयो आमा न तिहार
यो वर्ष यस्तै भयो आमा
अर्को वर्ष नमरी बाँचे आउँछु है आमा ।।
तपाईंको हातको टिका लगाउन है आमा ।।

कथा

# उजाडिएको जिन्दगी



✍ मनिष अर्याल

मेरो साथी जस्तै मेरो बाबा, मैले जे भने पनि नरिसाउने । मलाई कलम, कापी सबै किनेर ल्याइदिने । मलाई पिकनिक पनि लगिराख्ने । मेरो बाबाको बारेमा मैले भन्नलाई कुनै शब्द नै छैन । भनिन्छ, छोरी लक्ष्मीको रूप हुन् भने छोरा विष्णुको । सायद मेरो बाबाले त्यहीं कारणले पनि हुन सक्छ मेरो नाम विष्णु राखिदिनु भएको । बाबाले मात्रै हैन, सबैले मलाई माया गर्थे । बाबाले मेरो लागि जीवनको सबै खुसी बिर्सिदिनु भयो र अंगाल्नु भयो दुःखको भारी । आमाको स्वास्थ्य अवस्था ठिक थिएन । बेला बेलामा बिरामी परिरहनु हुन्थ्यो रे । त्यसैले होला म अभागीको जन्म हुनासाथ उहाँ बित्नु भयो रे । उहाँलाई रगतसम्बन्धी क्यान्सर थियो रे । जन्मिनासाथ आमा गुमाएको म, यो भन्दा पीडाको जीवन के नै हुन सक्छ होला र ? बेला बेलामा लाग्थ्यो म जन्मिनु कतै अभिशाप त हैन ? तर बाबाको मुख हेर्थें । उहाँको म प्रतिको समर्पण र मेरै लालनपालनको लागि उहाँले गर्नु भएको मिहिनेतले मलाई हाँस्ने अर्को बाटो दिन्थ्यो र म मुस्कुराउँथे । समय बिस्तारै बित्दै गयो म पनि पढाइतर्फ अग्रसर हुदैं गएँ । मेरो बाबाको पनि व्यापार फस्टाउँदै गयो ।

यसलाई सौतेनी आमाले हेलाँ गरी भने के गर्नु ? भनेर बाबाले अर्को विहे पनि गर्नु भएन । जन्मसिद्ध आफूलाई अभागी ठान्नें म बाबाको मायाले ओतप्रोत हुंदा बाबाको रूपमा आमा र बाबा दुवै पाएकोमा हर्षित थिएँ । म कक्षा बाह्रको परीक्षा दिएर बसेको थिएँ । कोठामा सीमित हाम्रो जीवन कतिबेला आफ्नै घरमा परिणत भइसकेको रहेछ थाहा नै भएन । यो सबै बाबाको अथक मिहिनेत र निरन्तरको परिश्रमले नै सम्भव भएको थियो । भनिन्छ, समय राम्रो चल्यो भने ढुङ्गा छोएपनि सुन हुन्छ । त्यस्तै भयो हाम्रो जीवन पनि । आफन्त साथीभाइको साथ र सहयोग पनि निकै बढ्दै गयो, व्यापार अपार हुँदै गयो । मेरो डाक्टर बन्ने सपनामा

अब कुनै रोकावट मैले देख्दिनथैं, । पैसा र राम्रो उपचारको अभावमा मेरी आमाले जसरी ज्यान गुमाउन पऱ्यो त्यसरी कसैले गुमाउन नपरोस् । आमा तिमीलाई मैले बचाउन सकिँन तर लाखौं आमालाई सन्तान जन्माएर संसारै छाड्न पर्ने अवस्थाबाट गुज्रन दिने छैन ।

तर जसरी खुला आकासका ताराहरू बादल लागेपछि बिलाउन थाल्छन्, त्यसरी नै मेरो जीवनमा, मेरो खुसीमा बादल लाग्न थाल्यो । पर्दाले झ्याल ढाकेर अन्धकार देखिएझैं मेरो जीवन पनि एक्कासी अन्धकार देखिन थाल्यो । मेरो बाबाको व्यापार कोरोनाको कारणले खस्किन थाल्यो । राम्रो हुँदा व्यवसाय बढाउन लिएको ऋण तिर्नमा नै सकस हुन थाल्यो । हाँसो खुसी र रमाइलोको मेरो जीन्दगी बिस्तारै दुःखको खोलामा बग्न थालें । यसरी बग्न थालेकी त्यहाँ न मलाई पौडीन नै आउँथ्यो न कोही बचाउन नै, किनकी मेरो आफ्नै बाबालाई अब म भन्दा पनि रक्सिको नशा प्यारो लाग्न थालेको थियो । सधैं घर आएर जुत्ता पनि खोल्न नभ्याई मेरो कोठामा छिर्ने ती पाइला भान्छा कोठामा राखेको फ्रिजतिर पुग्न थाल्यो जहाँ थरिथरिका मदिराहरूको भण्डारण थियो । धेरै मदिरा सेवन गर्नाले बाबालाई कलेजोसम्बन्धी समस्या देखायो । हाम्रो घर जग्गा समेत सबै बैंकले जफत गऱ्यो । सानीमाको घरमा गएर म बसेको थिएँ । सानै घर भए पनि त्यहाँ माया थियो, खुसी थियो, अझ भन्नुपर्दा त्यहाँ जीवन थियो । जिन्दगानी थियो । झिलिमिली बिचको लोडसेडिङ जस्तो जिन्दगी त मेरो थियो । बाबा किर्ते मुद्दामा जेल पर्नु भयो । सारा संसार उजाडिँदासम्म पनि उहाँले मदिरा सेवन गर्न छाड्नु भएन मेरो डाक्टर बन्नका लागि राखेको पैसासम्म सबै सकियो । दुःखले यसरी थिच्यो कि त्यहाँबाट उत्रिने कुनै सम्भावना नै थिएन । बाह्र कक्षा पछिको मेरो करिब एक वर्षको समय त्यसै खेर गयो तर पनि मैले हिम्मत नहार्ने प्रण गरें ।

सानीमाकोमा बसेर पढाइ गरें र स्कलरसिपमा नाम निकालेर डाक्टर पढ्न गएँ । म डाक्टर बनेर फर्किंदा पनि बाबा जेलबाट छुट्नु भएको थिएन । लामो समयपछि उहाँ जेलबाट छुट्नु भयो । त्यास बेला मेरो कमाई पनि राम्रो भइसकेको थियो । लामो समय जेल जीवन व्यतित गर्दा बाबाको कुलत पनि छुटिसकेछ । मलाई डक्टरको भेषमा देख्दा मेरो बाबाको आखाँबाट आँसु थामिएन । बाबाको अनुभव, मेरो मिहिनेत र सानीआमाको साथ बिस्तारै जिन्दगीले नयाँ मोड लिन

थाल्यो रोकिएको हाम्रो गाडीले नयाँ गियर लियो र चल्न थाल्यो । आमा बिनाको टुहुरो म बाबाको मिहिनेतले नयाँ जीवन पाएको थिए । यदि त्यो कठिन समयमा मैले मेरो संयमता गुमाएको भए आज म आफैँलाई माफ गर्न सक्दैन थिएँ । आज हजारौँको अप्रेसन गरिरहेको छु ।

धेरैलाई नयाँ जीवन दिन सफल भएको छु । जिन्दगी सोचे जस्तै बनाउँदैछु । मेरो प्रलय नै भइसकेको जीवनले नयाँ आशा जगाएकोमा हर्षित छु । “तँलाई मैले त्यसै विष्णुको रूप मानेको हैन नि छोरा” बाबाले भनेको यो वाक्य मेरो मनको अन्तरंगमा गढिएको छ । कहिल्यै नबिर्सने गरी, सायद परिस्थिति नै सबै भन्दा ठुलो गुरू हो भन्ने पाठ मैले सिकें र संयमता नै सबैभन्दा ठुलो ओखती हो भन्ने पनि मलाई थाहा भयो । आटँ र हिम्मत भए जुनसुकै लक्ष्य हासिल गर्न सकिन्छ र जहाँ समयको दोष हुदैन भन्ने मैले बुझें । साथीभाइले यसो भोजभतेरमा अलिकति त पिएर हेर्न भन्छन् । म मेरो अतित सम्झन्छु र कान समात्छु र मनमनै भन्छु । Alcohol is not a solution to the problem. Make a protocol, say no to alcohol. “मदिरापानले समस्याको समाधान गर्दैन” । ♦♦♦

## गीत



✍ **सरस्वती श्रेष्ठ 'सरु'**

एउटै थियो मनको गरा साँध लगाएछौ
बग्दै थियो त्यो मन यतै बाँध लगाएछौ

फुल्दै थियो मन बारीमा जाही, जुही, बेली
मेटिएथ्यो मनको दूरी डुल्दा हाँसी खेली
के मा चित्त दुखायौ बढ्यो आज दूरी
ढल्पलाउँछ प्रीतको दियो चल्दा आँधीहुरी

अँधेरियो मनको आकाश अस्ताएसी जून
तिमी मोति गहिराइको के सक्थें म छुन
यो मन झऱ्यो डालीबाट फूल झेसी
सुक्यो मुल फेरिफेरि नपलाउने गरी ।

एउटै थियो मनको गरा साँध लगाएछौ
बग्दै थियो त्यो मन यतै बाँध लगाएछौ

# सवारी दुर्घटनाका कारण र न्यूनीकरणका उपाय



✍ **प्र.स.नि. अम्बिका के.सी.**

यातायात सेवा मानव समाजका लागि एक अभिन्न अङ्गजस्तै बनेको छ । यातायातको पहुँच देश विकासको मेरुदण्ड हो । विकास र आधुनिकतामा जसरी मानिस लाभान्वित हुन्छन् यसको उचित प्रयोग नहुँदा त्यसै गरी नोक्सान पनि व्यहोर्नु पर्छ । बढ्दो शहरीकरणसँगै सवारी साधनको चाप पनि दिनानुदिन बढ्दो क्रममा छ । सडक सञ्जालको विकास र विस्तारले हरेक गाउँ-शहर जोडिदै पनि छन् । सवारी दुर्घटनामा ज्यान गुमाउनेहरूको संख्या दिनानुदिन बढ्दै गइरहेको छ । सवारी दुर्घटनाका कारण कयौं व्यक्ति अपाङ्ग भएर बाँच्न बाध्य छन्, धनको क्षति त्यतीकै छ । दुर्घटनाले व्यक्ति, परिवार, समाज तथा देशलाई ठूलो क्षति पुऱ्याएको छ ।

'सवारी दुर्घटना न्यूनीकरण अध्ययन उपसमिति २०७७' को प्रतिवेदनअनुसार नेपालमा औषत दैनिक ८ जनाको सडक दुर्घटनामा मृत्यु हुने र वर्षमा २५ सयभन्दा बढीको मृत्यु हुने गरेको तथ्याङ्कले देखाउँछ ।

नेपाल प्रहरी प्रधान कार्यालय, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ जेठ मसान्तसम्म २४ हजार ५ सय ३७ वटा दुर्घटना भएका छन् । दुर्घटनामा परेर २ हजार ८ सय ८३ जनाको मृत्यु भएको छ भने ७ हजार २ सय ८२ जना गम्भिर घाइते र २५ हजार ७ सय २२ जना साधारण घाइते भएका छन् । त्यस्तै ३९ हजार ३ सय ७९ वटा सवारी साधन दुर्घटनामा परेका छन् ।

सवारी दुर्घटना सम्बन्धमा गरिएका अधिकांश अध्ययन, विश्लेषण र समीक्षाहरूले सवारी चालकको लापरबाही र तीव्र गति, यान्त्रिक गडबडी, सडकको अवस्था आदिलाई

दुर्घटनाका मुख्य कारणहरूको रूपमा उल्लेख गरेको पाइन्छ । नेपाल प्रहरीको तथ्याङ्कलाई विश्लेषण गर्दा सबैभन्दा बढी चालकको लापरबाही नै देखिन्छ । सवारी चालकको लापरबाहीबाट २१ हजार ६ सय ७५ सवारी दुर्घटना भएका छन् ।

सवारी साधनको क्षमताभन्दा बढी यात्रु बोक्नु, 'लेन' अनुशासनको पालना नगर्नु, जथाभावी चढ्ने र ओर्लने गर्नु, पैदल यात्रीले जथाभावी बाटो काट्नु जस्ता हेलचेक्रयाइँपूर्ण व्यवहारले पनि सडक दुर्घटना बढाउन मद्दत गरेकै छन् । यसबाहेक सडकको नाजुक अवस्था पनि दुर्घटनाको कारण मध्येमा पर्दछ । नेपालका पहाडी र हिमाली क्षेत्रमा साँघुरो र कमजोर सडक सञ्जालको कारण पनि धेरै दुर्घटना हुने गरेको देखिएको छ ।

सवारी दुर्घटना एक जटिल र प्राविधिक विषय भएकोले पनि यसको न्यूनीकरणका लागि नेपाल प्रहरीले स्थानीय निकायसँग समन्वय गरी विभिन्न ट्राफिक सचेतनामूलक कार्यक्रम गर्ने, सडक चिन्ह राख्ने, सडक पूर्वाधार निर्माण गर्ने लगायतका कार्य गर्दै आइरहेको छ । प्रहरीको एकल प्रयासले मात्र दुर्घटना न्यूनीकरण हुन सक्दैन । यसका लागि सरोकारवाला निकाय सबैको भूमिका उत्तिकै महत्वपूर्ण रहेको हुन्छ । सवारी दुर्घटना र सडकको अव्यवस्थाबाट तपाईं हामी सबैलाई प्रत्यक्ष असर परिरहेको हुन्छ । सडक निर्माणमा प्रभावकारी अनुगमन तथा कानूनको मात्रै पनि प्रभावकारी कार्यान्वियन हुन सकेको खण्डमा सडक र सवारीबाट हुन सक्ने खतरा न्यूनीकरण हुन सक्छ । एकले अर्कालाई दोष नलगाई काम गरौं भन्ने तर मौका पर्ना साथ दोष लगाउने नगरौं । सरोकारवाला सम्बन्धित निकायले आवश्यक समन्वय गरेर सडक सवारी र यात्रुको असुरक्षा हुन नदिऔं । सडक दुर्घटनामा अर्कोले ज्यान बचाइदेला भन्दा पनि पहिला आफैं सचेत भएर सडक मार्ग प्रयोग गरियो भने पक्कै हाम्रो दैनिकी आफै सहज बनाउन सकिनेमा दुईमत छैन । ♦♦♦

***रेडियो प्रहरी कार्यक्रम प्रत्येक सोमबार र बिहिबार बेलुकी ७:४५ बजे रेडियो नेपाल १०० मेगाहर्ज र नेपाल प्रहरीको वेभसाइट www.nepalpolice.gov.np मा समेत सुन्न सकिनेछ ।***

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३० साल अङ्क,३ को **त्रैमासिक पुलिस प्रकाशनमा** प्रकाशित प्र.नि.मोतिलाल बोहराद्वारा लिखित **'बढ्दो सवारी समस्या र ट्राफिक प्रहरी'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

– ***सम्पादक***

सर्वसाधारण जनताका जीउ धनको सुरक्षा गरी देशमा अमन चयन कायम राख्ने, समाज बिरोधी तत्वसंग कानूनी ढंगबाट मुकाविला गर्ने जुनसुकै देशको प्रहरीको मूल कर्तब्य हो । यस उद्देश्यको परिपालनकोलागि प्रहरी ब्यवस्थाका विभिन्न अंगहरूलाई अलग अलग जिम्मेवारी सुम्पिन आवश्यक हुंदा बाटोमा हुने क्षतिबाट जनसाधारणलाई बचाउने र सवारीको सुपरिचालनको अभिभारा सवारी नियन्त्रक प्रहरी (traffic Police) ले लिएको हुन्छ ।

आजको युग विज्ञानको युग हो, अन्तरिक्षको युग हो । मानव केही समय देखि चन्द्रलोकको यात्रा गर्न समर्थ छ र करोडौं मिल टाढा ब्रह्माण्डमा रहेको मंगलग्रहसम्म पुग्ने प्रयास गरी रहेको छ । यसरी विज्ञानले हर क्षेत्रमा दिन दुना रात चौगुना विकास गर्दैछ र मानव जातिलाई नयाँ-नयाँ बिषय वस्तु प्रदान गर्दैछ । जुनसुकै बस्तुको गुणको साथै दोष पनि टाँसिएको हुन्छ भन्ने उक्ति अनुसार एकातिर विज्ञानले द्रुतसे द्रुतगामी विभिन्न किसिमको सवारी साधन उपलव्ध गराई दिएको छ भने अर्कोतिर दुर्घटनाको बढ्दो संख्याले गर्दा सवारीहरूलाई नियंत्रण गर्ने समस्या पैदा गरी दिएको छ । वर्तमान बिश्वमा बढीरहेको सवारीको संख्याले प्रहरीलाई बैज्ञानिक ढंगबाट सवारी नियंत्रण गराउन वाध्य तुल्याएको छ । फलस्वरूप विभिन्न विकसित देशहरूमा बैज्ञानिक उपकरणहरूद्वारा ट्राफिक परिचालन हुनुको साथै अत्याधुनिक ढंगको बाटो, क्रसिंगहरू, संकेत चिन्हहरू, नियंत्रक बत्तीको निर्माणको साथै गतिमापक, भारमापक तथा नियंत्रक यन्त्रहरूको प्रयोग भैरहेको छ ।

**१. नेपाल ट्राफिक प्रहरी :–** आजको अन्तर्राष्ट्रीय जगतमा एक देशमा भएको उपलब्धि वा समस्याको प्रभाव अर्को राष्ट्रमा नपरी रहन सक्दैन । विज्ञानद्वारा प्रदत्त सवारी साधनको वहुसंख्या र त्यसबाट पैदा भएका समस्याहरूबाट नेपाल पनि बच्न सकेको छैन ।




**एकदिन एकजोडी बुढा बुढी घुम्दा घुम्दै पशुपतिनाथको मन्दिरमा पुगेछन् र बुढाले आफ्नी बुढीलाई भनेछ**

**बुढा :-** हेर बुढी ! यो भगवान बुद्धको मन्दिर हो ?

**बुढी :-** (तीन छक्क पर्दै) होइन, यो पशुपतिनाथको मन्दिर हो ।

**बुढा :-** (गाली गर्दै) तैले मलाई घुमाउन ल्याएको कि मैले तलाई ?

**विचरी बुढीले चुपचाप शहर घुमेर घर पुगेपछि रोटी पकाइन र आफ्नो बुढालाई बोलाएर बुढाको अगाडि राखिदिँदै भनिन् ।**

**बुढी :-** ल यो पुरी खानुस् ।

**बुढा :-**के रे यो पुरी ? यो त रोटी हो

**बुढी :-**(रिसाउदै) यो रोटी तिमीले पकाएको कि मैले ?

♦ ♦ ♦

**कृष्णः-** आज मैले ठूलो पुण्यको काम गरेनी साऱ्है खुसी लागिरहेको छ ।

**महेशः-** के गरिस् र त्यस्तो ?

**कृष्णः-** पोखरीमा एउटा माछा डुबिरहेको थियो, मैले त्यसको उद्धार गरेर जमिनमा राखिदिए, खुसी भएर उफ्रदै थियो, एक छिन पछि थाकेर त्यहीं निदायो ।

♦ ♦ ♦

**काले आफ्नो श्रमितीलाई अंग्रेजी सिकाईरहेको थियो । एक दिन विहान उसकी श्रीमतीले खानेकुरा दिँदै भनि यो लिनुस् डिनर ।**

**कालेः-**(रिसले चुर हुँदै) अनपढ तलाईं जति सिकाए पनि काम लागेन । विहानको समयमा ब्रेक फास्ट खाइन्छ ।

**श्रीमतीः-**अनपढ त तिमी हौ, यो हिजो बेलुकाको खाना हो । चुप लागेर खाउ ।

**सङ्कलनः- प्र.स.नि.शरणजंग भण्डारी**

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.स २०४१ चैत १५ गते नेपाल पुलिस स्कुल बेलचौतारा तनहुँको स्थापना भएको थियो ।
- वि.स २०४२ वैशाख ३ गते नेपाल पुलिस स्कुल धनगढी कैलालीको स्थापना भएको थियो ।
- वि.स २०५१ पुष २६ गते अमर प्रहरीको सम्मानमा प्रहरी प्रधान कार्यालयमा प्रहरी स्मारकको स्थापना भएको थियो ।
- वि.स २०५२ सालबाट प्रहरी दिवस मनाउने परम्पराको थालनी गरिएको थियो ।
- वि.स २०७५ चैत १४ गते नेपाल पुलिस स्कुल विरेन्द्रनगर सुर्खेतको स्थापना भएको थियो ।

**सङ्कलनःप्र.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



नेपाल सरकार विरुद्ध दल बहादुर तामाङ, मुद्दाः- जबरजस्ती करणी (ने.का.प.२०७८, अंक १०, निर्णय नं.१०५९४) महिलाहरूउपर हुने कुनै प्रकारको हिंसा, बलात्कारजन्य कुकृत्यप्रति न्यायिक संवेदनशीलता देखाउन अत्यन्त आवश्यक हुन्छ । कानूनले समेत महिलाविरूद्ध हुने हिंसा नियन्त्रण गर्ने अभिप्रायले विभिन्न संरक्षणात्मक प्रावधानहरू व्यवस्थित गरेको पाइन्छ । तथापि यी विषयहरूलाई न्यायको मूल अपेक्षा वा सम्भावित न्यायिक प्रक्रिया दुरूपयोगको अवस्थातर्फ दृष्टि नपुऱ्याई एक पक्षीय ढङ्गबाट मुद्दाको सुरूवातमा दिएको जाहेरी वा उजुरीलाई नै निश्चयात्मक प्रमाणको रूपमा मान्यता दिई कुनै व्यक्तिलाई दोषी ठहर गर्दा अन्यायपूर्ण अवस्था परिणामले प्रश्रय पाउन सक्छ । यस्तो अन्यायपूर्ण र विभेदकारी अवस्था पैदा नहोस् भन्ने मान्यतालाई आत्मसाथ गरेर फौजदारी न्यायका आधारभूत मान्यताहरू अनुकूल हुने गरी न्याय निरूपण गर्नु वाञ्छनीय देखिने ।

**प्रमिला मगरको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी मोहन घले मगर, मुद्दाः- कर्तव्य ज्यान (ने.का.प.२०७७, अंक १२, निर्णय नं.१०६१८)**

मृतकको शव परीक्षण गर्ने डाक्टरले कुनै आधार कारण नखुलाई मृत्युको कारण Opinion on Cause of Death Hanging भनी उल्लेख गरेको शव परीक्षण प्रतिवेदनलाई मात्र आधार मानी मृतकले झुन्डिएर आत्महत्या गरेको भनी निष्कर्षमा पुग्न नसकिने । विशेषज्ञको राय, आधार र कारण अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि भएमा मात्र त्यस्तो रायलाई प्रमाणमा लिन मिल्ने ।

**कपिलमणि रेग्मीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी पारस भनिने अभिषेक कोइराला, मुद्दाः- कर्तव्य ज्यान (ने.का.प.२०७७, अंक १२, निर्णय नं.१०६१४)**

मानसिक रोगी भए पनि अभियुक्त/प्रतिवादी होसमा रहेको वा भएको घटनाको बारेमा बताउन सक्ने वा होसपूर्वक बयान दिन सक्ने वा आफूले घटाएको घटना गलत भनेर बुझ्न सक्ने अवस्थामा रहेको वा घटना घटाई त्यसको परिणाम थाहा पाई सोबाट बच्ने होसपूर्वकको प्रयास गरेको स्थितिमा यस्तो अवस्थालाई कानूनको प्रयोजनका लागि मानसिक अस्वस्थता नमानिने र अपराधबाट उन्मुक्ति दिन नसकिने ।

**सङ्कलनः प्र.स.नि.जनक आचार्य**